सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ फागुन २०८२, बिहीबार (5 March 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जेन–जी विद्रोहपछिको जननिर्णय आज

२३-२४ भदौको जेन-जी विद्रोह र प्रतिनिधिसभा विघटनपछिको पहिलो मतपरीक्षाले ६ हजार ५४० उम्मेदवारबारे निर्णय गर्ने मात्र होइन, देशको भावी मार्गचित्र कोर्दै लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्नेछ

■ बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान, ६८-७० प्रतिशत मत खस्ने अनुमान

■ निर्वाचन तयारीबारे कार्यवाहक प्रमुख आयुक्त **रामप्रसाद भण्डारी** भन्छन्-



निर्वाचन सञ्चालन तथा व्यवस्थासम्बन्धी सबै कार्य पूरा भएको छ। मतदाताले निर्वाध रूपमा आफूलाई मन परेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न पाउने गरी शान्तिसुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएको छ।


कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी विद्रोहले उथलपुथल राजनीति र प्रतिनिधिसभा विघटनको पृष्ठभूमिमा आज देशमा पहिलो जननिर्णय हुँदै छ। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुँदै छ। कडा सुरक्षा, हवाई गस्ती र व्यापक अनुगमनबिच हुने निर्वाचनले ६ हजार ५४० उम्मेदवारबारे निर्णय गर्ने मात्र होइन, देशको भविष्यको मार्गचित्रसमेत कोर्नेछ। मतपरिणामले आन्दोलनपछिको शक्ति सन्तुलन, नेतृत्वको वैधता र लोकतन्त्रको दिशाबारे पनि स्पष्ट सन्देश दिनेछ।

मतदाताले प्रतिस्पर्धामा रहेका ६ हजार ५४० उम्मेदवारमध्ये प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी २७५ सदस्य चुन्नेछन्। अन्तिम नामावलीमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेकामा निर्वाचन आयोगले ६८-७० प्रतिशत मत खस्ने र ९९ प्रतिशत मत सदर हुने अपेक्षा गरेको छ। मतदानका लागि आवश्यक मतपत्र, मतपेटिका तथा अन्य निर्वाचन सामग्री सबै मतदान केन्द्रमा पुऱ्याइसकिएको आयोगले जनाएको छ।

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले बुधबार पत्रकार सम्मेलन गरी मतदान केन्द्रहरूको निर्माण, व्यवस्थापन, पहुँच व्यवस्थापन, लैंगिक-अपांगमैत्री व्यवस्था तथा कर्मचारी परिचालनलगायतका

» पृष्ठ २ मा क्रमशः



• **प्रत्यक्ष निर्वाचन क्षेत्र १६५** • **समानुपातिक सिट ११०** • **जम्मा सिट २७५**

६५ दल (प्रत्यक्ष)
६३ दल (समानुपातिक)

उम्मेदवार प्रत्यक्ष		समानुपातिक
३८८	महिला	१,३६३
३,०१६	पुरुष	१,७७२
१	अन्य	०
३,४०५	जम्मा	३,१३५

उम्मेदवारको समावेशी विवरण

३४.५०%	खस आर्य
२७.३०%	आदिवासी/जनजाति
२४.८७%	मधेशी
६.७५%	दलित
३.९९%	मुस्लिम
२.५८%	थारू

• **निर्वाचन बजेट** : १७ अर्ब ३३ करोड




मतदान केन्द्र र मतदानस्थल

• मतदानस्थल : १०,९६७
• मतदान केन्द्र : २३,११२
• अस्थायी मतदान स्थल : १४३



कर्मचारी
२,१३,०००
मुख्य निर्वाचन अधिकृत ७७



कुल मतपत्र
४,२२,५१,२००
प्रत्यक्ष : २,०३,२३,०००
समानुपातिक : २,०८,३०,०००
नमुना : १०,९८,२००



■ आजै साँझदेखि मतगणना
१० दिनभित्र सबै परिणाम

मतदान सकिएर मतपेटिका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई बुझाइसकेपछि दलहरूको समन्वयमा मतगणना प्रारम्भ हुनेछ। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले काठमाडौं उपत्यका र प्रदेश राजधानीलगायत सुगम ठाउँमा साँझ नै मतगणना सुरु हुने बताए। 'दुर्गम र सर्वदलीय सहमति हुन सकेका ठाउँमा भोलिपल्ट बिहान गणना कार्य सुरु हुन्छ,' उनले भने। मतगणनास्थलमा सिसिक्यामेरा जडान गरिएको छ। तर, तारजालीलाई आयोगले अनिवार्य गरेको छैन। 'तारजाली निर्वाचन अधिकृतले आवश्यकताअनुसार प्रयोग गर्न सक्छन्,' भण्डारीले भने। आयोगले मतदान सम्पन्न भएपछि १० दिनभित्र सबै परिणाम दिने योजना बनाएको छ। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले ढिलोमा फागुन मसान्तभित्रै सबै परिणाम आउने र चैत दोस्रो साता राष्ट्रपतिलाई परिणामसहित प्रतिवेदन बुझाउने बताए। आयोगले प्रत्यक्षको तीन दिन र त्यसको पाँच दिनभित्र समानुपातिक मतगणना सकेर प्रतिवेदनलाई अन्तिम रूप दिने तयारी छ।

■ यस्तो छ मतपेटिकाको सुरक्षा व्यवस्था

मतदान सकिएपछि मतदान केन्द्रबाट मतपेटिकालाई सुरक्षा घेरामा गणनास्थल लगिनेछ। १६५ मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयले गणनास्थल तोकेका छन्। मतपेटिका निर्वाचन अधिकृतलाई नबुझाएसम्म सुरक्षाकर्मीलाई सुरक्षाको जिम्मा लगाए मतदान अधिकृत मतपेटिकासँगै गणनास्थलसम्म जानेछन्। मतदान अधिकृत, दलका प्रतिनिधिसहित सुरक्षा टोली गृह मन्त्रालयको सुरक्षा योजनाअनुसार खटिनेछन्।

■ उपत्यकाका १८ केन्द्रमा
विदेशी पाहुना पुग्ने, पाँच हजार पर्यवेक्षक

आयोगका सहसचिव ज्ञानहरि घिमिरेका अनुसार आठवटा देशका प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरू निर्वाचन अवलोकन गर्न नेपाल आएका छन्। माल्दिभ्स र श्रीलंकाका प्रमुख आयुक्त आएका छन्। भारत र पाकिस्तानले भने पाहुना पठाएनन्, दूतावासकै प्रतिनिधि खटाउने भएका छन्। यसबाहेक भुटान, बंगलादेश, मलेसिया, इन्डोनेसिया, जापान र रसियाबाट निर्वाचन आयुक्तहरू आएका छन्। उनीहरूलाई कार्यवाहक प्रमुख आयुक्त भण्डारीले ब्रिफिङ गरिसकेका छन्। विदेशी पाहुनाले उपत्यकाका १८ मतदानस्थलको अनुगमन गर्ने सहसचिव घिमिरेले बताए। विदेशी पाहुनाहरूलाई तीन समूहमा विभाजन गरेर ६/६ वटा मतदानस्थलको अवलोकन गराइनेछ। मतदानका क्रममा ३९ वटा राष्ट्रिय संस्था र चारवटा अन्तर्राष्ट्रिय संस्थाबाट करिब पाँच हजारजनाले पर्यवेक्षण गर्दै छन्। नेपालस्थित सबै कूटनीतिक नियोगहरूबाट समेत मतदानको अवलोकन गर्दै छन्। दिल्लीबाट नेपाल हेर्ने आठ नियोगका प्रतिनिधिले पनि अवलोकन गर्नेछन्।

■ तयार भए मतदानस्थल



काठमाडौंको डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रम माविमा मतदानका लागि तयार बुथ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

संवेदनशील मतदान क्षेत्रमा हेलिकोप्टरबाट पनि गस्ती, जिल्लादेखि केन्द्रसम्म रिजर्भ फोर्स

नयाँ पत्रिका

दैनिक समीक्षा, अन्तरनिकाय समन्वय र जोखिम विश्लेषणमा आधारित कडा सुरक्षा घेराबिच देशभर मतदान हुँदै छ। तीन लाख ३८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन, संवेदनशील क्षेत्रमा हेलिकोप्टर गस्ती, जिल्लादेखि केन्द्रसम्म रिजर्भ फोर्स र प्रविधिमैत्री 'लाइभ' निगरानी प्रणालीमार्फत सुरक्षा व्यवस्था कडाइ गरिएको गृह मन्त्रालयले जनाएको छ।

मनोनयनदेखि मौन अवधिसम्म छिटपुट घटनाबाहेक कुनै गम्भीर निर्वाचनविरोधी गतिविधि नभएको मन्त्रालयको भनाइ छ। निर्वाचन सुरक्षा तयारी विगतको तुलनामा थप चुस्त र समन्वयात्मक रहेको गृह मन्त्रालयले बताएको छ। मतदानको अघिल्लो दिन केही ठाउँमा सामान्य तनाव देखिएका छन्।

» पृष्ठ २ मा क्रमशः



झापा दमकमा संयुक्त गस्ती गर्दै सुरक्षा निकाय।

मतदान अवधिभर नेपाली सेनाले हेलिकोप्टरबाट समेत गस्ती गर्ने भएको छ। बुधबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले संवेदनशील तथा दुर्गम क्षेत्रमा हेलिकोप्टरमार्फत गस्ती गर्ने निर्णय गरेको हो। हरेक निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरी र सेनाले बेस बनाएर नियमित गस्ती गरिरहेका छन्। कतै समस्या आए तत्काल खटिन काठमाडौंसहित इटहरी, पोखरा र सुर्खेतमा सेनाको हेलिकोप्टर तयारी अवस्थामा राखिएको छ। निजी हेलिकोप्टर पनि प्रयोग गर्ने सरकारको तयारी छ। त्यस्तै, समस्या आए थप मद्दतका लागि खटिन नेपाल प्रहरीले पनि जिल्लादेखि केन्द्रसम्म रिजर्भ फोर्स राखेको छ। केन्द्र, प्रदेश र जिल्लामा दुई-दुईवटा रिजर्भ फोर्स तयारी अवस्थामा राखिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

■ ६१ स्थानबाट हेलिकोप्टरमार्फत मतपेटिका संकलन हुने

बिहीबार निर्वाचन सम्पन्न भएपछि ६१ स्थानबाट हेलिकोप्टरमार्फत मतपेटिका संकलन गरिने भएको छ। गृह मन्त्रालयका अनुसार दुर्गम क्षेत्रका करिब एक सय मतदानस्थलको मतपेटिका हेलिकोप्टरमार्फत ढुवानी गरी मतगणनास्थलमा लगिनेछ। मतदान अधिकृतकै नेतृत्व र सुरक्षाकर्मीको सुरक्षा घेरामा यसरी मतपेटिका संकलन गरिने गृह मन्त्रालयकी सहायक प्रवक्ता रमा आचार्य सुवेदीले बताइन्। '१५ जिल्लाका ६१ स्थानबाट हेलिकोप्टरमार्फत मतपेटिका संकलन गरिनेछ,' उनले भनिन्, 'आवश्यकता परेमा थप क्षेत्रको पनि हेलिकोप्टरमार्फत नै संकलनका लागि तयारी अवस्थामा छौं।'

शीर्ष नेताहरूले कहाँबाट गर्दै छन् मतदान ?

■ राष्ट्रपति पौडेलले भोट नहाल्ने, काठमाडौं ५ बाट मत दिँदै प्रधानमन्त्री कार्की





राष्ट्रपति रामचन्द्र पौडेलले यसपालि मतदान नगर्ने भएका छन्। राष्ट्रको अभिभावक र संविधानको पालक भएकाले कसैको पक्ष लिनु उचित नहुने भन्दै राष्ट्रपतिले मतदान नगर्ने निर्णय लिएको उनका प्रेस सल्लाहकार किरण पोखरेलले बताए। प्रधानमन्त्री सुशीला कार्कीले भने काठमाडौं ५ अन्तर्गत टोखा नगरपालिकाको धापासीबाट मतदान गर्ने प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले जानकारी दिए।

■ सिंगो देश मतदानमा, देउवा सिंगापुरमा



कांग्रेस पूर्वसभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा यसपालि मतदानमै सहभागी नहुने भएका छन्। जेन-जी आन्दोलनपछि भएको पार्टीको विशेष महाधिवेशनले नेतृत्वबाट हटाएपछि असन्तुष्ट देउवा चुनावको मुखमा उपचारका लागि भन्दै सिंगापुर गएका छन्। यसअघि डडेलधुराबाट निरन्तर चुनाव जितेर आएका देउवाले गन्यापधुरा गाउँपालिकाको रुवाखोलास्थित असिग्राम माविमा मतदान केन्द्र (ख)बाट मतदान गर्थे। उनको मतदाता नामावली त्यहीं छ।

प्रेम गौतम/नयाँ पत्रिका

दलका शीर्ष नेताहरू मतदानका लागि आ-आफ्नो मतदाता नामावली भएको क्षेत्रमा पुगेका छन्। तर, मतदाता नामावली भएको ठाउँभन्दा फरक क्षेत्रबाट उम्मेदवारी दिएका कारण ६ शीर्ष नेताले आफैंलाई मत दिन पाउँदैनन्।

» पृष्ठ २ मा क्रमशः

■ यी ६ शीर्ष नेताले आफैंलाई हाल्न पाउँदैनन् भोट, तर गर्दै छन् मतदान



• गगन थापा

कांग्रेस सभापति थापाले काठमाडौं ४ को मैतीदेवी मन्दिरस्थित मतदान केन्द्रबाट भोट हाल्दै छन्। तर, उनले आफूलाई मत दिन पाउँदैनन्। उनी यसपालि सर्लाही ४ बाट उम्मेदवार छन्।



केपी ओली

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले भक्तपुर २ को बालकोटस्थित महेन्द्र शान्ति स्कुल केन्द्रबाट मतदान गर्नेछन्। तर, उनको उम्मेदवारी झापा ५ मा भएकाले आफैंलाई भोट दिन पाउँदैनन्।



पुष्पकमल दाहाल प्रचण्ड

नेकपा संयोजक एवं पूर्वप्रधानमन्त्री प्रचण्डको उम्मेदवारी रुकुम पूर्वबाट भए पनि उनको मतदाता नामावली भने चितवन ३ मा छ। मतदान गर्न प्रचण्ड बुधबारै चितवन पुगिसकेका छन्।



रवि लामिछाने

चितवन २ बाट उम्मेदवारी दिएका रास्वपा सभापति लामिछानेको मतदाता नामावली भने काठमाडौं ३ मा छ। उनले महांकालचौरीस्थित मतदान केन्द्रबाट भोट हाल्ने सचिवालयले जनाएको छ।



बालेन्द्र शाह

झापा ५ बाट उम्मेदवार रहेका रास्वपा वरिष्ठ नेता शाहको पनि मतदाता नामावली काठमाडौं २ मा छ। सिनामंगलस्थित अन्नपूर्ण स्कुलबाट मतदान गर्ने उनले आफूलाई भने भोट दिन पाउँदैनन्।



उपेन्द्र यादव

जसपा नेपालका अध्यक्ष यादव पनि आफैंलाई भोट दिन नपाउने नेता हुन्। उनको उम्मेदवारी सप्तरी ३ बाट छ भने मतदाता नामावली मोरङ ५ मा छ। यादवले मोरङ गएर मतदान गर्ने सचिवालयले जनाएको छ।

मतदातासूचीमा नाम भएको क्षेत्रबाट उठेका छन् यी नेता

एमाले उपाध्यक्ष विष्णु पौडेलले बुटवलस्थित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयस्थित मतदान केन्द्रबाट भोट खसाल्दै छन्। उनको उम्मेदवारी यही क्षेत्र समेट्ने रुपन्देही २ मा भएकाले आफूलाई भोट दिन पाउँछन्। एमालेकै महासचिव शंकर पोखरेलले दाङको तुलसीपुर- १९, बिजौरीस्थित जनता विद्यापीठ मतदान केन्द्रबाट भोट हाल्दै छन्। उनको उम्मेदवारी यही क्षेत्र समेट्ने दाङ २ मा भएकाले आफूलाई भोट दिन पाउँछन्। एमालेका पूर्वबरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उम्मेदवारी दिएको क्षेत्र काठमाडौं ५ मा पर्ने टोखा नगरपालिका- ५ स्थित वडा कार्यालयबाट मतदान गर्दै छन्। उनले पनि आफूलाई मतदान गर्न पाउँछन्। त्यस्तै, नेकपाका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि उम्मेदवारी दिएकै क्षेत्रमा मतदाता नामावली भएकाले आफूलाई भोट दिन पाउँछन्। उनी रौतहट १ बाट उम्मेदवार छन्। नेपाल बिहीबार दिनभर आफ्नै क्षेत्रमा रहने स्वकीय सचिव लक्ष्मण रेग्मीले जानकारी दिए। झापा ३ बाट उम्मेदवारी दिएका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले यसै क्षेत्रअन्तर्गतको हल्दीबारी- १ स्थित मतदान केन्द्रबाट आफैंलाई मत हाल्दै छन्।

अधिकांश मतदानस्थल सामुदायिक विद्यालयमा

फराकिलो ठाउँ र पायक पर्ने भएकाले अधिकांश विद्यालय निर्वाचनमा प्रयोग

काठमाडौं/ विगतका निर्वाचनमा झैं यसपटक पनि सामुदायिक विद्यालयहरूमै अधिकांश मतदानस्थल बनाइएका छन्। मतदानका लागि उपयुक्त संरचना विद्यालयमै हुने भएकाले मतदानस्थल बनाइएको हो।

विद्यालयबाहेक वडा तथा अन्य सरकारी कार्यालयलाई पनि मतदानस्थल बनाउने गरिन्छ। तर, विद्यालयमा फराकिलो ठाउँ र पायक पर्ने भएकाले अधिकांश मतदानस्थल विद्यालयमै बनाइएको छ।

देशभर १० हजार ९६७ मतदानस्थल र २३ हजार ११२ केन्द्र छन्। तीमध्ये झन्डै आधा मतदानस्थल विद्यालय नै भएको निर्वाचन आयोगले जनाएको छ। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे निर्वाचनका लागि विद्यालयको संरचना र वातावरण उचित मानिएकाले अधिकांश ठाउँमा विद्यालयलाई नै मतदानस्थल बनाइएको बताउँछन्।


'ठ्याक्कै कति विद्यालयलाई मतदानस्थल बनाइएको छ भन्ने तथ्यांक छुट्याएका त छैनौं, तर, विद्यालय संरचना खुला तथा

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मध्यपूर्व तनाव

नेपालीको उद्धारमा सरकारलाई सघाउने एनआरएनएको वचन



मध्यपूर्वका नेपालीको अवस्थाबारे परराष्ट्रसचिव अमृतबहादुर राईलाई भेटेर सरकारको ध्यानाकर्षण गराउँदै एनआरएनए अध्यक्ष बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डल ।

नयाँ पत्रिका

पश्चिम एसिया (मध्यपूर्व)मा रहेका नेपाली नागरिकको सुरक्षा तथा आपत् कालीन समन्वयका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए)ले चासो देखाएको छ। संघका अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले बुधबार परराष्ट्रसचिव अमृतबहादुर राईसँगको भेटमा सरकारलाई उद्धारलगायत कार्यमा सहयोग गर्ने वचनबद्धता जनाएको हो ।

भेटमा अध्यक्ष केसीले मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिले त्यहाँ रहेका प्रमुख श्रम गन्तव्य मुलुकहरूमा त्रास र अनिश्चितताको अवस्था सिर्जना गरेको बताएका थिए । संघले नेपालीहरूको अवस्थाबारे बुझिरहेको पनि केसीको भनाइ थियो ।

कोरोना महामारीका समयमा पनि संघले मध्यपूर्वलगायत विभिन्न देशमा समस्यामा परेका नेपालीको सफल उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापनामा प्रभावकारी भूमिका निर्वाह गरेको र अब पनि सरकारलाई सहयोग गर्न पूर्ण तयार रहेको अध्यक्ष केसीले बताएका थिए । संघले परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा गैरआवासीय नेपाली संघबिच उच्चस्तरीय समन्वय स्थापनाको प्रस्ताव गरेको छ। अध्यक्ष केसीले यथाशीघ्र आपत्कालीन संयन्त्र स्थापनामा जोड दिएका थिए । आवश्यक परेमा नेपाल सरकार र संघको आफ्नै संयन्त्रमार्फत मध्यपूर्वमा रहेका नेपालीको उद्धार, सुरक्षित स्थानान्तरण तथा आवश्यक राहत व्यवस्थापनका लागि तत्काल पहल गर्न संघ तत्पर रहेको केसीको भनाइ थियो ।

परराष्ट्रसचिव राईले पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो परिस्थितिपछि त्यहाँ रहेका लाखौँ नेपालीको सुरक्षा र सम्भावित उद्धारका लागि नेपाल सरकारले 'च्यापिड एक्सन टिम' गठन गरी काम सुरु गरेको बताएका थिए । परराष्ट्रमन्त्रीस्तरीय निर्णयअनुसार परराष्ट्रसचिवको संयोजकत्वमा गठन गरिएको टिममा गैरआवासीय नेपाली संघलाई समेत समेटेर अघि बढाइने सचिव राईको भनाइ थियो । उक्त टिमले सम्बन्धित निकाय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्दै आवश्यक कदम चाल्नेछ । साथै, त्यहाँ रहेका नेपालीलाई नियमित सूचना र आवश्यक सहायता उपलब्ध गराउने व्यवस्था मिलाइएको पनि राईको भनाइ थियो । सरकारले अनलाइन पोर्टलमार्फत आफ्ना समस्या तथा जिज्ञासा जानकारी गराउन सक्ने व्यवस्था सुरु गरेको भन्दै राईले सरकार एनआरएनएसँग सहकार्यका लागि तयार रहेको पनि बताए ।

जेन-जी

पृष्ठ १ बाट क्रमशः

सम्पूर्ण कार्यहरू सम्पन्न भइसकेको बताए । साथै, उनले निर्धक्कसँग मतदान गर्न आममतदातालाई अपिल गरेका छन् । 'निर्वाचन सञ्चालन तथा व्यवस्थासम्बन्धी सबै कार्य पूरा भएको छ,' उनले भने, 'मतदाताले निर्वाध रूपमा आफूलाई मन परेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न पाउने गरी शान्तिसुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएको छ ।'

आयोगले मतदानमा सहभागी हुन अपिल गरेको छ । प्रवक्ता नारायण भट्टराईले विज्ञप्ति जारी गरेर निर्वाचन केवल आफ्ना प्रतिनिधि चुन्ने वा सरकार गठन गर्ने प्रक्रिया मात्र हैन लोकतन्त्रको वैधता नवीकरण गर्ने संवैधानिक अभ्याससमेत भएकाले लोकतन्त्रको सुदृढीकरणका लागि हुने मतदान नागरिकको अधिकार र दायित्व दुवै भएको उल्लेख गरिएको छ ।

'आफ्नो मताधिकार प्रयोग गर्नु संवैधानिक र कानुनी अधिकार मात्र हैन, लोकतन्त्रप्रतिको नागरिकको जिम्मेवारी हो । निर्वाचन भनेको नागरिकले आफ्ना प्रतिनिधि चुन्ने, सरकार निर्माण गर्ने र शासन सञ्चालनमा सहभागी हुने, कानुन निर्माण र राज्य सञ्चालन प्रक्रियामा अप्रत्यक्ष संलग्न हुने अवसर हो,' विज्ञप्तिमा भनिएको छ ।

यो प्रक्रियाको पूर्णताले मतदानमार्फत नागरिकले नीति, नेतृत्व र शासनको अभिव्यक्ति र समावेशी तथा उत्तरदायी राज्य निर्माणमा प्रत्यक्ष योगदान पुऱ्याउने भएकाले यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासमा उत्साहपूर्वक सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न सम्पूर्ण मतदातामा अपिल गरिएको छ ।

मतदानको दिन आयोगले देशभरिको संयन्त्रसँग समन्वय गर्छ । आयोगका रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी)ले मतदानका क्रममा आउन सक्ने जुनसुकै समस्यामा सहजीकरण गर्छ । थप जनशक्ति परिचालनको निर्णय, थप निर्वाचन सामग्री पठाउने, थप निकासा दिनेजस्ता निर्णय जेइओसीले गर्ने प्रवक्ता नारायण भट्टराईले बताए । आयोगले हरेक दुई घण्टामा मतदानको अपडेट दिनेछ ।

बुथको सुरक्षामा हवाई गस्ती हुनेछ । गुप्तचरबाट सूक्ष्म अनुगमन हुनेछ । विदेशी पाहुना र पर्यवेक्षकले पर्यवेक्षण गर्नेछन् । अनुमतिविना सवारी चलाउन पाइनेछैन । मतदानका कुनै पनि कार्यमा अवरोध गर्नेलाई 'अन द स्पट' कारबाही गरिनेछ ।

नेपालमा २०१५ सालदेखि संसदीय निर्वाचन हुँदै आएको छ । हरेक पाँच वर्षमा आवधिक निर्वाचन हुने गर्छ । तर, यसपटक मध्यावधि निर्वाचन हुँदै छ । जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचन मिति तोकिएको थियो ।

२३ हजार ११२ मतदान केन्द्र

मतदाताले १० हजार ९६७ मतदानस्थल तथा २३ हजार ११२ मतदान केन्द्रमा गएर मतदान गर्नेछन् । आयोगले कार्यस्थलमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिक र कैदीबन्दीको मतदानका लागि १४३ अस्थायी मतदान केन्द्रको व्यवस्था गरेको छ । एक लाख ८६ हजार १४२ अस्थायी मतदाताले समानुपातिकतर्फ दललाई मतदान गर्न पाउनेछन् ।

मतदान केन्द्रको नेतृत्व नासुदेखि उपसचिवसम्मले गरेका छन् । एउटा मतदान केन्द्रमा कम्तीमा ९ देखि १२ जनासम्म कर्मचारी खटिएका छन् । एउटा मतदान केन्द्रमा कम्तीमा १० जना सुरक्षाकर्मी (प्रहरी र म्यादी) खटिएका छन् ।

सशस्त्र प्रहरी र सेना बाहिरी घेरामा ब्याक फोर्सका रूपमा रहेको छ । मतदान केन्द्रमा कुल दुई लाख १५ हजार कर्मचारी खटिएका छन् ।

दुई मतपत्रमा मतदान गर्नुपर्ने

प्रतिनिधिसभा निर्वाचनमा मतदाताले आफ्नो स्वविवेकले दुई मतपत्रमा मतदान गर्नुपर्नेछ । प्रत्यक्ष र समानुपातिक गरी दुई मतपत्र हुनेछन् । हरेक मतदान केन्द्रमा दुइटा मतपेटिका हुनेछ । प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार मतपत्र र समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र गरी कुल चार करोड २२ लाख ५१ हजार दुई सय मतपत्र मतदान केन्द्र पुगिसकेको छ । मतपत्रका लागि करिब ४७ हजार मतपेटिकाको व्यवस्थापन गरिएको छ ।

उपत्यकाका १८ केन्द्रमा विदेशी पाहुना पुग्ने, पाँच हजार पर्यवेक्षक

आयोगका सहसचिव ज्ञानहरि घिमिरेका अनुसार आठवटा देशका प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरू निर्वाचन अवलोकन गर्न नेपाल आएका छन् । माल्दिभ्स र श्रीलंकाका प्रमुख आयुक्त आएका छन् । भारत र पाकिस्तानले भने पाहुना पठाएनन्, दूतावासकै प्रतिनिधि खटाउने भएको छ ।

यसबाहेक भुटान, बंगलादेश, मलेसिया, इन्डोनेसिया, जापान र रसियाबाट निर्वाचन आयुक्तहरू आएका छन् । उनीहरूलाई कार्यवाहक प्रमुख आयुक्त भण्डारीले ब्रिफिङ गरिसकेका छन् । विदेशी पाहुनाले उपत्यकाका १८ मतदानस्थलको अनुगमन गर्ने सहसचिव घिमिरेले बताए । विदेशी पाहुनाहरूलाई तीन समूहमा विभाजन गरेर ६/६ वटा मतदानस्थलको अवलोकन गराइनेछ ।

मतदानका क्रममा ३९ वटा राष्ट्रिय संस्था र ४ वटा अन्तर्राष्ट्रिय संस्थाबाट करिब पाँच हजारजनाले पर्यवेक्षण गर्दै छन् । नेपालस्थित सबै कूटनीतिक नियोगहरूबाट समेत मतदानको अवलोकन गर्दै छन् । दिल्लीबाट नेपाल हेर्ने ८ नियोगका प्रतिनिधिले पनि अवलोकन गर्नेछन् ।

मतदान गर्न चाहिने परिचयपत्र

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले ६ प्रकार का परिचयपत्रबाट मतदान गर्न पाउनेछन् । मतदाता परिचयपत्र, नागरिकता, राष्ट्रिय परिचयपत्र, जग्गाधनी प्रमाणपुर्जा, राहदानी र सवारीचालक अनुमतिपत्रले मतदान गर्न पाइनेछ । सञ्चारकर्मीको हकमा माथिका ६ वटै परिचयपत्र नभएको अवस्थामा सूचना विभागबाट जारी प्रेसपासमार्फत समेत मतदानको व्यवस्था मिलाइएको छ ।

सुरक्षा रणनीति

निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका कार्यहरू गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधिहरू रोक्न आयोगले कडा सुरक्षा प्रबन्ध मिलाएको छ । प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त सुरक्षाकर्मीको रिजर्भ फोर्सको व्यवस्था गरेको छ । निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्त मात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

आयोगले अतिसंवेदनशील मतदानस्थलमा हवाई गस्ती गरिने जनाएको छ । ०६४ देखि भएका घटनाहरू, अस्वाभाविक मतदान भएको आधारमा केही स्थललाई विशेष संवेदनशील सूचीमा राखेर हवाई गस्ती थालिएको हो । 'बुथ कब्जा, अस्वाभाविक मतदान भएका ठाउँमा हवाई गस्तीसहित सूक्ष्म निगरानी छ,' कार्यवाहक आयुक्त भण्डारीले भने । आयोगले सेनाका दुई ठुला हेलिकोप्टरबाट हवाई गस्ती गर्नेछ । 'ढुवानी नपुगेमा निजी पनि हायर गर्छौं,' उनले भने ।

निर्वाचनमा खटिए साढे पाँच लाख कर्मचारी र सुरक्षाकर्मी

निर्वाचनमा साढे पाँच लाख कर्मचारी र सुरक्षाकर्मी खटाइएको छ । निर्वाचन आयोगले मतदानको तयारीदेखि नतिजासम्मको निर्वाचनको सम्पूर्ण प्रक्रियामा सहभागी आवश्यक पर्ने कर्मचारी र सुरक्षाकर्मी खटाएको हो ।

निर्वाचन आयोगका अनुसार देशभरका २३ हजार ११२ निर्वाचन केन्द्रमा आवश्यक संख्यामा कर्मचारी र सुरक्षाकर्मी परिचालन गरिएको छ । असो जदेखि नै निर्वाचनको तयारीमा जुटेको आयोगले माघदेखि निर्वाचन प्रयोजनमा कर्मचारी र सुरक्षाकर्मीसमेत परिचालन गर्न थालेको थियो । निर्वाचन कार्यतालिकाअनुसार आयोगले निर्वाचन सम्पन्न गराउने गरी कर्मचारी र सुरक्षाकर्मी परिचालन गरेको थियो ।

आयोगका अनुसार चुनावमा साढे पाँच लाख सुरक्षाकर्मी तथा कर्मचारी परिचालित भएका छन् । जसमध्ये७९ हजार ७२७ सेना, ७५ हजार ४९७ नेपाल प्रहरी, ३४ हजार ५७६ सशस्त्र प्रहरी, एक हजार ९२१ राष्ट्रिय अनुसन्धानका कर्मचारी, एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी र दुई लाख १३ हजार निजामती कर्मचारी छन् । मतदान गर्नेहरूको संख्या, उक्त स्थानको संवेदनशीलतालगायत हेरेर कर्मचारी र सुरक्षाकर्मी खटाइएको छ ।

बिहीबार बिहान ७ बजेदेखि सुरु हुने मतदान साँझ ५ बजेसम्म हुनेछ । मतदान सकिएलगत्तै दुवै निर्वाचन प्रणालीतर्फको मतगणना प्रारम्भ हुने निर्वाचन कार्यतालिकामै तोकिएको छ । मतपेटिका संकलन भएपछि सर्वपक्षीय सहमतिका आधारमा स्थानीय परिवेश र सुरक्षा समितिसँगको छलफलका आधारमा मतगणना सुरु हुने आयोगको भनाइ छ ।

आज दिनभर पानी नपर्ने मौसम पूर्वानुमान

अधिकांश पहाडी क्षेत्रमा आंशिक बदली



बिहीबार दिनभर पानी नपर्ने जल तथा मौसम विज्ञान पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले बुलेटिन जारी गर्दै सुदूरपश्चिम, कर्णाली र मधेशको मौसम पूर्णतया सफा रहने तथा अन्य प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा आंशिक बदली भए पनि देशभर पानी नपर्ने जनाएको हो ।

महाशाखाले निर्वाचन अवधिभर मौसमको निरन्तर अनुगमन तथा विश्लेषण गरिरहेको जनाएको छ । मतदानको भोलिपल्ट शुक्रबार भने हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बदलीसहित हल्का वर्षा तथा हिमपातको सम्भावना आकलन गरेको छ । मधेशबाहेक सबै प्रदेशका पहाडी र हिमाली क्षेत्रका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको आकलन गरेको छ ।

निर्वाचन तयारीको ब्रिफिङ



बिहीबार हुने मतदानपूर्व प्रधानमन्त्री सुशीला कार्कीले बुधबार राष्ट्रपति भवन शीतलनिवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचन तयारीबारे ब्रिफिङ गरेकी छिन् ।

सबैसँग समन्वय र सहकार्य गर्दै छौं : सेना

काठमाडौं/ नेपाली सेनाले एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचनमा सबैसँग समन्वय र सहकार्य गरिरहेको प्रस्टीकरण दिएको छ । निर्वाचन सुरक्षित रूपमा सम्पन्न गर्न सेनाले गैरराजनीतिक चरित्र कायम राख्दै काम गर्दै आएको पनि सेनाले स्पष्ट पारेको छ ।

'नेपाल सरकारले प्रदान गरेको संविधानप्रदत्त एवं अन्य जिम्मेवारी नेपाली सेनाले सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा सदैव कुशलतापूर्वक सम्पन्न गरिरहेको सर्वविदितै छ,' सेनाले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आसन्न निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गर्न एकीकृत सुरक्षा योजनाअनुसार नेपाली सेनाले आफ्नो गैरराजनीतिक चरित्रलाई कायम राख्दै सरोकारवाला सबै निकायहरूसँग आवश्यक समन्वय र सहकार्यका साथ कार्य गरिरहेको स्पष्ट पार्न चाहन्छौं ।'

सेनाले बिहीबार प्रतिनिधिसभा निर्वाचनलाई निष्पक्ष र भयरहित तवरले सम्पन्न गराउन सबै सुरक्षा अंग एवं सरोकारवाला निकायहरू एकीकृत र समन्वयात्मक ढंगले कार्य गरिरहेको पनि जनाएको छ । सेनामाथि लाञ्छना लगाई सामाजिक सञ्जालहरूमा भ्रामक सूचना फैलाइएको भन्दै सेनाले त्यसमा विश्वास नगर्नसमेत आह्वान गरेको छ ।

संवेदनशील...

पृष्ठ १ बाट क्रमशः

स-साना विषयहरूसमेत केलाएर सुरक्षा योजना कार्यान्वयन गरिएको र सुरक्षा निकायहरूबिचको समन्वय विगतमा भन्दा राम्रो भएकाले यसपटक निर्वाचन तयारी शान्तिपूर्ण भएको गृहप्रवक्ता आनन्द काफ्लेले बताए । 'यसपटक सुरक्षाकर्मीको संख्या पनि धेरै परिचालन गरिएको छ, अनुगमन र निरीक्षणको पक्ष पनि बलियो रह्यो,' उनी भन्छन्, 'हामीले दैनिक बैठक बसेर सुरक्षाको समीक्षा गर्छौं, जसकारण विगतमा भन्दा सुरक्षा चुस्त भएको छ, निर्वाचनको दिनलाई पनि शान्तिपूर्ण बनाउने प्रयासमा छौं ।'

निर्वाचनको पूर्वसन्ध्यामा प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा बसेको केन्द्रीय सुरक्षा परिषद्को बैठकले पनि सुरक्षा अवस्थाको समीक्षा गरेको छ । साथै परिषद्ले निर्वाचन र निर्वाचनपछिका चुनौतीलाई समेत मध्यनजर गर्दै रणनीति तय गरेको छ ।

निर्वाचनमा यसपटक तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी खटिएका छन् । ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ४९७ नेपाल प्रहरी, ३४ हजार ५७६ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान विभाग र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी निर्वाचन सुरक्षामा खटिएका छन् ।

निर्वाचन शान्तिपूर्ण गर्न मतदानस्थलमा पनि यसपटक विगतमा भन्दा धेरै सुरक्षाकर्मी परिचालन गरिएको छ । अतिसंवेदनशील मतदानस्थलमा १३ जनासम्म सुरक्षाकर्मी खटिनेछन् । गृह मन्त्रालयले दुई हजार ८४५ मतदानस्थललाई सामान्य, चार हजार ४४२ मतदानस्थललाई संवेदनशील र तीन हजार ६८० मतदानस्थललाई अतिसंवेदनशीलको सूचीमा वर्गीकरण गरी त्यहीअनुसार सुरक्षा निकायको परिचालन गरेको छ ।

साथै संवेदनशील जिल्लामा वरिष्ठ प्रहरी अधिकृत खटिएका छन् । उपत्यकाका १५ निर्वाचन क्षेत्रमा एसपी तथा उपत्यकाबाहिर १५० निर्वाचन क्षेत्रमा डिएसपीको कमान्डमा प्रहरी खटाइएको छ । दोलखालगायत केही पहाडी जिल्लामा एसएसपीलाई खटाइएको छ ।

जिल्लादेखि केन्द्रसम्म रिजर्भ फोर्स

निर्वाचनमा कतै समस्या आएमा थप मद्दतका लागि खटिन नेपाल प्रहरीले जिल्लादेखि केन्द्रसम्म रिजर्भ फोर्स राखेको छ । केन्द्रमा एसपीको कमान्डमा दुईवटा रिजर्भ फोर्स राखिएको छ । प्रदेशमा वरिष्ठ अधिकृतको कमान्डमा र जिल्लामा पनि कम्तीमा दुईवटा यस्तो फौज तयारी अवस्थामा राखिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

हरेक मतदानस्थलको गतिविधि 'लाइभ' मनिटरिङ

हरेक मतदानस्थलको गतिविधि 'लाइभ' हुने गरी प्रहरी प्रधान कार्यालयले 'इलेक्सन म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम(इएमआइएस) सञ्चालनमा ल्याएको छ । निर्वाचन व्यवस्थित, छिटो र प्रविधिमैत्री बनाउन यो प्रणाली कार्यान्वयनमा ल्याइएको र देशभरिको मतदानस्थलको विवरण एकैपटक प्रधान कार्यालयबाट 'लाइभ' मनिटरिङ गर्न सकिने प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए ।

'निर्वाचन सुरक्षा तथा व्यवस्थापन थप व्यवस्थित एवं छिटो बनाउन नेपाल प्रहरीले आधुनिक प्रविधिको उच्चतम प्रयोग गरिरहेको छ । यसका आधारमा देशभरका सबै मतदानस्थलको सुरक्षा व्यवस्थापनबारे प्रहरी प्रधान कार्यालयस्थित कमान्ड सेन्टरबाट नै निगरानी गर्न र आवश्यकतानुसार कमान्ड सेन्टरबाट नै आवश्यक निर्देशन दिन सकिनेछ,' उनी भन्छन्, 'यसले निर्वाचनको समयमा मतदानस्थलको सुरक्षालाई थप मजबुत बनाउन सहयोग गरेको छ ।'

यसैगरी देशभर एआई फिचरसहित जडान भएका ७८६ वटा सिसिटिभीबाट निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी गतिविधिहरू कमान्ड सेन्टरबाटै नै प्रत्यक्ष निगरानी हुने प्रहरी प्रधान कार्यालयले जनाएको छ । त्यस्तै, सातवटा सीमा नाकाका २२ वटा, काठमाडौंभित्र मुख्य चेकप्वाइन्ट, चोक गरी सात सयवटा तथा काठमाडौंबाहिर विराटनगर र वीरगन्जमा ६४ वटा सिसिटिभी जडानसमेत गरेर निगरानी भइरहेको प्रहरीले जनाएको छ ।

दुई मतदान अधिकृत, एक प्रहरी र ११ निर्वाचन प्रहरीको ड्युटीका क्रममा निधन

निर्वाचनको जिम्मेवारीमा खटेका १४ जनाले ड्युटीकै क्रममा ज्यान गुमाएका छन् । दुई मतदान अधिकृत, एक प्रहरी र ११ जना निर्वाचन प्रहरीले ज्यान गुमाएका हुन् । धेरैजसोले दुर्घटनामा ज्यान गुमाएका छन् ।

गत सोमबार रामेछापको मन्थलीमा भएको दुर्घटनामा मतदान अधिकृत डोरप्रसाद घिमिरे र प्रहरीका असइ परशुराम यादवको मृत्यु भएको थियो । मतदान सामग्री बोकेर मतदानस्थलतर्फ जाँदै गरेको गाडी दुर्घटना हुँदा उनीहरूको मृत्यु भएको हो । त्यसमा अन्य सातजना घाइते भएका थिए । आइतबार मुस्ताङमा भएको दुर्घटनामा मतदान अधिकृत सुनील घतानेले ज्यान गुमाए । थासाङ गाउँपालिकामा भएको मोटरसाइकल दुर्घटनामा उनले ज्यान गुमाएका हुन् ।

त्यस्तै, विभिन्न कारणले ११ निर्वाचन प्रहरीले ज्यान गुमाएका छन् । बैतडीमा मात्र तीनजना निर्वाचन प्रहरीले ज्यान गुमाएका छन् । जसमध्ये एकजनाको भिरबाट लडेर मृत्यु भएको हो । २० माघमा प्रकाश चन्दको भिरबाट लडेर मृत्यु भएको हो । ११ फागुनमा राजेन्द्रप्रसाद भट्ट तथा ८ फागुनमा महादेव वडको एक्कासि बेहोस भएर मृत्यु भएको हो । मकवानपुर, कञ्चनपुर, रूपन्देही, बारा, महोत्तरी, नवलपरासी र रौतहटमा पनि निर्वाचन प्रहरीको विविध कारणले ड्युटीकै क्रममा मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

अधिकांश...

पृष्ठ १ बाट क्रमशः

फराकिलो स्थानमा भएकाले अधिकांश विद्यालयलाई नै मतदानस्थल बनाइएको छ,' उनले भने, 'निर्वाचन अवधिभर पठनपाठन बन्द हुने भएकोले विद्यालयलाई मतदानस्थल बनाइएको हो । मतदानकै दिन मतपेटीका मतगणनास्थलमा लैजाने भएकोले शुक्रबारदेखि नै विद्यालय खाली हुनेछन् ।' निर्वाचनमा प्रयोग गरेकै कारण विद्यालयमा पठनपाठन र शैक्षिक क्रियाकलापमा असर नपर्ने पनि आयोगले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय काठमाडौंका अनुसार काठमाडौंका १० निर्वाचन केन्द्रमा मात्रकै करिब दुई सय जति विद्यालयलाई मतदानस्थल बनाइएको छ । त्यस्तै, ललितपुरका तीन निर्वाचन क्षेत्रका लागि करिब एक सय विद्यालयलाई मतदानस्थल बनाइएको छ । ललितपुरका कोन्योसो, महांकाल र बागमती गाउँपालिकामा त सबैजसो निर्वाचनस्थल विद्यालय नै छन् । त्यस्तै, दुई निर्वाचन क्षेत्र रहेको भक्तपुरमा पनि ४८ विद्यालयलाई मतदानस्थलका रुपमा प्रयोग गरिएको छ ।

शीर्ष नेताहरूले...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस सभापति गगन थापाले काठमाडौं- ३०, मैतीदेवी मन्दिरस्थित मतदान केन्द्रबाट भोट हाल्दै छन् । तर, उनले आफूलाई मत दिन पाउँदैनन् । उनी यसपालि सर्लाही ४ बाट उम्मेदवार छन् । कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार थापा बुधबारै काठमाडौं आइपुगेका छन् ।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले झापाको मेचीनगर नगरपालिका-९ स्थित कविशिरोमणि मतदान केन्द्रबाट भोट हाल्नेछन् । उनी यसपालि उम्मेदवार भने छैनन् । कांग्रेसकै पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले सुर्खेतबाट मतदान गर्नेछन् । उनी पनि उम्मेदवार छैनन् । पूर्वसभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा भने मतदानमै सहभागी नहुने भएका छन् । डडेल्धुराको गन्यापधुरा गाउँपालिकाको रुवाखोलास्थित असिग्राम मावि मतदान केन्द्र (ख)बाट मतदान गर्दै आएका देउवा हाल उपचारका लागि सिंगापुरमा छन् ।

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीले भक्तपुरको बालकोटस्थित महेन्द्र शान्ति स्कुल केन्द्रबाट मतदान गर्नेछन् । तर, उनको उम्मेदवारी भने झापा ५ बाट छ । त्यसैले उनले पनि आफैंलाई भोट दिन पाउनेछैनन् । ओलीको सचिवालयका अनुसार बिहीबार दमकसहित केही मतदान केन्द्रको अनुगमन गरेर मात्रै उनी मतदानका लागि भक्तपुर आउने योजना छ । बिहान साढे ११ बजे मतदान गर्ने सचिवालयले जनाएको छ ।

त्यस्तै, एमाले उपाध्यक्ष विष्णु पौडेलले बुटवलस्थित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयस्थित मतदान केन्द्रबाट भोट खसाल्दै छन् । उनको उम्मेदवारी यही क्षेत्र समेट्ने रुपन्देही २ मा भएकाले आफूलाई भोट दिन पाउँछन् । एमालेकै महासचिव शंकर पोखरेलले दाङको तुलसीपुर- १९, बिजौरीस्थित जनता विद्यापीठ मतदान केन्द्रबाट भोट हाल्दै छन् । उनको उम्मेदवारी यही क्षेत्र समेट्ने दाङ २ मा भएकाले आफूलाई भोट दिन पाउँछन् । त्यस्तै, एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उम्मेदवारी दिएको क्षेत्र काठमाडौं ५ मा पर्ने टोखा नगरपालिका- ५ स्थित वडा कार्यालयबाट मतदान गर्दै छन् । उनले पनि आफूलाई मतदान गर्न पाउँछन् ।

नेकपा संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उम्मेदवारी रुकुम पूर्वबाट भए पनि उनको मतदाता नामावली भने चितवन ३ मा छ । जहाँ उनकी छोरीसमेत रहेकी भरतपुर महानगरपालिकाकी पूर्वमेयर रेनु दाहाल उम्मेदवार छिन् । प्रचण्ड बुधबारै चितवन पुगिसकेका छन् । बिहीबार मत दिएर रुकुम पूर्व जाने कार्यक्रम तय भएको प्रचण्डका प्रमुख स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिए ।

नेकपाकै सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको भने उम्मेदवारी दिएकै क्षेत्रमा मतदाता नामावली भएकाले आफूलाई भोट दिन पाउँछन् । उनी रौतहट १ बाट उम्मेदवार छन् । नेपाल बिहीबार दिनभर आफ्नै क्षेत्रमा रहने स्वकीय सचिव लक्ष्मण रेग्मीले जानकारी दिए । नेकपाकै सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खानालले इलाम १ नम्बर क्षेत्रमा पर्ने सूर्योदय नगरपालिका- ९ स्थित रम्भोग मतदान केन्द्रबाट भोट हाल्ने स्वकीय सचिव कृष्ण भट्टराईले बताए । खनाल यसपालि चुनावी प्रतिस्पर्धामा भने छैनन् ।

नेकपाका अर्का नेता नारायणकाजी श्रेष्ठको उम्मेदवारी सर्लाही ३ मा छ । तर, उनको मतदाता नामावली गोरखा २ मा छ । श्रेष्ठ मतदानका दिन सर्लाही ३ मै रहने उनको निर्वाचन परिचालनमा खटिएकी पार्टी केन्द्रीय सदस्य आरती लामाले बताइन् । नेकपा प्रचार संयोजक एवं पूर्वसभामुख अग्नि सापकोटाले भने सिन्धुपाल्चोकबाट मतदान गर्ने भएका छन् । उनको मतदाता नामावली सिन्धुपाल्चोक १ मा छ । चुनावमा उम्मेदवारी नदिएका उनी मतदानका लागि सिन्धुपाल्चोक पुगिसकेका छन् । 'म सिन्धुपाल्चोक आइसकेको छु, यहीँबाट मतदान गर्दै छु,' सापकोटाले भने ।

रास्वपा सभापति रवि लामिछानेले चितवन २ बाट उम्मेदवारी दिएका छन्, तर उनको मतदाता नामावली काठमाडौं ३ मा छ । त्यसैले उनले आफैंलाई भोट दिन पाउँदैनन् । लामिछानेको सचिवालयका अनुसार उनले बिहान ७ बजे काठमाडौंको महांकालचौरस्थित उपत्यका खानेपानी लिमिटेड मतदान केन्द्रबाट मतदान गर्नेछन् ।

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले पनि आफूलाई भोट दिन पाउनेछैनन् । झापा ५ बाट उम्मेदवार रहेका उनको मतदाता नामावली काठमाडौं २ मा छ । बालेनले सिनामंगलस्थित अन्नपूर्ण स्कुलमा रहेको मतदान केन्द्रबाट बिहान ७ बजे मतदान गर्ने उनको सचिवालयले जनाएको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि आफैंलाई भोट दिन नपाउने नेता हुन् । उनको उम्मेदवारी सप्तरी ३ बाट छ भने मतदाता नामावली मोरङ ५ मा छ । तर, उनले मतदान भने गर्ने पार्टी सचिव शैलेन्द्र शाहले जानकारी दिए । मतदान गरेर सप्तरी ३ फर्किने उनले बताए ।

झापा ३ बाट उम्मेदवारी दिएका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने आफैंलाई मत दिन पाउनेछन् । उनले हल्दीबारी- १ स्थित मतदान केन्द्रबाट मत हाल्दै छन् ।

नौ लाख २० हजार बाहिरिँदा सुनसान काठमाडौं

काठमाडौंको ठुलो जनसंख्या अस्थायी बसोबासी छ, चुनावसँगै होलीका कारण सार्वजनिक बिदा लम्बिँदा मतदानका लागि गृहजिल्ला जाने बढे



सुन्धाराअगाडि सडकको बुधबार दिउँसोको दृश्य । तस्बिर : अमुल थापा/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

देश चुनावको उत्सवमा रहेका वेला काठमाडौं उपत्यकाका सडक भने सुनसान बनेका छन् । एक साताभा सवा नौ लाख काठमाडौं उपत्यकाबाट बाहिरिनुका साथै सार्वजनिक बिदाका कारण सडकको मुभमेन्ट घटेको हो ।

मतदाता नामावली रहेको गृहजिल्लामा मतदान गर्न फर्कँदा बजार, सडक र चोक खालीजस्ता देखिएका छन् भने सार्वजनिक बिदाका कारण सरकारी कार्यालय, विद्यालय, कलेज बन्द हुनुका साथै व्यापारिक केन्द्र, मल, पसल आंशिक रूपमा बन्द हुँदा दैनिक आवागमन घटेको हो ।

यसपटक चुनावको चार दिनअघि होली पर्व पर्नुका साथै चुनावलगत्तै नारी दिवसको बिदा रहेकाले स्कुल, कलेजमा एक साता बिदा भयो भने सार्वजनिक बिदा लम्बिएको छ । यही अवसरमा आफ्नो मतदाता नामावली रहेको गृहजिल्लामा मतदान गर्न मतदाता फर्किएका हुन् । खासगरी, काठमाडौं उपत्यकासहित सहरी क्षेत्र, प्रदेश राजधानी र जिल्ला सदरमुकाममा रोजगारी, व्यवसाय तथा अध्ययनका सिलसिलामा अस्थायी बसोबासीको संख्या उल्लेख्य छ । पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया पनि मतदान गर्नुपर्छ भने बुझाइ बढेको बताउँछन् । 'चुनावलाई एउटा पर्वकै रूपमा लिएर यसअघि पनि मानिस बाहिरिन्थे । तर, यसअघिका चुनावजस्तो यसपटक धेरै नाराजुलुस भएन । मानिस गाउँगाउँ पुगेका छन्, ' उनले भने, 'मौसन पनि राम्रो भयो । अर्को कुरा मतदान गर्नुपर्छ भने बुझाइ बढेको लाग्छ ।'

१४ फागुनयता बुधबारसम्म दैनिक सरदर पाँचदेखि ६ हजार यात्रुवाहक सवारीसाधन उपत्यकाबाट बाहिरिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले बताए । यो हिसाबअनुसार बुधबार रातिसम्म नौ लाख २० हजार यात्रुले उपत्यका छाडेका छन् । 'बुधबार मध्यरातिपछि सवारीसाधन चलाउन रोक लगाइएकाले लामो दूरीका गाडी मंगलबार नै छुटिसकेका थिए । बुधबार मध्यम र छोटो दूरीका बस उपत्यकाबाट बाहिरिएका छन्,' उनले भने । उनका अनुसार चुनावको समयमा धेरै मतदाता रिजर्भ गाडीमा गएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले लाखौं नागरिक आ-आफ्नो जिल्ला पुगिसकेको र ट्राफिक प्रहरी पनि निर्वाचनमा केन्द्रित भएको बताए । 'लाखौं यात्रुले उपत्यका छाडेका छन्, तर हामीले बुधबारदेखि तथ्यांक अद्यावधिक गर्न छाडेका छौं, किनभने हाम्रो जनशक्ति निर्वाचनमा केन्द्रित भइरहेको छ,' उनले भने ।

लगातार बिदाले मतदातालाई सहज

यसपटक चुनावका वेला लगातार बिदा परेको छ । जसकारण मतदातालाई आआफ्नो निर्वाचन क्षेत्र जान सहज भएको हो । बुधबारदेखि आगामी आइतबारसम्म बिदा छ । बिहीबार हुने चुनावका लागि सरकारले बुधबार, बिहीबार र शुक्रबार गरी तीन दिन सार्वजनिक बिदा दिएको छ । त्यसलगत्तै शनिबार सार्वजनिक बिदा छ भने आइतबार नारी दिवसको बिदा हो । चुनावअघि १८ फागुनमा होली पर्वको बिदा थियो भने त्यसको भोलिपल्ट तराई क्षेत्रमा होली पर्वको बिदा थियो । त्यसैले, प्रायः दसैँ-तिहारको वेला सुनसान बन्ने काठमाडौं उपत्यका सडक यसपटक निर्वाचनको माहोलसँगै सुनसान बनेका हुन् । कौशलटारका नरेन्द्र पौडेलले यसअघिको चुनावमा भन्दा यसपटक काठमाडौंबाट धेरै मानिस बाहिरिएको बताए । मतदानका दिन आज बिहीबार साँझसम्म सार्वजनिक यातायात चल्नेछैन भने सवारी पासबाहेकका निजी सवारीसाधन पनि गुड्न पाउनेछैनन् । त्यसकारण बिहीबार सडकमा सीमित सवारीसाधन मात्रै गुड्ने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज अधिकारीले बताए । 'धेरै यात्रु बाहिरिनु र सडक सुनसान बनेका कारण ट्राफिक प्रहरी पनि धेरै खटिनुपरेको छैन,' उनले भने, 'अधिकांश चोकमा ट्राफिक प्रहरीको साटो निर्वाचन प्रहरी खटिएका छन् ।'

चुस्त पारियो कोशीको सुरक्षा व्यवस्था

मतदानका दिन हवाई गस्ती, सिसिक्यामेरा र ड्रोनमार्फत सुरक्षा निगरानी गरिने

विराटनगरमा **गणेश लम्साल** र झापामा **चिरञ्जीवी घिमिरे**

आज हुने प्रतिनिधिसभा निर्वाचनका लागि कोशी प्रदेशका १४ वटै जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ । मतदातालाई डुक्क भएर मतदान गर्ने अवस्था सिर्जना गर्न कोशी प्रदेशमा बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको हो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना करिब ५० हजार जनशक्ति खटाइएको कोशी प्रदेश प्रहरी प्रमुख, डिआइजी विनोद घिमिरेले बताए । जसमा नेपाल प्रहरीबाट मात्रै निर्वाचन प्रहरीसहित ३५ हजार जनशक्ति निर्वाचनको सुरक्षामा खटिएको उनले बताए । डिआइजी घिमिरेका अनुसार मतदानस्थल र केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी वर्गीकरण गरेर सुरक्षाकर्मीको व्यवस्था गरिएको छ । उच्च चुनावी प्रतिस्पर्धा भएका जिल्लामा चुनौती बढिरहेकाले सोहीअनुसार सुरक्षा फोकस गरिएको उनले बताए ।

सुरक्षा निकायले एकीकृत कमान्ड प्रणालीमार्फत प्रदेशस्तरबाट समन्वय गरिरहेका छन् । मतदानअघि हतियार जाँच, मदिरा नियन्त्रण तथा सीमावर्ती क्षेत्रमा कडाइ गरिएको छ । त्यस्तै, मतदानका दिन हवाई गस्ती, सिसिक्यामेरा र ड्रोनमार्फत सुरक्षा निगरानी गरिने उनले बताए । निर्वाचनका वेला मतदानस्थल र केन्द्रमा नेपाल प्रहरीको स्थायी तैनाथी, सशस्त्र प्रहरीको मोबाइल टोली तथा आवश्यक परे नेपाली सेनाको 'ब्याकअप' व्यवस्था गरिएको छ । मतदानस्थल र मतदान केन्द्रमा मात्र होइन बाहिर पनि प्रहरी तैनाथ गरिएको डिआइजी घिमिरेले जानकारी दिए । यस्तै, सूचना संकलनका लागि पनि प्रहरी खटाइएको उनले बताए । 'प्रदेश निर्वाचन डेस्क तयारी अवस्थामा छ । आवश्यकताअनुसार हवाई गस्ती हुन्छ । त्यसका लागि हेलिकोप्टर स्ट्यान्डबाई रहन्छ,' उनले भने, 'रिजर्भ फोर्स पनि तयार अवस्थामा रहेकाले आवश्यकताअनुसार खटाइन्छ ।'

निर्वाचनलाई शान्तिपूर्ण बनाउन सुरक्षा निकायले संवेदनशील क्षेत्र पहिचान गरी विशेष निगरानी बढाएको जनाएको छ । सम्भावित झडप तथा मतदाता प्रभावित पार्ने गतिविधिमा पनि निगरानी बढाइएको छ । मतदान सकिएपछि मतपेटिका मतगणनास्थलसम्म सेनाले पुऱ्याउनेछ । पहाडी जिल्लामा भौगोलिक विकटता मुख्य चुनौतीका रूपमा देखिएको छ भने तराईका मोरङ, सुनसरी र झापालाई उच्च प्रतिस्पर्धात्मक जिल्ला मान्दै अतिरिक्त जनशक्ति परिचालन गरिएको छ । भारतसँग सीमा जोडिएका इलाम, झापा र सुनसरीका सीमानाका निर्वाचनको ७२ घण्टाअगाडिदेखि बन्द गरिएको छ । नेपाल-भारत खुला सीमामा पनि निगरानी बढाइएको उनले बताए । यसका लागि भारतीय सुरक्षाकर्मीसँग पनि समन्वय भएको उनको भनाइ छ ।

'सीमाबाट सवारी आवागमन बन्द गरिएको छ । पैदल आउनेलाई पनि निर्क्योल गरेर मात्र प्रवेश दिइरहेको छ,' उनले भने, 'सिमानाको निगरानीका लागि भारतीय पक्षसँग दुई हप्ताअघि बैठक भएको थियो । त्यहीअनुसार समन्वय पनि भइरहेको छ ।' कोशीका २८ निर्वाचन क्षेत्रमा ४९५ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

निर्वाचन बिथोल्न सक्ने समूह उच्च निगरानीमा

प्रहरीले निर्वाचन बिथोल्न सक्ने समूहलाई उच्च निगरानीमा राखेको छ । नेकपा बहुमत, दुर्गा प्रसाईं समूहका २० भन्दा बढी कार्यकर्तालाई पक्राउ गरिएको कोशी प्रहरी प्रमुख डिआइजी विनोद घिमिरेले बताए । 'निर्वाचनविरोधी गतिविधिमा संलग्न हुन सक्ने सम्भावित व्यक्तिलाई नियन्त्रणमा लिइएको छ,' उनले भने, 'अन्य व्यक्तिहरू पनि निगरानीमा छन् । अहिले उनीहरूको गतिविधि पनि छैन । उनीहरूले केही गर्न सक्ने सम्भावना छैन ।'

मौन अवधिमा मात्र कोशीमा पाँच ठाउँमा शंकास्पद वस्तु फेला परेको थियो । ताप्लेजुङमा दुई ठाउँ, मोरङमा दुई र उदयपुरमा एक ठाउँमा गरी पाँच ठाउँमा शंकास्पद वस्तु फेला परेका हुन् । ती वस्तु भुक्याउन राखेको 'होक्स' मात्र भएको उनको दाबी छ ।

मधेशमा उम्मेदवार पक्राउदेखि बम विस्फोटसम्मको घटना

जनकपुरधाममा **हरिश खड्का**

मधेश प्रदेशमा बहुसुरक्षा चुनौती देखिएको छ । मौन अवधिमा दुईजना उम्मेदवार पक्राउ परेका छन् भने सुतली बमसहित अन्य व्यक्तिलाई प्रहरीले हिरासतमा लिएको छ । त्यस्तै,सीमा क्षेत्रमा विस्फोटका घटना भएका छन् ।

नगद र मतपत्रसहित पक्राउ परेका जसपा उम्मेदवार अशेश्वर यादवसहित पाँचजना तीन दिनभित्र स्पष्टीकरण बुझाउने गरी बुधबार छुटेका छन् । सिराहा ३ का उम्मेदवार यादव सवार गाडीबाट प्रहरीले मंगलबार राति चार लाख ८७ हजार बरामद गरेको थियो । यादवसँगै विष्णुपुर- ५ लक्ष्मीपुरका श्यामकुमार यादव, रामप्रवेश यादव, बप्रेन्द्रकुमार यादव र सवारीचालक नरहा गाउँपालिका- ३ का जितेन्द्रकुमार महतो छुटेका हुन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईका अनुसार प्रहरीले बरामद गरी बुझाएको नगदसहित अन्य कागजात अध्ययनपछि तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउने गरी तत्काललाई छोडिएको हो ।

त्यस्तै, नेकपाबाट पर्सा २ का उम्मेदवार मनोज चौधरी पनि मंगलबार राति पक्राउ परेका छन् । चौधरी चढेको गाडीमा विस्फोटक पदार्थ फेला परेकाले उनीसहित थप तीनजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । त्यसैगरी, प्रहरीले पर्साबाट नौ लाख ४० हजार रुपैयाँसहित एक युवकलाई नियन्त्रणमा लिएको छ ।

एमाले उम्मेदवार रामचन्द्र मण्डलका ज्वाइँ रमेश मण्डललाई सरकारी गाडी दुरुपयोगको आरोपमा प्रहरीले पक्राउ गरेको छ । उनी सरकारी नम्बर प्लेटको गाडीमा प्राइभेट नम्बर लगाएर चलाउँदै आएका थिए । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार निर्वाचन आचारसंहिता उल्लंघन कसुरमा पर्सामा आठ तथा धनुषा र सिराहामा दुई-दुई गरी १२ जनालाई पक्राउ गरिएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी गोविन्द थपलियाका अनुसार वीरगन्ज महानगरपालिका- १६ बाट नौ थान सुतली बमसहित तीनजना पक्राउ परेका छन् । उनीहरूको साथबाट सुँगुरको टाउकोसमेत बरामद भएको छ । मंगलबार मात्र धनुषा-महोत्तरी सीमा क्षेत्रअन्तर्गत मिथिला नगरपालिका-बडहरी बजारनजिक शंकास्पद वस्तु विस्फोट हुँदा दुई बालबालिका घाइते भएका थिए ।

मधेश प्रदेशका दुई हजार १६० मध्ये एक हजार २४६ स्थल अतिसंवेदनशील सूचीमा छन् । खुला सीमा, विगतका बुथ कब्जा, अवैध नगद चलखेल, हतियार ओसारपसार तथा साम्प्रदायिक संवेदनशीलतालाई आधार मानेर सुरक्षा वर्गीकरण गरिएको हो । मधेश प्रदेशका ८ वटै जिल्लाका भारतसँग सीमा जोडिएका नाकाहरू बन्द गरिएका छन् ।

दक्षिण ललितपुरको मतगणना चापागाउँमा

ललितपुर/ दक्षिण ललितपुरका तीन गाउँपालिका बागमती, कोन्ज्योसोम र महांकालको मतगणना गोदावरी नगरपालिकाको कार्यालयमा हुने भएको छ । दुर्गम भेगमा पर्ने तीनवटा पालिका र गोदावरी नगरपालिकाको १२ र १४ बाहेकका ललितपुर १ मा पर्छन् । जिल्ला निर्वाचन कार्यालयका प्रमुख गोमा धमलाले भौगोलिक अवस्थाका कारण मतपत्र ढुवानीमा समस्या हुने भएकाले तीन पालिकाको मतगणना चापागाउँमा हुने बताइन् । उनका अनुसार दक्षिण ललितपुरमा सुरक्षा व्यवस्था कडा पारिएको छ । 'बिहीबार बिहानैबाट मतदान हुन्छ, सुरक्षाको सबै प्रबन्ध पनि भइसकेको छ' उनले भनिन् । धमलाका अनुसार जिल्लाको सबैभन्दा टाढाको मतदानस्थल ढुलादुर्लुङ, कालेश्वर, गिम्दी, आश्राङ र प्युटार हुन् । यस क्षेत्रबाट मतपेटीका ल्याउन तीन-चार घण्टाको समय लाग्छ । एक सय मतदान केन्द्र रहेको ललितपुर१ मा ५६ वटा मतदानस्थल छन् । तीनवटा निर्वाचन क्षेत्र रहेको ललितपुरमा १ र २ सहरी क्षेत्रमा पर्छन् ।

सल्यानका दुई मतदान केन्द्रमा कर्मचारीदेखि सुरक्षाकर्मी महिला मात्र

सल्यानमा **दीपक शर्मा**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सल्यानमा दुई मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी महिला मात्र खटिएका छन् । शारदा नगरपालिका- २ खलंगास्थित बालमन्दिरमा मतदानस्थलका 'क' र 'ख' मतदान केन्द्रलाई पूर्ण रूपमा महिला कर्मचारी र सुरक्षाकर्मीमार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको हो ।

नमुना मतदान केन्द्रका रूपमा स्थापित यस केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मी सबै महिला मात्र परिचालन गरिएको मुख्य निर्वाचन अधिकृत प्रल्हादकुमार योगीले बताए । 'महिला सहभागिता र नेतृत्वलाई प्रोत्साहन गर्ने उद्देश्यले ती केन्द्रलाई महिलामैत्री बनाइएको हो,' उनले भने । महिलामैत्री मतदानस्थलको सुरक्षाका लागि प्रहरी सहायक निरीक्षक पूर्ण चन्दको नेतृत्वमा महिला सुरक्षाकर्मी परिचालन गरिएको छ । मतदान केन्द्र 'क' मा मतदान अधिकृत रिताकुमारी थारू तथा 'ख' मा सरस्वती थापा खटिएकी छिन् । जिल्ला निर्वाचन कार्यालय सल्यानका सूचना अधिकारी तेजेन्द्रकुमार चन्दका अनुसार 'क' केन्द्रमा ८९६ र 'ख' केन्द्रमा ९४८ गरी कुल एक हजार ८४४ मतदाता छन् । सहायक मतदान अधिकृत निमाकुमारी रोकायले महिला कर्मचारी मात्र खटिएको मतदान केन्द्रमा काम गर्न पाउँदा गर्व र उत्साह महसुस भएको बताइन् ।



स्थानीय प्रशासनका अधिकारीहरू र मतदान केन्द्रका महिला कर्मचारी र सुरक्षाकर्मी ।

संक्षेप

ताप्लेजुङमा १९ एम्बुलेन्स तयारी अवस्थामा

ताप्लेजुङ/ बिहीबार हुने निर्वाचनलाई लक्षित गर्दै ताप्लेजुङमा १९ वटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ । आकस्मिक अवस्था व्यवस्थापन र बिरामीको सहज उद्धारका लागि जिल्लाभर एम्बुलेन्स परिचालनको व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी शिवराज सेढाईंले बताए । उनका अनुसार हरेक स्थानीय तहमा एम्बुलेन्स उपलब्ध हुने गरी व्यवस्थापन गरिएको छ । सदरमुकाम फुङलिङमा आठवटा एम्बुलेन्स राखिनेछ भने मेरिङदेन, पाथीभरा याङवरक, आठराई त्रिवेणी र सिरिजंगा गाउँपालिकामा एउटा-एउटा एम्बुलेन्स रहनेछन् । त्यसैगरी मौवाखोला, मिक्वाखोला, फक्ताङलुङ र सिदिङ्वा गाउँपालिकामा दुई-दुईवटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ । सम्बन्धित पालिकामा रहेका एम्बुलेन्सलाई आवश्यकताअनुसार परिचालन गर्ने व्यवस्था मिलाइएको प्रशासनले जनाएको छ । फुङलिङ नगरपालिकामा राखिएका एम्बुलेन्सले नगरपालिकाका ११ वडासहित आवश्यक परे अन्य पालिकामा समेत सेवा दिनेछन् । ताप्लेजुङमा नौ स्थानीय तह र ६१ वडा रहेका छन् । निर्वाचनका दिन कुनै आकस्मिक स्वास्थ्य समस्या आए तत्काल उद्धार गर्न सकियोस् भन्ने उद्देश्यले एम्बुलेन्स तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ ।

बर्दियामा चितुवाको आक्रमणबाट बालकको मृत्यु

बर्दिया/ चितुवाको आक्रमणबाट बर्दियाको राजापुर नगरपालिका- १०, कालाबन्जरका ६ वर्षीय बालक आदित्य चौधरीको मृत्यु भएको छ । घरको आँगनमा खेलिरहेका वेला चौधरीलाई चितुवाले आक्रमण गरी घाइते बनाएको थियो । घाइते बालकलाई उपचारका लागि बर्दिया अस्पताल गुलरिया लैजाने क्रममा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक प्रमेश विष्टले बताए । शव बर्दिया अस्पतालमा राखिएको छ ।

उपत्यकाका १५ क्षेत्रको छुट्टाछुट्टै स्थानमा मतगणना हुने

काठमाडौं/ उपत्यकामा यसपटक सम्बन्धित क्षेत्रमै मतगणना हुने भएको छ । यसअघि काठमाडौंका १० वटै क्षेत्रको राष्ट्रिय सभागृहमा गणना हुने गरेको थियो । यसपटक सम्बन्धित क्षेत्रमै मतगणना मुख्य निर्वाचन अधिकृतको कार्यालयले गर्नेछ । जसअनुसार काठमाडौं १ को मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको सहकारी प्रशिक्षण केन्द्र, नयाँबानेश्वर, काठमाडौं २ को मुख्य निर्वाचन अधिकृतको कार्यालय कागेश्वरी मनोहरा नगरपालिका थली, काठमाडौं ३ को गोकर्णेश्वर नगरपालिका ४ चामुण्डा स्कुलमा मतगणना हुने भएको छ ।

निर्वाचन बहिष्कार गर्ने नेकपा बहुमतका मोरङ जिल्ला इन्चार्ज र सचिव पक्राउ

निर्वाचन बहिष्कार अभियानमा संलग्न रहेको आरोपमा नेपाल कम्युनिस्ट पार्टी बहुमतका मोरङ जिल्ला इन्चार्ज र जिल्ला सचिवलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी हरिनन्दन चौधरीका अनुसार बुधबार साँझ बहुमतका मोरङ जिल्ला इन्चार्ज सुन्दरहरैंचा नगरपालिका- १० का कृष्णप्रसाद चापागाईं र मोरङ जिल्ला सचिव दमक नगरपालिका- ५ का सुमन पौडेललाई कानेपोखरी गाउँपालिका- ६ बुद्धचोकबाट प्रहरीले पक्राउ गरेको हो ।

डिएसपी चौधरीका अनुसार पक्राउ परेका दुवैजना बुधबार बिहान सुन्दरहरैंचा नगरपालिका- ११ पूर्व-पश्चिम राजमार्गको उत्तर साइडमा फेला परेको 'होक्स बम'सम्बन्धी घटनामा समेत संलग्न रहेका छन् । पक्राउ परेकाहरूबाट को ६ प ५११६ नम्बरको मोटरसाइकल एक थान, विभिन्न कम्पनीका मोबाइल पाँच थान, पार्टीको झन्डा एक थान र पर्चा-पम्प्लेट १०७ थान बरामद गरिएको प्रहरीले जनाएको छ । काठमाडौं ४ को निर्वाचन अधिकृतको कार्यालय रहेको बुढानीलकण्ठ २ स्थित ज्येष्ठ नागरिक समाज भवन चपली, काठमाडौं ५ को टोखा नगरपालिका- ६ स्थित सामुदायिक भवनमा मतगणना हुनेछ ।

त्यस्तै, काठमाडौं ६ को तारकेश्वर नगरपालिका कार्यालय धर्मस्थली, काठमाडौं ७ को बहुउद्देश्यीय मार्सल आर्टस् केन्द्र खुसिबु, काठमाडौं ८ को नागार्जुन नगरपालिका भवनसँगैको जनउद्धार माध्यमिक विद्यालय, काठमाडौं ९ को चन्द्रागिरि नगरपालिकाको कार्यालय, बलम्बु र काठमाडौं १० को कीर्तिपुर- २ स्थित सामुदायिक भवनमा मतगणना हुने भएको छ ।

बनकरिया बस्तीको 'बसोवास म्याद' गुज्रिन थाल्यो, तर आएन लालपुर्जा

चुनाव आउँछ, सरकार बन्छ, मन्त्री फेरिन्छन् । तर, लालपुर्जा आउँदैन, बरु डेढ महिनापछि सकिँदै छ बसोवास अनुमति

■ सरकारको ढोका ढकढक्यायौं, लालपुर्जा आएन

सन्तमाया बनकरिया, मुखिया बनकरिया बस्ती



स्थानीय सरकारदेखि प्रदेश हुँदै केन्द्रसम्म ढोका ढकढक्यायौं, तर सफलता मिलेन । अहिले त बसोवास अनुमति नै सकिनलागेको छ, तर लालपुर्जा आएन ।

हेटौंडामा **पोष्टराज अधिकारी**

देश चुनावको उत्सवमा छ । तर, मकवानपुरको मनहरी गाउँपालिका- ४, मुसेधापस्थित बनकरिया बस्तीमा चिन्ता छाएको छ ।

दुई दशकदेखि बस्दै आएको थातथलोको बसोवास अनुमतिको म्याद सकिन लाग्दा पनि हातमा लालपुर्जा नहुँदा समुदाय त्रासमा छ । ०७८ को जनगणना अनुसार करिब २८ घरधुरी र १८० जनसंख्या रहेको यस बस्तीका अधिकांश परिवार दुई दशकदेखि यहाँ बस्दै आएका छन् । तर, जग्गा अझै 'कबुलियती वन'को नाममा छ ।

सरकारले दिएको बसोवास अनुमति यही २८ चैतमा सकिँदै छ । अझै स्वामित्व प्रमाणपत्र नआएपछि समुदायमा अन्योल र भय बढेको हो । २८ चैत ०६२ मा तत्कालीन सरकारले जिल्ला वन कार्यालय मकवानपुरमार्फत कबुलियती वन अवधारणाअनुसार नौ हेक्टर जमिन २० वर्षका लागि उपलब्ध गराएको थियो । उक्त म्याद सकिन डेढ महिना मात्र बाँकी छ ।



मकवानपुरको मनहरी गाउँपालिका- ४, मुसेधापस्थित बनकरिया बस्ती ।

बनकरिया बस्तीकी मुखिया सन्तमाया बनकरियाले धेरै प्रयास गर्दा पनि लालपुर्जा हात पार्न नसकेको गुनासो गरिन् । बनकरिया आवास कार्यक्रमअन्तर्गत पाएको दुईकोठे घर, त्यसले ओगटेको जग्गा र खनीखोस्री गर्दै आएको बारी आफ्नै नरहने हो कि भन्ने चिन्ताले उनलाई सताएको छ । 'स्थानीय सरकारदेखि प्रदेश हुँदै केन्द्रसम्म ढोका ढकढक्यायौं, तर सफलता मिलेन,' उनले भनिन्, 'अहिले त बसोवास अनुमति नै सकिनलागेको छ, तर लालपुर्जा आएन ।'

उनका अनुसार स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी र सरोकारवालाले पटक-पटक आश्वासन दिएका छन् । 'आश्वासन धेरै आयो, तर लालपुर्जा आएन,' उनले भनिन्, 'यहाँबाट उठाउँदैनौं, बसोवासको ग्यारेन्टी गर्छौं भनेका छन् ।' प्रदेश र स्थानीय सरकारको सहयोगमा बस्तीमा बिजुली बत्ती, स्वास्थ्यचौकी, बाटो र बस्ती सुरक्षाका लागि ड्याम निर्माणजस्ता काम भएका छन् । तर, अझैसम्म उनीहरू बस्दै आएको जग्गाको धनीपुर्जा छैन । चुनाव आउँछ, सरकार बन्छ, मन्त्री फेरिन्छन् । तर, मुसेधाप बनकरिया बस्तीका २८ घरपरिवारको प्रतीक्षा उही छ- लालपुर्जाको ।

दुई दशकअघि आएका थिए मुसेधापमा

बनकरिया बस्तीकी कमला वाइबाले आक्रोश व्यक्त गरिन् । उनी स्वर्गीय ठुलीमाया बनकरियाकी छोरी हुन् । ठुलीमायाकै अगुवाइमा झन्डै दुई दशकअघि बनकरिया समुदायलाई वन क्षेत्रबाट मुसेधापमा ल्याइएको थियो । लालपुर्जाका लागि दौडधुप गर्दैगर्दै उनको जीवन बित्यो ।

'आमा लालपुर्जा निकाल्छु भनेर धेरै हिँड्नुभयो, तर त्यसै बित्नुभयो । हामी पनि अझै लालपुर्जाकै लागि दौडिरहेका छौं,' कमलाले भनिन्, 'हामी बसेको ठाउँको म्याद सकिन लागेको छ । भोलि 'तिमीहरूको अनुमति सकियो, उठ' भने कहाँ जाने? बालबच्चा बोकेर कहाँ जाने ?'

युवा अनिल बनकरियाका अनुसार समस्या राजनीतिक इच्छाशक्तिभन्दा पनि कानुनी र प्रक्रियागत जटिलतासँग जोडिएको छ । यो पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र हो । 'सबैले प्रयास गर्छु भन्छन् । तर सरकार फेरिन्छ, मन्त्री फेरिन्छन्, हाम्रो समस्या फेरि जहाँको त्यहीं अड्किन्छ,' उनले सुनाए । २६ वर्षीय अनिललाई निर्वाचनपछि बन्ने सरकारले समस्या समाधान गरिदिए हुन्थ्यो भन्ने लागेको छ ।

स्थानीय गोमा बनकरिया वनबाट सारेर ल्याइएदेखि यहीं बस्दै आएकी छिन् । आफ्नो नाममा जग्गा नभएकोमा उनलाई पीडा छ । 'मेरो नाममा जग्गा छैन । यो जग्गा अझै कबुलियती वनकै नाममा छ । हाम्रो नाममा गरिदिनुपर्‍यो,' उनले भनिन्, 'लालपुर्जा दिलाइदिन्छौं भनेर धेरै आए, तर कसैले वाचा पूरा गरेनन् । हाम्रो समय गइसक्यो, नाति-नातिनाको भविष्य त सुरक्षित होस् ।' समुदायकी सक्रिय सदस्य सन्तोषी बनकरियाको धारणा पनि उस्तै छ । वर्षौंदेखि खनजोत गर्दै आएको जमिन र बसोवास गरिरहेको घरको स्वामित्व प्रमाण 'लालपुर्जा' पाए आउने पुस्तालाई सहज हुने उनको विश्वास छ ।

नेपालमा वातावरण विज्ञान शिक्षाको भविष्य

राज्यले विशिष्ट आवश्यकता महसुस गरी तयार पारेका वातावरण विज्ञान विषयका जनशक्ति नै वातावरणीय अध्ययनका क्षेत्रमा उपेक्षामा परेका छन्



● चन्द्रमणि अर्याल

अग्रलेख

दिगो विकासका लागि वातावरणका मूलतः भौतिक, सामाजिक तथा आर्थिक अवयवबिच सामञ्जस्य कायम गरिनुपर्छ। परम्परागत विषयहरू अध्ययन गरेका जनशक्तिले यो विशिष्ट उद्देश्य पूरा गर्न नसक्ने यथार्थ महसुस गरी नेपालमा वातावरण विज्ञान विषयको अध्यापन सुरु गरिएको हो। तर, आजका दिनसम्म आइपुग्दा विशिष्ट उद्देश्यका लागि तयार पारिएको विषय र त्यसका लागि उत्पादित जनशक्तिलाई नेपालका सन्दर्भमा भने उपेक्षा गरेको पाइन्छ। यो विषय प्राज्ञिक तथा प्रशासनिक रूपले हेलामा परेको छ। राज्यको स्रोत लगानी गरी उत्पादन गरिएका ज्ञान र सिप राज्यका लागि अनावश्यक ठहरिन्छ भने मेरो प्रस्ताव छ, नेपालमा वातावरण विज्ञान विषय पढाउन बन्द गरौं।

■ वातावरण विज्ञानको उदय

औद्योगिक क्रान्तिपछिको युगमा हाम्रा प्राकृतिक स्रोतहरूको दोहन बढ्न थाल्यो। जसका कारण वातावरणमा समस्याहरू देखिन थाले। सन् १९६० को दशकमा आइपुग्दा वातावरणीय समस्या पनि समाधान गर्नुपर्छ भन्ने कुराको टड्कारो महसुस हुन थाल्यो। विगतमा विज्ञान, समाज विज्ञान वा अर्थशास्त्रमा बेग्लाबेग्लै महारथ हासिल गरेका जनशक्तिले वातावरणीय समस्याको समाधान दिन नसक्ने अवस्थालाई मध्यनजर गरी वातावरण विज्ञानको अध्ययन, अध्यापन सुरुवात भएको पाइन्छ।

भौतिक, सामाजिक र आर्थिक पाटाहरू एकअर्काबिच अन्तर्निहित रहने हुनाले भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक पाटामध्ये कुनै एउटा पाटोबाट मात्रै हेरियो भने समस्याको समाधान निस्किन्न। वातावरण विज्ञानका जनशक्तिलाई वातावरणीय समस्याको हल खोज्ने वेलामा वातावरणका सर्वोपरि विषयलाई एकीकृत तरिकाले अध्ययन गरी समस्या समाधानका लागि तयार गरिएको हुन्छ।

■ नेपालमा वातावरण विज्ञान

नेपालमा वातावरण विज्ञान विषयको सुरुवात विशेष आवश्यकतालाई परिपूर्ति गर्नका लागि गरिएको थियो। विश्वव्यापी रूपमा बढेको जैविक विविधताको ह्रासको चुनौती समाधान गर्नका निम्ति जैविक विविधता संरक्षण, त्यसको दिगो उपयोग तथा जैविक विविधताको उपयोगबाट आएका फाइदाको समतामूलक तथा न्यायोचित वितरण गर्ने उद्देश्यसाथ सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा जैविक विविधता महासन्धिमा हस्ताक्षर भयो। नेपाल पनि यसको पक्ष राष्ट्रका रूपमा समावेश भयो। यो महासन्धिले अन्य प्रावधानका साथै विकास निर्माणका कार्य गर्दा वातावरणीय अध्ययनलाई अनिवार्य गर्ने प्रावधान समेटेको थियो। वातावरणीय अध्ययन गर्नका निम्ति विशिष्ट सिप र क्षमता भएका जनशक्ति आवश्यक महसुस गरी नेपालमा वातावरण विज्ञान विषयको अध्यापन सुरु गरिएको थियो। नेपालमा हाल त्रिवि, सुदूरपश्चिम, पोखरा, मध्यपश्चिम तथा काठमाडौं विश्वविद्यालयहरूले वातावरण विज्ञानको कार्यक्रम सञ्चालन गर्दै आएका छन्। यी विश्वविद्यालयबाट हालसम्म हजारौंको संख्यामा वातावरण विज्ञानमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि गरेका जनशक्ति उत्पादन भएका छन्। तर, राज्यले विशिष्ट आवश्यकता महसुस गरी तयार पारेको जनशक्तिको उपयोग गर्ने दिशामा भने ध्यान पुऱ्याउन नसकेको देखिन्छ। विशेषतः वातावरणीय अध्ययनका क्षेत्रमा नै ती जनशक्ति उपेक्षामा परेको देखिन्छ।

■ वातावरणीय अध्ययन

वातावरणीय अध्ययन भनेको कुनै पनि प्रस्ताव (नीति, नियम, परियोजना वा आयोजना) को कार्य प्रारम्भ गर्नुपूर्व त्यसबाट भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिकलगायत वातावरणमा पर्न सक्ने सकारात्मक वा नकारात्मक प्रभावको पहिचान गरी सकारात्मक प्रभावको बढोत्तरी तथा नकारात्मक प्रभावको न्यूनीकरण गर्ने उपायबारे सुझाव दिने उपकरण हो। सरल रूपमा भन्दा जसरी चिकित्सकले जाँच गरिसकेपछि रोगको निदानका लागि उपयुक्त विधि छनोट गरी उपचार गर्छन्, वातावरणीय अध्ययनले पनि वातावरणीय समस्याको उपचार पहिल्याउने कार्य गर्छ। उपचार गर्ने चिकित्सकजस्तै वातावरणका जनशक्ति वातावरणीय समस्या निराकरण गर्ने यस क्षेत्रका 'चिकित्सक' हुन्।

■ नेपालमा वातावरणीय अध्ययन

वातावरण संरक्षण ऐन, २०७६ र नियमावली २०७७ ले कुनै पनि प्रस्तावअगाडि बढाउन त्यो प्रस्तावको वातावरणीय पक्षको अध्ययन भई प्रतिवेदन स्वीकृत हुनुपर्ने व्यवस्था गरेको छ। प्रदेश र कतिपय स्थानीय निकायका कानुनले पनि वातावरणीय पक्षको अध्ययन गर्नैपर्ने



बाध्यकारी व्यवस्था गरेका छन्। तर, धेरैजसो अध्ययन प्रक्रियागत आवश्यकता पूरा गर्न मात्रै गर्ने गरेको भेटिन्छ। अहिले नेपालमा स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गर्ने हो भने धेरैजसो साभार गरेजस्ता हुन्छन्। नेपाल जहाँ भूगोल, जलवायु, सामाजिक परिवेशलगायत सबै वातावरणका अवयवमा विविधता छ, त्यहाँ एउटै खाले समस्या र एउटै समाधान हुन सक्दैन। वातावरणीय अध्ययन प्रतिवेदन पनि त्यही विशिष्टतालाई ख्याल गर्दै पर्याप्त अध्ययनका साथ तयार गर्नुपर्ने हो। सुन्दा अलिक नराम्रो सुनिन्छ, तर अन्य कुनै पनि विषयको विज्ञ बन्न नसकेपछि सबै वातावरणको विज्ञ बनिरहेको स्थिति छ अहिले।

> वातावरणका सवाल कसैका लागि पनि गम्भीर छैन भने किन बेरोजगार उत्पादन गर्नका लागि सरकार र व्यक्ति दुवैको सम्पत्ति दुरुपयोग गरिरहने ? बन्द गरिदिऊँ नेपालमा वातावरण विज्ञान शिक्षाको पठनपाठन।

पत्रकार विजयकुमारले आफ्नो पुस्तकमा अहिले सबै नागरिक 'पत्रकार' भएको प्रसंगलाई 'सर्जन'को हातमा हुनुपर्ने छुरी (सर्जिकल नाइभ्स) सबैको हातमा भएको बिम्ब प्रयोग गरेका छन्। वातावरणीय अध्ययनको अवस्था त्योभन्दा विकराल छ। वातावरणीय अध्ययन गर्ने जनशक्ति दक्ष हुनुपर्ने, तर वातावरणीय अध्ययनका प्रतिवेदन जाँचबुझ गर्ने क्रममा कानुनले केही विज्ञता तोकेको भए पनि ती उपेक्षामा परेका छन्। नेपालमा संघीय सरकारको सडकको सन्दर्भमा केही व्यवस्था छ, अन्य क्षेत्रमा जो पनि वातावरणविद् बनेको अवस्था छ।

■ उपेक्षामा वातावरणका विद्यार्थी

वातावरणीय प्रतिवेदन तयार गर्ने, स्वीकृत गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा जब सबै विज्ञ बन्न थालेपछि वातावरणका विद्यार्थी भने किनारा लगाइएका छन्। सडक विभागलाई अपवाद मान्ने हो भने वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरिङका विद्यार्थी वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने, स्वीकृत गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा उपेक्षामा परेका छन्। एकातिर वातावरणीय अध्ययन प्रतिवेदन नै तयार गर्न त्यसको कार्यान्वयन गर्न र अनुगमन, मूल्यांकन र वातावरणीय परीक्षणका लागि भनी तयार जनशक्ति बेरोजगार रहनु, अर्कातिर ती विषयमा ज्ञान नै नभएका वा आंशिक मात्रै ज्ञान भएका व्यक्ति ती कार्यमा संलग्न हुँदा वातावरणीय अध्ययन प्रतिवेदनले अपेक्षित परिणाम दिन सकेका छैनन्। अहिले पनि वातावरण अध्ययन प्रतिवेदन रुख काट्ने मेसो सुरु गर्ने एउटा कडी मात्र बनेको छ।

वातावरण संरक्षण ऐनको प्रावधानमा टेकेर संघमा वातावरण विज्ञानका विद्यार्थीले वातावरण निरीक्षकका रूपमा कार्य गरिरहेका छन्। तर, तालुकदार मन्त्रालयको वातावरण निरीक्षकप्रतिको रबैया 'सौतेनी छोरा/छोरी'लाई जस्तो छ। वातावरण निरीक्षक मन्त्रालयमा कार्यरत जनशक्तिमध्ये वातावरणीय अध्ययन प्रतिवेदनका विषयमा सबैभन्दा जानकार व्यक्ति हुन्। अहिलेको सन्दर्भमा तर वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा उनीहरूको भूमिका नगन्य मात्र छ। वैयक्तिक पाटोबाट हेर्ने भने अवस्था भन्नै दयनीय छ। प्रत्येक मानिस आफ्नो वृत्ति विकास होस् भन्ने अपेक्षा राख्छ। तर, लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी नियुक्त भएको करिब बाह्र वर्षपछि पनि बढुवाका लागि कुनै अवसर सरकारले प्रदान गर्न सकेको छैन।

यसका साथै, २०८२ असार मसान्तपछि वातावरण विभागमा कार्यरत दुईजना वातावरण निरीक्षक त्रिविमा नियुक्त भएपछि रिक्त दरबन्दीमा लोकसेवा आयोगले विज्ञापन नै गरेन। वातावरणीय समस्या बढिरहेका सन्दर्भमा थप जनशक्तिहरू लिएर समस्या समाधानमा उनीहरूको दक्षता उपयोग गर्नुपर्नेमा नियमानुसार पहिल्यै स्वीकृत दरबन्दीमा पनि आवेदन माग नहुनुमा कसको कमजोरी रह्यो, त्यो रहस्यको गर्वमै छ।

■ वातावरणीय अध्ययन सरोकारवालालाई पनि गलपासो

वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको ठाउँमा पनि त्यसमा उल्लिखित प्रावधान कार्यान्वयन गर्न सरोकारवाला पक्षलाई इच्छा नै छैन। २०८२ फागुनमा नै हो, एकजना संरक्षण क्षेत्रमा कार्य गरिरहेका भाइले एउटा प्रसंग सुनाए। अहिले चुनावमा प्रतिस्पर्धा गरिरहेका एकजना उम्मेदवारले बिहानै फोन गरेर गाली गरे। कारण उनको लगानीमा संरक्षण क्षेत्रभित्र जलविद्युत् आयोजना बन्दै रहेछ। उनी र उनको टिमले वातावरणीय अध्ययन प्रतिवेदनमा भएका प्रावधानविपरीतका कार्य गर्न खोज्ने र त्यो भाइको टिमले रोक्ने गर्दा 'टसल' परेको रहेछ। त्यस दिन पनि उहाँहरूको सरकार बनेपछि वातावरणीय अध्ययन प्रतिवेदन नै नचाहिने व्यवस्था ल्याउने र त्यसपछि देखाइदिने भनी धम्की दिए रे! वातावरणीय अध्ययन प्रतिवेदन र त्यसका लागि पूरा गर्नुपर्ने सर्तका कारण विकासका काममा अवरोध भएको भनी अन्य उच्चपदस्थहरूबाटै सुनिने पनि गरेको छ।

■ अन्त्यमा

वातावरणीय अध्ययन प्रतिवेदनले तत्कालमा केही समय र स्रोत उपयोग गर्ला, तर राम्रोसँग अध्ययन गरी तयार गरिएको प्रतिवेदन अक्षरशः पालना गर्ने हो भने वातावरण र विकासलाई सँगसँगै लैजाने सूत्राधार सोही प्रतिवेदन बन्न सक्छ। त्यसका लागि वातावरणका क्षेत्रमा कार्य गर्ने गरी तयार गरिएका जनशक्तिलाई प्रमुख भूमिकामा राखेर अगाडि बढाउनुपर्छ। अध्ययन प्रतिवेदन तयार गर्ने, स्वीकृत गर्ने र अनुगमन तथा वातावरणीय परीक्षणमा ती जनशक्ति उपयोग गरिनुपर्छ। सम्पूर्ण पालिकामा, संघ र प्रदेशका मन्त्रालयहरूमा आवश्यकताअनुरूप वातावरण निरीक्षक नियुक्ति गरी उनीहरूको दक्षता उपयोग गर्नुपर्छ। हैन, वातावरणका सवाल कसैका लागि पनि आवश्यक छैन भने किन बेरोजगार उत्पादन गर्नका लागि सरकार र व्यक्ति दुवैको सम्पत्ति दुरुपयोग गरिरहने, बन्द गरिदिऊँ नेपालमा वातावरण विज्ञान शिक्षाको पठनपाठन।

(उपप्राध्यापक अर्याल त्रिविअन्तर्गतको पद्मकन्या बहुमुखी क्याम्पसमा कार्यरत छन्)

---

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **भोजराज पोखरेल**लाई



निर्वाचन सफल पार्न मतदाता र राजनीतिक दलहरूको कस्तो भूमिका हुन्छ ?

निर्वाचन सफल पार्ने कार्यका 'स्टेक होल्डर' मतदाता, उम्मेदवार, राजनीतिक दल, सुरक्षा निकाय, कर्मचारी, अदालत, मिडिया, पर्यवेक्षक, निर्वाचन आयोग आदि सबै हुन्। यी सबैले निर्वाचन आचारसंहिताले गर्नू भनेका काम गर्ने र नगर्नू भनेका काम नगर्ने हो भने निर्वाचन सफल नहुने कुरै छैन। निर्वाचन प्रक्रियामा सहभागी भई विवेकपूर्वक मत दिनु मतदाताको सार्वभौम अधिकार हो। मतदाताले मौका पाउँदा गम्भीरतापूर्वक अधिकार प्रयोग नगर्ने, तर पछि पछुताउने अवस्था आउन दिनुहुँदैन। निर्वाचनबाट भावी दिनमा राज्य सञ्चालन गर्ने सही दल र पात्र छान्ने दायित्व मतदाताको हो। राजनीतिक दल र उम्मेदवारहरू निर्वाचनका खेलाडी हुन्। उनीहरूले नियमभित्र बसेर खेल खेल्नुपर्छ। उनीहरूले खेलमा झेल गरेमा घाटा हुने स्वयं उनीहरूलाई नै हो।

यस कार्यमा सुरक्षाकर्मी र कर्मचारीको भूमिकाचाहिं कस्तो हुनुपर्छ नि ?

सुरक्षाकर्मी र कर्मचारीले पनि आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ। कुनै पनि गैरकानुनी काममा आफू संलग्न हुनु पनि भएन र त्यस्तो कार्यमा अरूलाई सघाउन पनि हुँदैन। मतदान केन्द्रको सुरक्षादेखि मतपत्र र मतपेटिकाको सुरक्षासम्ममा सुरक्षाकर्मी र कर्मचारी कतै पनि ढल्किनुहुँदैन। उनीहरू सबै आ-आफ्नो सीमाभित्र बस्नुपर्छ।

निर्वाचन आयोगले चाहिं कुन-कुन पक्षमा ध्यान पुऱ्याउनुपर्ला ?

मतदानको समयमा कुनै पनि अवाञ्छित गतिविधि भएको अवस्थामा आयोगले मतदान कार्य प्रभावित हुन नदिन तत्काल उचित सम्बोधन गर्नुपर्छ। कुनै दल या तिनका उम्मेदवारले आफ्ना पक्षमा मत धेरै नखसेको आकलन गरी विभिन्न बहानामा पुनः मतदानको माग गर्न पनि सक्छन्। त्यस्तोमा आयोगले छानबिन गरी निष्पक्ष निर्णय दिन सक्नुपर्छ। मतदानस्थलमा कुनै कुराको कमी भएमा तत्काल नजिकको अर्को केन्द्र या अन्य कुनै माध्यमबाट आपूर्ति गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्छ।

प्रेरक प्रसंग

सिफारिस हेर्ने कि गुण ?

एकपटक रुसी लेखक लियो टल्स्टोयलाई उनका एक साथीले भने, 'मैले तिम्रोमा एक साथीलाई कामका लागि पठाएको थिएँ। उससँग प्रतिभाका धेरै प्रमाणपत्र थिए। तर, तिमीले उनीलाई रोजेनौ। मैले सुनेको छु, तिमीले त्यो पदका लागि जुन व्यक्तिलाई रोजेका छौ, ऊसँग यस्तो प्रमाणपत्र थिएन। उसमा कुन त्यस्तो गुण थियो, जसका लागि तिमीले मेरो सिफारिसको उपेक्षा गऱ्यौ ?'



टल्स्टोयले हाँस्दै भने, 'साथी, जसलाई मैले रोजेको छु, ऊसँग अमूल्य प्रमाणपत्र छन्। उसले मेरो कोठामा आउनुअगाडि अनुमति माग्यो। भित्र छिर्नुअगाडि खुट्टा ढोकामा राख्यो ता कि बन्द हुँदा अचानक ठुलो आवाज नआओस्। उसका लुगा साधारण थिए, तर सफासुग्घर थिए। उसले बस्नुअगाडि कुर्सी सफा गऱ्यो। उसमा आत्मविश्वास थियो। उसले मेरा धेरै प्रश्नको ठिक र सन्तुलित जवाफ पनि दिइरहेको थियो। मेरो प्रश्न समाप्त भएपछि ऊ अनुमति लिएर उठ्यो र चुपचाप गयो। उसले कुनै प्रकारको चाप्लुसी या आफूलाई छान्नका लागि सिफारिस ल्याएको थिएन। थिने गुण र उसको व्यक्तित्वबाट म प्रभावित भएँ। यी यस्ता प्रमाणपत्र थिए जुन धेरै कम मानिससँग हुन्छन्। व्यक्तिमा व्यावहारिक ज्ञान र अनुभव हुनुपर्छ। यस्तो गुणसम्पन्न मानिससँग यदि लिखित प्रमाणपत्र नभए पनि कुनै समस्या हुँदैन। तपाईं नै भन्नुस्, मैले उसको छनोट गरेर ठिक गरैं या गलत ?' टल्स्टोयको जवाफ सुनेपछि साथी निरुत्तर भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निर्धक्क भई मतदान गरौं

आज देशभर संघीय संसद्का प्रत्यक्षतर्फ १६५ सिट र समानुपातिकतर्फ ११० सिट गरी कुल २७५ सिटका लागि निर्वाचन हुँदै छ। २३ र २४ भदौको जेन-जी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले आफ्नो कार्यभार सफलतापूर्वक पूरा गर्ने क्रममा यो निर्वाचन गराउँदै छ। यसपटक निर्वाचन प्रचारप्रसारका क्रममा विगतमा जस्तो हिंसात्मक झडप भएका छैनन्। त्यसैले पनि आजको निर्वाचन शान्तिपूर्वक नै सम्पन्न हुने विश्वास गर्न सकिन्छ। यस्तोमा अब मतदाताले निर्धक्क भई आफ्ना मताधिकार प्रयोग गर्न सक्नुपर्छ। आजको दिनमा हामीले विवेक पुऱ्याएर मतदान गर्न सकेनौं भने भावी दिनहरूमा पछुताउनुपर्ने अवस्था पनि आउन सक्छ। त्यसैले, विवेक पुऱ्याएर डर, धम्की र प्रलोभनमा नपरी मतदान गरौं।

● **अविज्ञा टमट्टा**, ढल्को, काठमाडौं

सुरक्षाकर्मी सजग रहून्

आज एकसाथ देशभर संघीय संसद्का लागि निर्वाचन हुँदै छ। यस क्रममा विगतको जेन-जी आन्दोलनका क्रममा जेलबाट भागेका कैदीबन्दी र सुरक्षाकर्मीहरूबाट लुटिएका हतियार सुरक्षा निकायका लागि सबैभन्दा टाउको दुःखाइको विषय बन्न सक्छन्। उता भारतसित सिमाना जोडिएका नेपालका तराई, मधेशका जिल्लाका सीमावर्ती गाउँबस्तीमा शान्ति र सद्भाव भङ्गकाउने गतिविधि वेलामौका हुने गरेका छन्। त्यसैले पनि सुरक्षाकर्मीहरूले सजग रहेर त्यस्ता अवाञ्छित क्रियाकलापलाई निस्तेज पारुन्।

● **आशिष महर्जन**, कीर्तिपुर, काठमाडौं

उद्धारको तयारी सुरु गर

यतिखेर मध्यपूर्वका देशहरूमा रहेका लाखौं नेपाली त्रासपूर्ण जिन्दगी बाँचिरहेका छन्। उनीहरूमध्ये कैयौं त नियमित प्रक्रियामै स्वदेश फर्किने क्रममा ट्रान्जिटमा पुगेर रोकिएको अवस्थासमेत छ। यता सरकारले परिस्थितिको विश्लेषण गरी परराष्ट्रसचिव अमृतबहादुर राईको नेतृत्वमा 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन गरेको समाचार पढियो। तर, सरकारको तयारी त्यतिले मात्र पुग्दैन। अब उद्धारका लागि पूर्ण तयारी सुरु गर्नुपर्छ। यसका लागि मित्रराष्ट्रहरूबाट पनि सहयोग लिन सक्नुपर्छ।

● **सुमना कुइँकेल**, दधिकोट, भक्तपुर

मध्यपूर्व संकटबाट सतर्क बनौं

केही दिनअघि साँझतिर टेलिभिजन खोल्नेबित्तिकै थाहा भयो, अमेरिका र इजरायलले इरानमाथि भीषण आक्रमण गरे। तर, यो समाचार मलाई खासै अनपेक्षित लागेन किनकि यो पहिल्यैदेखि अपेक्षित थियो। भोलिपल्ट बिहानतिर पुनः टिभी खोल्नेबित्तिकै सुनैं, इरानका सर्वोच्च नेता आयतुल्लाह खामेनीलाई मारियो। नयाँ पत्रिकामा प्रकाशित एक लेखमा ट्रम्पको यस आक्रमणको आलोचना गरिएको रहेछ।

तर, आजसम्म आफ्नो निरन्तर आलोचना गर्ने कसैलाई पनि अमेरिकाले छाडेको देखिएको छैन, चाहे ट्रम्प होऊन्, बाइडेन वा ओबामा। त्यसैले चिन्ता मलाई आफ्नै देशका लागि भयो। आजको स्थिति हेर्दा साना र कमजोर राष्ट्रको खैरियत देखिँदैन। हाम्रो देश कसरी बाँचेको छ, यसबारे सोच्न बाध्य भएँ। यसको उत्तर बडो कठिन छ। तर, यसको कारण यो पनि हुन सक्छ कि हामी भारत र चीनका बिचमा छौं। संयोगवश दुवै अमेरिकाजस्तो आक्रामक छैनन्। भारत र चीन दुवैबिच सन्तुलन कायम गर्नमा नेपाल सफल छ।

पञ्चायतकालमा मैले सुनेको कुरा हो, अमेरिकाले नेपाललाई भारतसँग भिड्न हरदम उक्साइरह्यो। तर, हिन्दु स्वभावले नै उग्र हुँदैन। यस कार्यमा अमेरिका असफल भएपछि उसले आफ्नो ध्यान केवल पाकिस्तानमाथि केन्द्रित गऱ्यो। अमेरिका एउटा यस्तो देश हो, जसबाट हरदम सतर्क रहनुपर्छ, चाहे दुस्मन होऊन् वा उसका मित्र नै किन नहोऊन्।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

मध्यपूर्वको द्वन्द्व रोक्न कूटनीतिक पहल अपरिहार्य

मध्यपूर्वको युद्ध अमेरिकी र अन्तर्राष्ट्रिय कानुन दुवैका हिसाबले अवैध छ, यसले विश्वलाई नै अशान्तिमा फसाउनेछ



देश/विदेश

● अर्सिन अदिब मोघद्दाम

अन्ततः अमेरिका र इजरायलले इरानभर असंख्य लक्ष्यहरूमा आक्रमण गरेपछि मध्यपूर्वमा प्रतिशोधपूर्ण हमला तीव्र भएका छन्। अमेरिका र इजरायलको संयुक्त आक्रमणमा इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनी र उनको परिवारका सदस्यसहित दर्जनौं वरिष्ठ इरानी अधिकारी मारिए। इजरायलले एक बालिका विद्यालयमा गरेको हमलामा कम्तीमा १४८ बालिकाको नरसंहार भयो। इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)ले बदलामा इजरायली सैन्य सम्पत्ति र मध्यपूर्वमा रहेका २७ अमेरिकी आधारलाई लक्षित गर्दै 'व्यापक मिसाइल र ड्रोन' आक्रमणको छैटौं लहर घोषणा गऱ्यो। अमेरिका-इजरायलको इरानमाथिको हमला र तेहरानको प्रत्याक्रमण बुधबार पनि जारी छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि हमला गर्नुअघि न त अमेरिकी कंग्रेसको स्वीकृति प्राप्त गर्ने प्रयास गरे, न त संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावलाई नै पछ्याए। र, आक्रमण तेहरान र वासिंटनबिच वार्ता भइरहेका वेला गरियो। इरानका आणविक गतिविधिलाई लिएर वासिंटन र तेहरानबिच शृंखलाबद्ध रूपमा वार्ता भएका थिए। यो अमेरिकी र अन्तर्राष्ट्रिय कानुन दुवैको हिसाबले अवैध युद्ध हो। यो युद्धलाई कसैको पनि समर्थन हुँदैन। ट्रम्पको यो युद्धले विश्वलाई नै अशान्तिको भुमरीमा फसाउने सम्भावना छ।

अमेरिकी राष्ट्रपतिले बारम्बार इरानलाई आणविक हतियार विकास गर्न अनुमति दिन नसकिने बताएका छन्। संयुक्त राष्ट्रसंघको आणविक निगरानी संस्थाले रिपोर्ट गरेको छ कि गत वर्षको द्वन्द्वको समयमा प्रभावित प्रमुख स्थलमा इरानले पहुँच अस्वीकार गर्दा तेहरानको युरेनियम कार्यक्रमबारे संशय बढेको थियो। तर, तेहरानले सबै युरेनियम संवर्धन निलम्बन गरेको छ। उसले समृद्ध युरेनियम भण्डारको हालको आकार र संरचनालाई पुन विकसित गरेको ठोस प्रमाण भेटिएको छैन। यद्यपि, पछिल्लो चरणको वार्तापछि इरानका विदेशमन्त्री अब्बास अराघचीले आणविक कार्यक्रम सीमित गर्ने सम्झौतामा 'राम्रो प्रगति' भएको बताएका थिए। इरानले आफ्ना आणविक गतिविधिलाई सीमित गर्ने सर्तमा पश्चिमा देशहरूले उसमाथि लगाउँदै आएको प्रतिबन्धमा केही खुकुलो गरेका थिए, जसका कारण उसले धेरै हदसम्म राहत अनुभूत गरेको थियो।

यसअघि इरानका आणविक गतिविधिलाई न्यून गर्ने तहमा सम्झौताको मनस्थितिमा पुगेको अमेरिकाले अहिले तेहरानको सत्तापलट गरिदिएको छ। अहिले इरानका विभिन्न सहरमा बम खसिरहेका छन्, आक्रमणबाट बच्न मानिसहरू सुरक्षित स्थानको खोजीमा छन्। मध्यपूर्वमा रहेका अमेरिकी आधारलाई तेहरानले निसाना बनाइरहेको छ। विभिन्न देशबाट



शाह पहलबीलाई पदच्यूत गरेदेखि र सन् १९५३ मा सिआइए र एमआई ६ ले इरानका लोकतान्त्रिक रूपमा निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसादेघलाई पदच्यूत गर्न विद्रोह गरेदेखि देशलाई अस्थिर बनाएको विनाशकारी विदेशी हस्तक्षेपको शृंखलामा यो अर्को अंश हो।

यस आक्रमणको परिणाम समग्र विश्वका लागि भयानक हुने सम्भावना छ। युद्ध जारी रहे मृत्यु र घाइते हुनेको संख्या हामीले कल्पना गरेभन्दा ठुलो हुनेछ। मानवीय र भौतिक क्षतिले यस क्षेत्रलाई वर्षौंपछाडि धकेल्नेछ। यो स्पष्ट छ कि इस्लामिक गणतन्त्रले यसलाई अस्तित्वगत खतराका रूपमा हेरिरहेको छ। ठुलो क्षति बेहोरेसँगै तेहरानले यस क्षेत्रमा रहेका आफ्ना सहयोगी, यमनका हुथी, इराकको पपुलर मोबिलाइजेसन फोर्स र लेबननमा रहेको हिजबुल्लाहलाई सहयोगका लागि आह्वान गर्नेछ। त्यसो त यी समूह र विद्रोही संगठन पछिल्लो समय केही कमजोर देखिए पनि यिनले यस क्षेत्रमा द्वन्द्व विस्तार गर्ने क्षमता राख्छन्।

इरानले पहिले नै संकेत गरिसकेको छ कि उसले हर्मुजको प्रमुख तेलमार्ग बन्द गर्न सक्छ, जहाँबाट विश्वको करिब एकचौथाइ तेल र एकतिहाइ तरल प्राकृतिक ग्यासको पारबहन हुन्छ। परिणामस्वरूप, तेलको मूल्य अकासिन सक्छ र विश्व अर्थतन्त्र प्रभावित हुनेछ। युरोपेली राजधानीहरूमा रहेका मुस्लिमले यो युद्धलाई अमेरिका र इजरायलको तर्फबाट स्पष्ट आक्रमणको रूपमा हेर्नेछन्। ट्रम्प र नेतान्याहुले चाहेको दिशामा विश्वव्यापी जनमत सजिलै प्रभावित हुनेछैन। यसले अमेरिका र युरोपभर टकराव मात्र होइन, अमेरिका र विशेष गरी ट्रम्प प्रशासनविरुद्ध चर्को असन्तुष्टि बढ्नेछ।

तसर्थ, ट्रम्प र नेतान्याहुको इरानमाथिको आक्रमणले विश्वलाई गहिरो संकटमा फसाउनेछ। यसले थप शरणार्थी समस्या, आर्थिक उथलपुथल, थप आघात, मृत्यु र विनाश निम्त्याउनेछ। अब एक मात्र आशा यो छ कि विश्वका नेताहरूले मात्र ठन्डा दिमागले यो द्वन्द्वलाई नियन्त्रण गर्न र ट्रम्प र नेतान्याहुका कार्यमाथि अंकुश लगाउन सक्छन्। तसर्थ, अहिलेको पहिलो आवश्यकता कूटनीतिलाई प्राथमिकता दिनु हो। अवैध युद्ध सुरु गरेर शासन परिवर्तनलाई जबर्जस्ती सत्तापलट गर्नु मूर्खतापूर्ण छ।

(अदिब मोघद्दाम लन्डन विश्वविद्यालयका प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

इरानले खाडी देशका कुन–कुन स्थानलाई बनाएको छ निसाना ?

इरानी आक्रमण सुरुमा अमेरिकी सैन्य आधारमा केन्द्रित भए पनि पछि खाडी राष्ट्रहरूका होटेल, विमानस्थल र ऊर्जा सुविधासमेत निसानामा पर्न थालेका छन्



● सारा समिम
(नर्थ वेस्टर्न युनिभर्सिटीको मेडिल स्कुल अफ जर्नालिजम पढेकी सारा जलवायु परिवर्तन, सहरी विकासदेखि राजनीतिबारे कलम चलाउँछिन्)



इजरायल र संयुक्त राज्य अमेरिकाले शनिबार इरानमाथि आक्रमण गरेको केही घण्टापछि तेहरानले इजरायल र धेरै खाडी देशस्थित अमेरिकी सैन्य सम्पत्तिहरूमा बदला लिने हमला सुरु गऱ्यो । त्यसवेलादेखि इरानले इजरायलका लक्ष्यका साथै बहराइन, साउदी अरेबिया, कतार, इराक र संयुक्त अरब इमिरेट्स (युएई)मा रहेका अमेरिकी सैन्य आधारमा हमला आक्रमण गरिसकेको छ । इरानी आक्रमण सुरुमा अमेरिकी सैन्य आधारमाकेन्द्रित भए पनि खाडी राष्ट्रहरूले तेहरानले होटेल, विमानस्थल र ऊर्जा सुविधालगायतका नागरिक पूर्वाधारलाई लक्षित गरी आक्रमणहरू विस्तार गरेको बताएका छन् । इरानले खाडी देशका कुन कुन ठाउँमा आक्रमण गरेको छ ?

■ अमेरिकी सैन्य आधार

बहराइनले शनिबार आफ्नो राजधानी मनामास्थित अमेरिकी नौसेनाको पाँचौं फ्लिटको मुख्यालयलाई लक्षित गरी मिसाइल आक्रमण गरिएको बताये । त्यस्तै, इरानले अली कुवेतस्थित अल-सलेम एयरबेसमा धेरै ब्यालिस्टिक मिसाइलले आक्रमण गरेको थियो, जसलाई कुवेती वायु रक्षा प्रणालीले रोकेको थियो । कतारमा, रक्षा मन्त्रालयले भनेको छ कि यसले 'पूर्वअनुमोदित सुरक्षा योजना'अनुसार देशमा आक्रमणलाई 'विफल' बनाएको छ । देशको महत्त्वपूर्ण निसानामा पुनुअधि नै 'सबै मिसाइल' रोकेको उसको दाबी छ । शनिबार, इरानले अमेरिकी सेनाहरू रहेको अल उदेद एयरबेसमा लक्षित गरेको थियो ।

द्वन्द्वको विगत पाँच दिनमा खाडी देशहरूमा आक्रमणतीव्र भएका छन्, र यस क्षेत्रका सरकारहरूले ठुलो संख्यामा इरानी क्षेप्यास्त्र र ड्रोन रोकेको बताएका छन् । बहराइनले आफ्नो वायु रक्षा प्रणालीले पछिल्लो द्वन्द्व सुरु भएदेखि इरानद्वारा प्रहार गरिएका ७३ क्षेप्यास्त्र र ९१ वटा ड्रोननष्ट गरेको बताएको छ । युएईको रक्षा मन्त्रालयका प्रवक्ताले आफ्नो देशमा १८६ क्षेप्यास्त्रप्रहार गरिएको र तीमध्ये १७२ वटा नष्ट गरिएको बताएका छन् । एउटा क्षेप्यास्त्र युएईको भूभागमा खसेको थियो । त्यस्तै, ८१२ इरानी ड्रोन निगरानी गरिएको थियो र तीमध्ये ७५५ वटा रोकिएको थियो ।

कतारको रक्षा मन्त्रालयले शनिबारदेखि तीनवटा क्रुज मिसाइल पहिचान गरिएको र रोकिएको बताएको छ । त्यस्तै, १०१ ब्यालिस्टिक मिसाइल पहिचना गरिएको र ९८ वटा रोकिएको थियो । ३९ वटा ड्रोनहरू पत्ता लगाइएको र २४ वटा रोकिएको थियो । सोमबार, कतारी रक्षा मन्त्रालयले एक विज्ञप्तिमा वायुसेनाले दुईवटा इरानी एसयू -२४ लडाकु विमान खसालेको बताएको छ ।

■ अमेरिकी दूतावास पनि निसानामा

मंगलबार बिहानै, साउदीको राजधानी रियादमा रहेको अमेरिकी दूतावासमा दुईवटा ड्रोनले प्रहार गरेपछि 'सीमित आगलागी' भएको थियो । आक्रमणबाट परिसरमा 'सानो भौतिक क्षति' भएको साउदी रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको थियो । आक्रमणपछि रियादको कूटनीतिक क्वार्टरमा कालो धुवाँ उडिरहेको देखिएको रोयटर्स समाचार एजेन्सीले रिपोर्ट गरेको छ । उक्त क्वार्टरमा विदेशी नियोग छन् ।

कुवेतको विदेश मन्त्रालयले मंगलबार एक विज्ञप्ति जारी गर्दै कुवेतस्थित अमेरिकी दूतावास भवनलाई लक्षित गरी 'विश्वासघाती इरानी आक्रमण' गरिएको बताएको छ । कुवेत शहरस्थित दूतावास नजिकैबाट धुवाँ निस्किरहेको भिडियोहरू सार्वजनिक भएको एक दिनपछि यो घटना भएको हो । विज्ञप्तिमा आक्रमणलाई 'सबै अन्तर्राष्ट्रिय मान्यता र कानुनको स्पष्ट उल्लंघन' भनिएको छ, जसमा १९४९ को जेनेभा महासन्धि र १९६१ को कूटनीतिकसम्बन्धी भियना महासन्धि समावेश छ, जसले सशस्त्र द्वन्द्वको अवस्थामा पनि कूटनीतिक भवनहरू र त्यहाँका कर्मचारीहरूलाई उन्मुक्ति प्रदान गर्दछ । '

सोमबार, कुवेतमा तीन अमेरिकी जेट विमान दुर्घटनाग्रस्त भए । अमेरिकी सेनाले दुर्घटनाको कारण 'मैत्रीपूर्ण गोलीबारी' भएको बताएको छ, तर कुवेती विज्ञप्तिले घटनाको कारण बताएको छैन । कुवेतस्थित अमेरिकी दूतावासले मंगलबार 'चलेको क्षेत्रीय तनाव'लाई उद्धृत गर्दै अर्को सूचना नभएसम्मका लागि आफ्नो काम स्थगित गरेको छ ।

■ ऊर्जा पूर्वाधारमा हमला

कतारको राज्य सञ्चालित ऊर्जा फर्म र विश्वको सबैभन्दा ठुलो तरल प्राकृतिक ग्यास (एलएनजी) उत्पादक, कतार इनर्जीले सोमबार कतारको रास लाफान र मेसाइदमा रहेका आफ्ना सञ्चालन सुविधामा इरानी आक्रमणपछि एलएनजी उत्पादन बन्द गरेको घोषणा गरेको छ । इरानी अधिकारीहरूले सार्वजनिक रूपमा कतार इनर्जीलाई लक्षित गरेको अस्वीकार गरेका छन् । साउदी आरामकोद्वारा सञ्चालित यसको सबैभन्दा ठुलो घरेलु तेल रिफाइनरी, रास तनुरा प्लान्टमा आगो लागेपछि साउदी अरेबियाले सञ्चालन बन्द गरेको छ । अधिकारीहरूले दुई इरानी ड्रोनको अवरोधबाट आएको भग्नावशेषका कारण आगलागी भएको बताएका छन् ।

इरानको तस्निम समाचार एजेन्सीले एक नाम नखुलाइएको इरानी सैन्य स्रोतलाई उद्धृत गर्दै भनेको छः 'अराम्कोमा आक्रमण इजरायली भूटा भन्डा अपरेसन थियो,' इजरायलको लक्ष्य 'इरानमा नागरिक स्थलहरूमा आक्रमण गर्ने आफ्नो अपराधबाट क्षेत्रीय देशहरूको दिमागलाई विचलित गर्नुथियो ।' 'इरानले स्पष्ट रूपमा घोषणा गरेको छ कि यसले यस क्षेत्रका सबै अमेरिकी र इजरायली हित, प्रतिष्ठान र सुविधालाई लक्षित गर्नेछ, र अहिलेसम्म तीमध्ये धेरैमाथि आक्रमण गरिसकेको छ, तर आरामको सुविधा अहिलेसम्म इरानी आक्रमणको लक्ष्यमा परेका छैनन्,' स्रोतले एजेन्सीलाई भन्यो ।तस्निमले स्रोतलाई उद्धृत गर्दै भनेको छः 'गुप्तचर स्रोतहरूले हामीलाई प्रदान गरेको तथ्यांकअनुसार युएईको फुजैराह बन्दरगाह पनि भुटा भन्डा अपरेसनमा इजरायलीहरूको अर्को लक्ष्यमध्ये एक हो, र यो शासनले यसमा आक्रमण गर्ने योजना बनाएको छ ।'

> इजरायल र संयुक्त राज्य अमेरिकाले शनिबार इरानमाथि आक्रमण गरेको केही घण्टापछि तेहरानले इजरायल र धेरै खाडी देशस्थित अमेरिकी सैन्य सम्पत्तिमा बदला लिने हमला सुरु गऱ्यो । त्यसयता इरानले इजरायलसँगै बहराइन, साउदी अरेबिया, कतार, इराक र युएईमा रहेका अमेरिकी सैन्य आधारमा हमला गरिसकेको छ ।

■ अबुधाबी र दुबईका विमानस्थल

युएईको अबुधाबी र दुबईमा विमानस्थल र इराकको स्वायत्त कुर्दिस क्षेत्रको राजधानी एर्बिलमा पनि विमानस्थलहरू लक्षित गरिएका छन् । अधिकारीहरूले आक्रमणको लागि इरानलाई दोष दिएका छन्, यद्यपि तेहरानले ती सुविधामा भएका आक्रमणको सार्वजनिक रूपमा जिम्मेवारी लिएको छैन । एर्बिल अन्तर्राष्ट्रिय विमानस्थललाई शनिबार दुईपटक निसाना बनाइएको अलजजिराका एक संवाददाताले उल्लेख गरेका छन् । ड्रोनले विमानस्थललाई लक्षित गर्ने प्रयास गरेको थियो र हवाई रक्षाले त्यसलाई रोकेर खसालेको थियो ।

कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले मंगलबार एक पत्रकार सम्मेलनमा हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा आक्रमण गर्ने प्रयास भएको, तर ती सबै असफल भएको बताए । अबुधाबीको जायद अन्तर्राष्ट्रिय विमानस्थलमा, कम्तीमा एक व्यक्तिको मृत्यु भएको र सातजना घाइते भएका छन् । तर, अधिकारीले त्यसलाई 'दुर्घटना' भनेका छन् ।

दुबई मिडिया कार्यालयले घटना के हो वा यसको पछाडि को थियो भन्ने कुरा निर्दिष्ट नगरी एक्स पोस्टमा लेखेको छ कि दुबई अन्तर्राष्ट्रिय विमानस्थलको एक भागमा 'सामान्य क्षति भएको छ'। विश्वको सबैभन्दा व्यस्तमध्ये एक, यस क्षेत्रको हवाई क्षेत्र, द्वन्द्वको कारण बन्द गरिएको छ, जसले गर्दा हजारौं यात्रु अलपत्र परेका छन् । युएईमा लगभग २०,००० यात्रु अलपत्र परेका छन्, जबकि हवाई क्षेत्र बन्द रहँदा लगभग ८,००० मानिसहरू कतारमा ट्रान्जिटमा फसेका छन् । दैनिक १,००० भन्दा बढी उडानहरू सञ्चालन गर्ने कतार एयरवेज, एमिरेट्स र एतिहादले सञ्चालन स्थगित गरेका छन् । एमिरेट्सले सोमबार सीमित उडान पुनः सुरु गर्ने घोषणा गरेको छ, तर सामान्य सञ्चालन सुरु भएको छैन ।

■ होटेल र आवासीय भवनमा पनि हमला

बहराइनको आन्तरिक मन्त्रालयले शनिबार मनामामा धेरै आवासीय भवनमा आक्रमण भएको बताएको छ । एक्समा रिपोर्ट गरिएको छ कि नागरिक रक्षा प्रभावित स्थलहरूमा आगो निभाउने र उद्धार कार्यमा संलग्न छ । शनिबार, इरानले युएईभर १३७ वटा मिसाइल र २०९ ड्रोन प्रहार गरेको रक्षा मन्त्रालयले जनाएको छ, जसबाट निस्कोकोधुवाँ दुबईका पाम जुमेराह र बुर्ज अल अरबसम्म पुगेको छ । सामाजिक सञ्जालमा प्रसारित भिडियोमा पाम जुमेराह क्षेत्रमा रहेको पाँचतारे लक्जरी होटेल र फेयरमोन्ट द पामको प्रवेशद्वारबाट धुवाँ निस्किरहेको देखिएको छ । कतारको विदेश मन्त्रालयका प्रवक्ता अल-अन्सारीले इरानी निसाना केवल सैन्य मात्र होइन ।

कतारको उत्तरदेखि दक्षिणसम्म सबै रातो रेखा पार गरिएको अल-अन्सारीले बताए । इरानी विदेशमन्त्री अब्बास अराघचीले भने कि तेहरानले बहराइनको एक होटेलपरिसरलाई निसाना बनाएको थियो किनभने त्यहाँ अमेरिकी सैनिक थिए । 'हामी फारसी खाडीमा हाम्रा दाजुभाइ वा छिमेकीहरूलाई लक्षित गरिरहेका छैनौं । तर, हामी अमेरिकी लक्ष्यलाई निसाना बनाइरहेका छौं र यो स्पष्ट छ,' अराघचीले मंगलबार भने ।

इरानीहरूले छिमेकी देशहरूमा नागरिक पूर्वाधारमा प्रहार गर्नुको एउटा कारण 'आफ्नो सैन्य क्षमता प्रदर्शन गर्नु ' हो, कतार विश्वविद्यालयका इरान र खाडी विश्लेषक लुसियानो जाकाराले अल जजीरालाई भने । 'इरानले सबै आक्रमणहरूको बदला लिइरहेको छ', उनले भने ।

अलजजिराबाट

इतिहासमा आज

मार्च ५



सन् १९३३ : जर्मनीमा भएको संघीय निर्वाचनमा नाजी पार्टीले ४३.९ प्रतिशतसहित पहिलो दल बन्यो । हिटलरले ८ प्रतिशत मत पाएको जर्मन नेसनल पिपुल्स पार्टीसँग गठबन्धन गरेर सरकार बनायो । त्यसपछि दोस्रो विश्वयुद्धमा पराजय नभएसम्म जर्मनीमा नाजीको शासन रह्यो ।

सन् १५५८ : दक्षिण अमेरिका घुमेर आएका स्पेनिस चिकित्सक फ्रान्सिस्को फर्नान्डेजले युरोपमा सुर्ती ल्याए ।

सन् १८२४ : सिमाना विवादका बिच बेलायतले बर्माविरुद्ध युद्ध घोषणा गरेसँगै पहिलो अंग्रेज-बर्मा युद्ध(१८१४-१८२६) यसै दिनबाट सुरु भयो ।

सन् १९२१ : कोस्टारिका र पानामाबिच युद्ध सुरु हुने खतराबिच अमेरिकाले हस्तक्षेप गरेर युद्ध रोक्यो ।

सन् १९३१ : गान्धी र ब्रिटिस भायसराय लर्ड इरबिनबिच लन्डनमा सम्झौता भएसँगै नागरिक अवज्ञा आन्दोलन रोकियो । बेलायतले राजबन्दी रिहा गर्ने तथा कानुनी रूपमा व्यक्तिगत प्रयोजनका लागि नुन उत्पादन गर्न पाउनेलगायत सहमति जनाएको थियो ।

सन् १९६५ : बहराइनमा ब्रिटिस औपनिवेशिक उपस्थितिविरुद्ध वामपन्थी आन्दोलन उठ्यो ।

सन् १९४६ : विस्टन चर्चिलले पहिलोपटक युरोपमा कम्युनिस्ट र पुँजीवादी व्यवस्थाबिच बढ्दो विभाजनलाई जनाउन 'आइरन कर्टेन(फलामे पर्दा'को पदावलीको प्रयोग गरे ।

सन् १९७० : दुई वर्षअघिदेखि हस्ताक्षरलाई खुलाइएको आणविक अप्रसार-सन्धि यसै दिनबाट प्रयोगमा आयो ।

सन् १९८० : भूउपग्रहले शक्तिशाली 'गामा रे' पहिचान गरे ।

इरानद्वारा खामेनीको अन्त्येष्टि कार्यक्रम स्थगित

तेहरान/ इरानको तस्निम समाचार एजेन्सीले इरानका दिवंगत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको सम्झनामा आयोजना हुने समारोह स्थगित गरिएको जनाएको छ । तस्निमले एक अधिकारीलाई उद्धृत गर्दै ढिलाइका लागि समारोह व्यवस्थासम्बन्धी समस्यालाई उद्धृत गरेको छ । विशेषतः विभिन्न प्रान्तका मानिसहरूबाट समारोहमा उपस्थित हुन अनुरोध आएकाले पनि केही पछि सारिएको जनाइएको छ ।




खामेनीको अन्त्येष्टि समारोहको व्यवस्थापन चलिरहेको र त्यसमा ठुलो भिड आउने अपेक्षा गरिएको तस्निमले जनाएको छ । यसअघि सन् १९८९ मा पहिलो सर्वोच्च नेता आयातोल्लाह रुहोल्लाह खोमेनीको अन्त्येष्टिमा लगभग एक करोड मानिसहरू उपस्थित भएका थिए । इरानको 'इस्लामिक प्रचार परिषद्'का प्रमुख होज्जतोलेस्लाम महमुदीले बुधबार राति १० बजेबाट अन्त्येष्टि समारोह सुरु हुने र तीन दिनसम्म जारी रहने बताएका थिए । तर, त्यसको केही घण्टापछि समारोह स्थगित गरिएको छ ।


८६ वर्षीय खामेनी शनिबार भएको इजरायली आक्रमणमा मारिएका थिए । उनी १९८९ मा इस्लामिक गणतन्त्रको शासनको जग हालको पहिलो सर्वोच्च नेता खामेनीको मृत्युदेखि इरानको सर्वोच्च नेता थिए । इरानमा सर्वोच्च नेताले सरकारका सबै शाखा, सेना र न्यायपालिकामाथि परम अधिकार राख्छन् । साथै, उनी देशको आध्यात्मिक नेताको रूपमा पनि काम गर्छन् ।

१६ वर्षमुनिलाई सामाजिक सञ्जालमाथि प्रतिबन्धको तीन महिना :

अस्ट्रेलियाको कस्तो रह्यो अनुभव ?



● जोस टेलर
(टेलर प्रविधि रिपोर्टर हुन्)



बेलायत सरकारले आफ्ना देशाक किशोर-किशोरीहरूका लागि सामाजिक सञ्जाल प्रतिबन्धबारे छलफल सुरु गरेको छ । अस्ट्रेलिया सरकारले १६ वर्षमुनिका नागरिकहरूको सामाजिक सञ्जालमाथिको पहुँच प्रतिबन्ध लगाएपछि सुरु भएको लहरमा जोडिने पछिल्लो देश बनेको छ, बेलायत ।

अस्ट्रेलियाले उक्त कदम कार्यान्वयनमा ल्याएको पनि तीन महिना भएको छ । अहिले अस्ट्रेलियालीहरूलाई बारम्बार सोधिने प्रश्न हो : प्रतिबन्धको कार्यान्वयन कस्तो भइरहेको छ ? 'अहिले कार्यान्वयनको प्रभावबारे थोरै मात्र तथ्यांक उपलब्ध भएका छन्,' मानसिक स्वास्थ्य संगठन 'हेडस्पेस'की राष्ट्रिय क्लिनिकल सल्लाहकार क्यारोलिन थाइनले भनिन्,' हामीले आत्मविश्वासका साथ केही भन्नुअघि अझै केही महिना पर्खिनुपर्ने हुन्छ ।'

हेडस्पेस केन्द्रहरूमा आउने १० मध्ये एक किशोर-किशोरीले मनोपरामर्श सहायता खोज्ने कारणमा सामाजिक सञ्जाल प्रतिबन्ध बताउने गरेको उनले बताइन् । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सामाजिक सञ्जालमाथि प्रतिबन्ध कार्यान्वयनको सफलताबारे कुरा गर्दा यसलाई बन्द खाताहरूको संख्याबाट मापन गर्ने गर्छन् । १० डिसेम्बर २०२५ देखि १० समाजिक सञ्जाल प्लाटफर्मबाट ४७ लाख खाता डिएक्टिभेट गरिएका छन् । यसअन्तर्गत टिकटक, युट्युब, इन्स्टाग्राम, फेसबुक र ट्विट्जस्ता प्लाटफर्ममा रहेका अस्ट्रेलियाली किशोर-किशोरीका बन्द गरिएका संख्या मात्र समेटेको छ । उसो त शक्तिशाली सामाजिक सञ्जाल कम्पनीलाई प्रतिबन्धको पालना गराउन सक्नु आफैंमा सानो उपलब्धि थिएन । तथापि, बृहत्तर तस्बिर भने केही फरक छ ।

प्रतिबन्ध कार्यान्वयनको तीन महिनामा गत हप्ता ई-सेफ्टी कमिस्नर जुली इनम्यान ग्रान्टले प्रतिबन्धको असरबारे मूल्यांकन गर्न एक अध्ययन सुरु भएको घोषणा गरिन् । अध्ययनअन्तर्गत दुई वर्षभन्दा बढी समयसम्म ४,००० भन्दा बढी बालबालिका र तिनका परिवारहरूलाई पछ्याउनेछ । अध्ययनका क्रममा विभिन्न सर्वेक्षण गरिनेछ । स्मार्टफोन प्रयोगलाई 'ट्र्याकिङ' गरिनेछ । मोबाइल चलाएर बिताएको समयबारे जानकारी संकलन गरिनेछ । मूल्यांकनमा विद्यार्थीले विद्यालय परीक्षामा हासिल गरेका नतिजा, तिनको स्वास्थ्य चाँज र त्यस क्रममा दिइएका औषधिको प्रिस्क्रिप्सनका तथ्यांक पनि समेटिनेछ ।

'अध्ययनले विभिन्न परिणामको अन्वेषण गर्नेछ । विशेषतः बालकल्याण र मानसिक स्वास्थ्य, अनलाइन जोखिमको खतरामा आएको घटबड र बालबालिकाको डिजिटल आनीबानीमा आएको परिवर्तन मुख्य हुनेछ,' कमिस्नर इनम्यान ग्रान्टले भनिन् ,'त्यसबाहेक अध्ययनले आवश्यक पर्दा सहयोग खोज्ने प्रवृत्ति, पारिवारिक सम्बन्ध र अभिभावकका अनुभव र १६ वर्षमुनिका युवाको अनुभव तथा प्रभावको पनि जाँच गर्नेछ ।' अध्ययनका निष्कर्ष यसै वर्षको अन्त्यदेखि क्रमशः सार्वजनिक गरिने पनि ग्रान्टले बताइन् ।

> शक्तिशाली प्रविधि कम्पनीहरूलाई प्रतिबन्धको पालना गराउन सक्नु आफैंमा कुनै सानो उपलब्धि थिएन । तर, यस कदमको वास्तविक प्रभाव अर्थात् मानसिक स्वास्थ्यमा देखिएको असरबारे बताउन अझै समय भइसकेको छैन ।

सामाजिक सञ्जालमाथिको प्रतिबन्धपछि विद्यालयहरूले थोरै परिवर्तन महसुस गरेका छन् । उसो त धेरै स्कुलले पहिले नै विद्यालय समयमा मोबाइल उपकरणमाथि प्रतिबन्ध लगाएकाले पनि यस्तो न्यून परिवर्तन रेकर्ड भएको हुन सक्छ । यस्तोमा ई-सेफ्टीको अध्ययनको निष्कर्ष नबाहिरिएसम्म कुनै पनि सफलताको मापन अनुमान मात्र हुनेछ । गार्जियनले प्रतिबन्ध लागू भएको दुई महिनामा कुरा गरेका किशोर-किशोरीहरूले फरक-फरक विचार व्यक्त गरेको थियो ।

'मैले नयाँ टिकटक र स्न्यापच्याटमा खाता बनाएको छु । इन्स्टाग्रामको मेरो पुरानो खाता त अझै चलिरहेको छ । त्यसले मलाई नाबालिगको रूपमा 'फ्ल्याग' गरेको छैन,' १४ वर्षीया सराय एडेसले भनिन्, 'हामीले सोचेभन्दा सहज रूपमा सामाजिक सञ्जाल चलिरहेको छ ।'

'प्रतिबन्धपछि मलाई हामी कहिलेकाहीं सामाजिक सञ्जालमा अलि बढी नै निर्भर हुने रहेछौं भन्ने महसुस भएको छ । सञ्चार गर्ने र मनोरञ्जन प्राप्त गर्ने अरू पनि विभिन्न माध्यमहरू छन्,' १४ वर्षीया ग्रेस गुओले भनिन् ।

प्रतिबन्ध पक्षधरहरू कुनै पनि परिवर्तनको असर देखिन समय लाग्ने बताउँछन् । 'द एन्सस जेनेरेसन' नामक पुस्तकका लेखक जोनाथन हेड्टले 'हार्ड फोर्क' नामक पोडकास्टमा बोल्ने क्रममा भने ,'अबको पाँच वर्षपछि पनि अस्ट्रेलियाली किशोर-किशोरीहरूको मानसिक स्वास्थ्यमा सामान्य सुधार भएन भने म आफैं सामाजिक सञ्जालमाथिको प्रतिबन्धलाई गलत भन्नेछु ।' तथापि प्रतिबन्ध राम्ररी लागू गरिएको छ कि छैन भन्नेमा ध्यान दिनुपर्ने हेड्टले भने । हेड्टका अनुसार प्रतिबन्ध प्रभावकारी भएको मान्न कम्तीमा पनि ७० प्रतिशत लक्षित समूहले प्रतिबन्धको पालना गर्न आवश्यक हुन्छ ।

ई-सेफ्टीकी कमिस्नरले सामाजिक सञ्जाल कम्पनीहरूले प्रतिबन्धको पालना कसरी गर्छन् भन्ने कुराको मूल्यांकन गरिरहेका छन् । हेडस्पेसकी क्यारोलिन थाइनका अनुसार सामाजिक सञ्जालमा लागू प्रतिबन्धको किशोर-किशोरीमाथिको असर विभिन्न कुरामा निर्भर गर्ने बताइन् । जस्तो, एउटा किशोर-किशोरीको सम्पूर्ण सामाजिक वृत्त त्यस्ता एपबाट बाहिरिए या बाहिरिएनन् भन्ने कुरा । त्यत्तिकै महत्त्वपूर्ण अर्को घरका साना बालबालिका सामाजिक सञ्जालबाट बाहिरिँदा तिनका दाजु-दिदी अझै पनि सामाजिक सञ्जाल छन् कि छैनन् भन्ने कुरा ।

थाइन किशोर-किशोरीहरूको एउटा समूहको उदाहरण उद्धृत गर्छिन्, जसले सामूहिक रूपमा 'स्न्यापच्याट'बाट 'ह्वाट्सएप'मा सर्ने सहमति जनाए । ह्वाट्सएप प्रतिबन्धमा समावेश छैन । थाइनले अस्ट्रेलियाको प्रतिबन्धलाई पछ्याउन खोज्ने विदेशका सरकारहरूलाई किशोर-किशोरीले भन्दा बढी जानेको नमान्न र नीतिको विकासमा उनीहरूलाई समावेश गर्न आग्रह गर्छिन् । 'किशोरकिशोरीलाई असर गर्ने क्षेत्रको निर्णय लिँदा उनीहरू आफ्नो जीवनका सन्दर्भमा विशेषज्ञ हुन्छन् मानेर अधि बढ्नुस् र निर्णयको हरेक प्रक्रियामा तिनलाई समावेश गर्नुस् । तपाईं अभिभावक भएकै कारणले मात्र आफूलाई बढी थाहा भएको नसोच्नुस् । खासमा तपाईसँग अहिलेको बालबालिकाको जस्तो जन्मिएदेखि नै उनीहरूजस्तो यी प्रविधिमाझ हुर्किएको अनुभव छैन,' थाइन्ले भनिन् ।

द गार्जियनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २१ फागुन ०८२

पर्याप्त भण्डारगृह नहुँदा सधैं इन्धन अभावको त्रास

०७२ देखि ९० दिनको मागलाई धान्ने भण्डारगृह बनाउने नीति बर्सेनि दोहोरिए पनि १० वर्षमा ३० हजार किलोलिटर अटाउने पूर्वाधार मात्रै थपियो, कम्तीमा पाँच लाख ३० हजार किलोलिटरको भण्डारगृह हुनुपर्नेमा एक लाख दुई हजार किलोलिटरको स्टोरेज तयार

पेट्रोलियम पदार्थको भण्डारगृह वृद्धि गर्ने नीति छिटोभन्दा छिटो कार्यान्वयन हुनुपर्छ



सुशील भट्टराई, पेट्रोलियमविज्ञ

पेट्रोलियम भण्डारगृह वृद्धि गर्ने नीति आइरहेका छन्, तर यसको कार्यान्वयन के-कस्तो भयो भनेर अनुगमन गर्ने संयन्त्र नै भएन। आयल निगमले काम गऱ्यो भने भइहाल्यो, नत्र केही भएन भनेर अरूले पन्छिने काम पनि गरिरहेका छन्। त्यसैले नीतिगत स्थिरता हुनुपर्छ र नीति कार्यान्वयन भए-नभएको मूल्यांकन गर्ने स्थायी संयन्त्र विकास हुनुपर्छ। ९० दिनलाई पुग्ने भण्डारगृह तयार गर्ने हो भने अहिले भइरहेकामा थप पाँच लाख ३० हजार किलोलिटर अटाउने पूर्वाधार चाहिन्छ। यसमा लगानी गर्न आयल निगमले हिचकिचाउनुहँदैन। किनभने, वेला-वेला पेट्रोलियम अभाव भएका वेला भण्डारगृहको आवश्यकता महसुस गर्ने र त्यसपछि सेलाउने प्रवृत्ति राम्रो होइन। अहिले विद्युतीय सवारीसाधनको प्रयोग बढेकाले भण्डारगृह चाहिँदैन भन्ने बहस पनि हुने गरेको छ, यो बहस देशका लागि घातक छ। पेट्रोलियम पदार्थको निरन्तर वृद्धि भइरहेको खपतलाई हेरेर नयाँ पूर्वाधार बनाउनैपर्छ।

अजित अधिकारी/नयाँ पत्रिका

इजरायल-अमेरिका र इरानबिचको युद्धले मध्यपूर्वमा तनाव हुँदा नेपाली उपभोक्ता भने पेट्रोलियम पदार्थको मूल्य बढ्ने र आपूर्तिसमेत असहज हुने त्रासमा छन्। मुलुकभित्र पर्याप्त भण्डारगृह नभएकाले उपभोक्ताको यस्तो चिन्ता जायज पनि छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत असारमा तयार गरेको एक प्रतिवेदनअनुसार देशभरको भण्डारगृहले पेट्रोल र डिजेलको १३ दिन र हवाई इन्धनको माग १० दिनलाई मात्रै धान्न सक्छ। ग्यासको त हालसम्म भण्डारगृह नै तयार भएको छैन। ०७२ को भूकम्प र भारतीय नाकाबन्दीपछि कम्तीमा ९० दिनलाई पुग्ने पेट्रोलियम भण्डारगृह बनाउने बर्सेनि नीति बने पनि कार्यान्वयन नहुँदा अभावको हल्ला चल्नासाथ उपभोक्ता अतालिने गरेका हुन्। पेट्रोलियमविज्ञ सुशील भट्टराईले सरकारले नीति बनाए पनि स्थायित्व दिन नसक्दा भण्डारगृह निर्माणले तीव्रता लिन नसकेको बताए। '०७२ यताको प्रत्येक बजेटमा पेट्रोलियम भण्डारगृह बनाउने नीति त आइरह्यो, तर कार्यान्वयन पक्ष के-कस्तो छ भनेर कसैले चासो दिएका छैनन्,' उनले भने, 'कुनै-कुनै वर्षको बजेटमा त नीतिगत अस्थिरतासमेत देखिन्छ।'

पेट्रोलियम कारोबारमा एकाधिकार प्राप्त सरकारी स्वामित्वको आयल निगमसँग अहिले देशभर एक लाख दुई हजार एक सय ८४ किलोलिटर क्षमताको भण्डारगृह छ। १० वर्षमा केवल ३० हजार किलोलिटर मात्रै भण्डारण थपिएको हो। निगमसँग कोशीमा १० हजार दुई सय ५७ किलोलिटर, मधेशमा ४४ हजार नौ सय ४८ किलोलिटर, बागमतीमा २२ हजार चार सय १७ किलोलिटर, गण्डकीमा १३ हजार पाँच सय ४७ किलोलिटर, लुम्बिनीमा आठ हजार दुई सय नौ किलोलिटर, कर्णालीमा एक सय ४३ किलोलिटर र सुदूरपश्चिममा दुई हजार दुई सय ६३ किलोलिटर क्षमताको भण्डारगृह छ।

यो भण्डारगृह हालको खपतको तुलनामा न्यून रहेको वाणिज्य मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार हालको भण्डारण क्षमताले कोशीमा आठ दिन, मधेशमा २२ दिन, बागमतीमा ११ दिन, गण्डकीमा ३६ दिन, लुम्बिनीमा पाँच दिन, कर्णालीमा दुई दिन र सुदूरपश्चिममा ६ दिनको माग धान्न सकिन्छ। तर, निगमले नियमित रूपमा भण्डारगृह भरेर नराख्ने भएकाले अभाव भएका वेला तोकिएको अवधिको माग धान्न पनि मुस्किल हुन्छ।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले भने भण्डारगृह निर्माणलाई प्राथमिकतामा नै राखिएको बताए। 'पछिल्लो समय भण्डारगृह निर्माणलाई तीव्रता दिइरहेका छौं,' उनले भने, 'भारतीय अनुदान सहयोगमा झापा र चितवनमा नयाँ भण्डारगृह बन्दै छन्। उक्त निर्माणकार्य सकिएपछि इन्धन मौज्दातमा मजबुत स्थिति हुनेछ।' प्रवक्ता ठाकुरका अनुसार भारतीय अनुदानमा झापामा पेट्रोलियम पाइपलाइन र भण्डारगृह तथा चितवनमा पनि पाइपलाइन र भण्डारगृह बन्न लागेको छ। तर, उक्त भण्डारगृह निर्माणका लागि दुई वर्षअघि नेपाल-भारतको प्रधानमन्त्रीस्तरमा सझदारी भए पनि अहिलेसम्म निर्माणकार्य अघि बढेको छैन।



चितवनको लोथरमा ९१ हजार किलोलिटरको भण्डारगृह बनाउन तयार गरिँदै गरेको जग्गा। तस्बिर : **नयाँ पत्रिका**

■ भण्डारगृह बनाउन सात वर्षअघि जग्गा खरिद गर्दा नै भएको थियो भ्रष्टाचार

आयल निगमले सात वर्षअघि चलनचल्तीभन्दा चार गुणा बढी महँगो मूल्य तिरेर खरिद गरेको झापा र चितवनको जग्गामा नयाँ भण्डारगृह बनाउन लागेको छ। झापामा निगमले प्रतिकट्ठा १३ लाख ५१ हजारका दरले २३ बिघा जग्गा खरिद गरेको छ। तर, जग्गाधनीलाई चार लाखदेखि सात लाख रुपैयाँ मात्र भुक्तानी गरी करिब ३० करोड घोटाला गरेको संसदीय छानबिन समितिले ठहर गरेको थियो। चितवनको लोथर नदी-किनारमा पनि २३ बिघा जग्गा खरिद गरिएको छ। जग्गाधनीलाई प्रतिकट्ठा औसत आठ लाख दिए पनि निगमले प्रतिकट्ठा १६ लाखमा खरिद गरेर चितवनको जग्गामा १३ करोड १० लाख घोटाला भएको छानबिनमा देखिएको थियो।

पछिल्लो १० मध्ये आठवटा बजेट वक्तव्यमा पेट्रोलियम भण्डारगृह निर्माणबारे लेखिएका बुँदा

आव २०८२-०८३

अन्तरदेशीय पेट्रोलियम पाइपलाइन र भण्डारण क्षमता बढाइनेछ। इन्धनको सहज आपूर्तिका लागि भण्डारण क्षमता विस्तार गरिनेछ। अमलेखगन्ज-लोथर पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारणस्थल निर्माणकार्य अगाडि बढाइनेछ। सिलगुडी-चारआली अन्तरदेशीय पेट्रोलियम पाइपलाइन तथा भण्डारणस्थल निर्माण सुरु गरिनेछ।

आव २०८१-०८२

पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज तथा लागत प्रभावी बनाउन पेट्रोलियम पाइपलाइन निर्माणका साथै भण्डारण क्षमता बढाइनेछ।

आव ०८०-८१

न्यूनतम तीन महिनाको पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिनेछ। पोखरामा हवाई इन्धन भण्डारगृह र अमलेखगन्जमा थप दुईवटा इन्धन भण्डारगृह निर्माण सम्पन्न गरिनेछ।

आव ०७८-७९

न्यूनतम तीन महिनाको पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिनेछ।

आव ०७७-७८

चितवन, झापा र सर्लाहीमा पेट्रोलियम पदार्थको भण्डारगृहको निर्माणकार्य प्रारम्भ गरिनेछ। झापा र धनुषामा ग्यास बोटलिङ प्लान्ट निर्माणकार्य अगाडि बढाइनेछ।

आव ०७५-७६

पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाई तीन महिनाको माग धान्न सक्ने बनाइनेछ।

आव ०७४-७५

पेट्रोलियम पदार्थको आपूर्ति नियमित र सहज बनाउन सातवटै प्रदेशमा कम्तीमा ९० दिन र एलपी ग्यासको कम्तीमा ४५ दिनको माग धान्न सक्ने भण्डारगृह निर्माणकार्य सुरु गरिनेछ।

आव ०७३-७४

पेट्रोलियम पदार्थको आपूर्ति नियमित र सहज बनाउन सातवटै प्रदेशमा पर्ने गरी कम्तीमा ९० दिनको माग धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिनेछ। आयल निगमको भण्डारण क्षमता वृद्धि गर्न काभ्रेपलाञ्चोकको पाँचखाल, तनहुँको खैरेनीटार वा नुवाकोटको बङ्गार/बेत्रावतीमा आगामी वर्षभित्र जग्गा प्राप्ति, विस्तृत परियोजना प्रस्ताव र स्रोत व्यवस्थापनकार्य सम्पन्न गरी निर्माणकार्य प्रारम्भ गरिनेछ।

६ लाख किलोलिटर अट्ने भण्डारगृह आवश्यक, तर एक लाखको मात्रै पूर्वाधार

आयल निगमको सञ्चालक समितिले तयार गरेको प्रतिवेदनअनुसार तीन महिनाको मागलाई धान्न देशभर अहिले भइरहेकोबाहेक पाँच लाख ३० हजार किलोलिटर पेट्रोलियम पदार्थ अटाउने भण्डारगृह चाहिन्छ। प्रतिवेदनअनुसार कोशीमा ९० हजार, मधेशमा ६१ हजार, बागमतीमा दुई लाख १८ हजार, गण्डकीमा ३२ हजार, लुम्बिनीमा एक लाख एक हजार, कर्णालीमा ६ हजार र सुदूरपश्चिममा २२ हजार किलोलिटर इन्धन अटाउने भण्डारगृह आवश्यक छ। पाँच वर्षभित्र निर्माण सक्ने लक्ष्यका साथ उक्त पूर्वाधार तयार गर्नुपर्ने प्रतिवेदनको सुझाव छ। तर, ९० दिनलाई पुग्ने भण्डारण निर्माणको चर्चा चलेको १० वर्ष बितिसक्दा प्रदेशमा दुई दिनदेखि ३६ दिनसम्मको माग धान्ने मात्रै पूर्वाधार तयार भएको छ।

पेट्रोलियमविज्ञ सुशील भट्टराईले एकैपटक ९० दिनको माग धान्न सक्ने पूर्वाधार बनाउन नसके सुरुवातमा एक-दुई महिनाका लागि भए पनि पूर्वाधार निर्माणको सुरुवात गर्नुपर्ने बताए। 'अहिले आयल निगम निरन्तर नाफामा नै छ। त्यसैले ठुला पूर्वाधार बनाउन आर्थिक समस्या छैन,' उनले भने, 'यो वेला एक-दुई महिनाको माग धान्न सक्ने क्षमताका मात्रै पूर्वाधार भए पनि तयार गर्नीतर लाग्नुपर्छ।'

१० वर्षमा ३० हजार किलोलिटरको स्टोरेज थपियो

१० वर्षमा मुस्किलले ३१ हजार किलोलिटर भण्डारगृह मात्रै थपिएको छ। यसमध्ये मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएकाले करिब २५ हजार किलोलिटरको भण्डारण थपिएको हो। पाइपलाइनबाट आएको तेल राख्न बाराको अमलेखगन्जमा पेट्रोल भण्डारण गर्न १३ हजार दुई सय किलोलिटरको नयाँ स्टोरेज ट्यांक निर्माण भएको छ। त्यस्तै, डिजेलको १० हजार किलोलिटर अटाउने नयाँ भण्डारगृह थपिएको छ। पोखरा विमानस्थलपरिसरमा ३६ सय किलोलिटर क्षमताको भण्डारगृह निर्माण भए पनि सञ्चालनमा आइसकेको छैन।

घरजग्गा व्यवसायीले लाइसेन्स लिनुपर्ने व्यवस्था तत्काल लागू नहुने

लाइसेन्स पाएका कम्पनीले भू-सेवा केन्द्रको सञ्चालन अनुमति नलिएसम्मका लागि यो व्यवस्था स्थगित



पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले घरजग्गा कारोबार गर्ने कम्पनीलाई लाइसेन्स वितरण गरे पनि यो व्यवस्था तत्कालका लागि स्थगित भएको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार मालपोत ऐन, २०३४ को दफा २६ 'क'अनुसार घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम सरकारले २७ असोजमा राजपत्रमा प्रकाशित सूचना गरी महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरूबिच घरजग्गासम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ। लिखत पारित गर्दा महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्रको तीन करोडभन्दा माथिको थैली अंक भएको घरजग्गा कारोबारसम्बन्धी लिखत २५ फागुनदेखि अनिवार्य रूपमा इजाजतपत्रप्राप्त कम्पनी तथा संघ-संस्थामार्फत मात्र गर्ने-गराउने व्यवस्था गरिएको थियो। तर, मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) को नियम २३ 'ठ'मा इजाजतपत्रप्राप्त व्यक्तिले सोही नियमावलीको २३ 'क'बमोजिमको भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीको माध्यमबाट घरजग्गासम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था छ।

माघमा ५० हजार आठ सय ३७ पुगेको छ। त्यस्तै, संशोधन पाँच हजार ६ सय ५० बाट घटेर पाँच हजार पाँच सय ५८ कायम भएको छ। हाल साबिक (पुरानो अभिलेख अद्यावधिक) पनि २० हजार ६ सय ५१ बाट घटेर १९ हजार दुई सय ३८ बाट पुगेको छ।

पछिल्लो दुई महिनाको घरजग्गा कारोबार विवरण

विवरण	माघ	पुस
नामसारी	५०,८३७	५१,८८८
संशोधन	५,५५८	५,६५०
हालसाबिक	१९,२३८	२०,६५१
रोक्का	३,९१६	४,१४३
फुकुवा	३५,१३१	४०,८३९
अपार्टमेन्टको लिखत	३२,५३३	३२,९९३
जग्गा दर्ता	२९	२०
दाखिल खारेज	७९८	४४१
मोही हक कायम	१,९५४	२,०३५
मोहियानी हक नामसारी	१	१
मोही लगत कट्टा	६२	८३
जग्गा बाँडफाँट	३२६	३९४
प्रतिलिपि प्रक्रिया	१०१	१०५
गुठी जग्गाको लिखत	२,७८५	२,९७७
गुठी जग्गाको नामसारी	१४४	१८५
गुठी जग्गाको दाखिल खारेज	८४	५३
गुठी जग्गा तथा सम्पदा	९	४
गैरघरजग्गासम्बन्धी लिखत	०	०
आयोजना फिर्ताको लिखत	३८५	३८४
स्रेस्ता एकीकरण	०	२
जग्गा रोक्का (कुल)	२९	२९
	१,५३,९२०	१,६२,८७७



लाइसेन्स पाएका कम्पनीले भू-सेवा केन्द्रको सञ्चालन अनुमति नलिएसम्मका लागि यो व्यवस्थालाई स्थगित गरिएको हो। 'भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीका माध्यमबाट घरजग्गासम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएकाले इजाजतपत्रप्राप्त व्यक्तिले भू-सेवा केन्द्र सञ्चालनको अनुमति नलिएसम्म यसअघि गरिएको परिपत्रको व्यवस्था अर्को आदेश नभएसम्म स्थगित गरिएकाले साबिकबमोजिम नै काम-कारबाही गर्न-गराउनुहुन आदेशानुसार अनुरोध छ,' विभागको सूचनामा उल्लेख छ।

माघमा खुम्चियो घरजग्गा किनबेच

पुसको तुलनामा माघमा घरजग्गा कारोबार खुम्चिएको छ। पुसमा देशभरका मालपोत कार्यालयबाट एक लाख ६२ हजार आठ सय ७७ वटा घरजग्गा कारोबार भएकोमा माघमा एक लाख ५३ हजार नौ सय २० वटा कारोबार भएको छ। नामसारी सेवा पुसमा ५१ हजार आठ सय ८८ रहेकोमा घटेर पुसमा रोक्का चार हजार एक सय ४३ रहेकोमा माघमा तीन हजार नौ सय १६ बाट पुगेको छ। फुकुवा ४० हजार आठ सय ३९ बाट घटेर ३५ हजार एक सय ३१ कायम भएको छ। अपार्टमेन्टको लिखत पारित पुसमा ३२ हजार नौ सय ९३ पुगेकोमा माघमा ३२ हजार पाँच सय ३३ पुगेको छ। जग्गा दर्ता भने २० बाट बढेर २९ पुगेको छ। दाखिल खारेज चार सय ४१ बाट बढेर सात सय ९८ पुगेको छ।

मोही हक कायम दुई हजार ३५ बाट घटेर एक हजार नौ सय ५४ कायम भएको छ। मोहियानी हक नामसारी दुवै महिनामा एक-एक रहेको छ। मोही लगत कट्टा ८३ बाट घटेर ६२ पुगेको छ। जग्गा बाँडफाँट तीन सय ९४ बाट घटेर तीन सय २६ पुगेको छ।

भारतसँग 'पिइसी'को बैठक बसेर हिउँदलाई बिजुली खरिद गर्ने

एक वर्षअघि भएको बैठकमा विद्युत्को मूल्य प्रतियुनिट ७.९८ भारुबाट १.५० प्रतिशतले बढाएर ८.१ भारु पुऱ्याइएको थियो, उक्त सम्झौताको अवधि मार्चमा सकिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल-भारत संयुक्त पावर एक्सचेन्ज कमिटी (पिइसी)को बैठक मार्च तेस्रो साता (चैत पहिलो साता) बस्ने तयारी गरिएको छ। नेपाल र भारतको बिहार र उत्तर प्रदेशबिच विद्युत् खरिद-बिक्री गर्ने गरी सन् १९९१ मा बनेको उक्त समितिको बैठक मार्च तेस्रो साता बस्ने प्रस्ताव नेपाल विद्युत् प्राधिकरणले गरेको हो।

पिइसीमा प्राधिकरणको कार्यकारी निर्देशक र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका सदस्य सहअध्यक्ष हुने व्यवस्था छ। यसअघि भारतमा हुँदै आएको यो समितिको बैठक यो वर्ष नेपालमा बस्ने प्रस्ताव गरिएको छ। प्राधिकरणले मार्च तेस्रो साता बैठक बस्ने प्रस्ताव पठाएको छ। त्यसमा भारतीय पक्षबाट 'कन्फर्मेसन' आउन भने बाँकी छ।

ऊर्जासचिव चिरञ्जीवी चटौतले पनि पिइसी बैठक राख्न प्राधिकरणलाई अनुमति दिइसकेको जानकारी दिए। प्राधिकरणका प्रवक्ता राजन ढकालले मार्च तेस्रो साता बैठक बस्ने प्रस्ताव गरेको बताए। 'हामीले मार्च तेस्रो साता पिइसी बैठक बस्न प्रस्ताव गरेका छौं। भारतीय पक्षबाट कन्फर्मेसन आउन बाँकी छ,' उनले बताए।


अप्रिलदेखिको विद्युत् माग पूर्ति गर्न तत्काल भारतसँग बैठक बस्नुपर्छ



● **राजन ढकाल**, प्रवक्ता
नेपाल विद्युत् प्राधिकरण

हामीले मार्च तेस्रो साता पिइसी बैठक बस्न प्रस्ताव गरेका छौं। भारतीय पक्षबाट कन्फर्मेसन आउन बाँकी छ। पिइसीबाट विद्युत् ल्याउन सकियो भने अप्रिलदेखिको विद्युत्को मागलाई व्यवस्थापन गर्न केही सहज हुनेछ। त्यसकारण पनि यो बैठक तत्काल गर्नुपर्ने दबाब छ।

पिइसीको पछिल्लो बैठक ३० माघ ०८१ मा नयाँदिल्लीमा भएको थियो। त्यस बैठकमा विद्युत्को मूल्य प्रतियुनिट ७.९८ भारुबाट १.५० प्रतिशतले बढाएर ८.१ भारु पुऱ्याइएको थियो। सरकारले प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई बर्खास्त गर्दा मूल्य बढाएर उक्त सम्झौता गरेको भन्दै स्पष्टीकरणसमेत सोधेको थियो। यद्यपि, पछि त्यो कार्यान्वयनमा गइसकेको थियो।



उक्त सम्झौताको अवधि यही मार्च मसान्तमा सकिँदै छ। अप्रिलदेखि नयाँ सम्झौता गर्नुपर्नेछ। त्यसकारण पनि तत्काल यो बैठक गर्नुपर्नेछ।

■ अप्रिलबाट विद्युत् व्यवस्थापनमा चुनौती

अप्रिलदेखि नेपाललाई थप विद्युत् चाहिने देखिएको छ। प्राधिकरणले अहिले इन्डियन इनर्जी एक्सचेन्जबाट ६ सय ६४ मेगावाटसम्म र पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गरिरहेको छ। पिटिसीसँगको सम्झौताको म्याद मेसम्म भए पनि इन्डियन इनर्जी एक्सचेन्जबाट विद्युत् खरिद गर्न पाउने अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ। त्यसपछि २४ घण्टा नै बिजुली पाउनेमा चुनौती छ। गर्मीका कारण अप्रिलदेखि भारतमा पनि विद्युत्को माग धेरै हुन्छ। विगतमा भारतले यो समयमा पिक आवर वा रातिको समयमा विद्युत् दिने गरेको थिएन। यसपालि पनि सोही प्रवृत्ति दोहोरिन सक्ने जोखिम छ। त्यो अवस्थामा प्राधिकरणले 'व्याकअप'मा थप १०० मेगावाट विद्युत् पिपिए नै गरेर २४ घण्टा नै आयात गर्न खोजेको थियो। तर, त्यसका लागि दुईपटक आह्वान गरिएको टेन्डरमा भारतीय कम्पनीले प्रस्ताव पेस नै गरेनन्।

त्यसले गर्दा अप्रिलदेखिको विद्युत् व्यवस्थानमा चुनौती थपिँदै छ। त्यो अवस्थामा पिइसीबाट विद्युत् ल्याउन सकेमा केही सहज हुने प्रवक्ता ढकालले बताए। 'पिइसीबाट विद्युत् ल्याउन सकियो भने अप्रिलदेखिको विद्युत्को मागलाई व्यवस्थापन गर्न केही सहज हुनेछ। त्यसकारण पनि यो बैठक तत्काल गर्नुपर्ने दबाब छ,' उनले बताए।

पिइसीमा गरेको सम्झौताअनुसार विद्युत् ल्याउनैपर्ने बाध्यता हुँदैन। यो 'टेक अर पे' नभएर 'टेक एन्ड पे' मोडेलको सम्झौता हो। नेपालमा विद्युत् कम उत्पादन भएको र भारतको अन्य बजारबाट सस्तोमा बिजुली नपाएको अवस्थामा पिइसीबाट विद्युत् आयात गर्न सकिनेछ। नेपालले सन् १९८५ देखि भारतको बिहार र उत्तर प्रदेशबाट विद्युत् आयात गर्दै आएको छ। त्यसमा पहिला संयुक्त जलस्रोत समितिले वार्षिक रूपमा मूल्य पुनरावलोकन गर्दै आइएको थियो। सन् १९९२ यता भने पिइसीमार्फत मूल्य पुनरावलोकन गरिँदै आइएको छ। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका क्रममा डिसेम्बर १९९१ मा गठन भएको पिइसीमा प्राधिकरणको कार्यकारी निर्देशक र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका सदस्य सहअध्यक्ष हुने व्यवस्था छ।

सात महिनामा ओटिसी बजारमा तीन अर्ब २६ करोडको सेयर कारोबार

फोन पेको मात्रै एक अर्ब ५१ करोडको सेयर कारोबार, किनबेचबाट ३१ करोड पाँच लाखको पुँजीगत लाभकर उठ्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को माघ मसान्तसम्म ओभर-द-काउन्टर (ओटिसी) बजारमा तीन अर्ब २६ करोड ८८ लाख रुपैयाँबराबर सेयर कारोबार भएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार उक्त अवधिमा २९ कम्पनीको एक करोड ६० लाख ८८ हजार सात सय २९ कित्ता सेयर किनबेच भएको छ।

दोस्रो बजारबाहिर हुने यस्ता कारोबारमा सीमित पक्षबिच प्रत्यक्ष किनबेच हुने भएकाले एकैपटक ठुलो परिमाणमा सेयर हस्तान्तरण हुने गर्छ। तथ्यांकअनुसार आर्थिक वर्षको सुरुवातदेखि माघ मसान्तसम्म उद्योग, ऊर्जा, होटेल, ब्रोकरेज, क्यापिटल, डिजिटल भुक्तानी सेवा, लगानी तथा स्वास्थ्य क्षेत्रका कम्पनीहरूको सेयर ठुलो परिमाणमा किनबेच भएका छन्।

सबैभन्दा ठुलो कारोबार फोनपे पेमेन्ट सर्भिसमा भएको छ। २५ माघमा ११ लाख ५२ हजार ११ कित्ता सेयर प्रतिकित्ता एक हजार तीन सय १५ रुपैयाँका दरले किनबेच भएको छ। यो कम्पनीको मात्रै कुल एक अर्ब ५१ करोड ४८ लाख ९४ हजार चार सय ६५ रुपैयाँबराबरको रकमको कारोबार भएको हो। यसबाट मात्र १८ करोड ३५ लाख ११ हजार चार सय ३२ रुपैयाँ ८० पैसा पुँजीगत लाभकर संकलन भएको नेप्सेले जनाएको छ।

२ असोजमा होटेल फरेस्ट इन लिमिटेडमा १७ लाख ४० हजार कित्ता एक सय २४ रुपैयाँ २९ पैसाका दरले कारोबार भएको छ। यो कम्पनीको २१ करोड ६२ लाख ६५ हजार रुपैयाँमा कारोबार भएको छ। जसबापत पुँजीगत लाभकर ४२ लाख २६ हजार पाँच सय रुपैयाँ तिरिएको छ। सोही दिन थप २० हजार कित्ता १०० रुपैयाँ दरमा २० लाख रुपैयाँमा कारोबार भएको छ। फेस भ्यालुमा कारोबार हुँदा यसबाट कर संकलन शून्य देखिएको छ।

बिजनेस इन्ट्रेस्ट ग्रुप अफ इन्डस्ट्री लिमिटेडमा ७ कात्तिकमा १३ लाख ८० हजार आठ सय ५० कित्ता एक सय ३५ रुपैयाँ २४ पैसाका दरले खरिद-बिक्री भएको छ। कुल १८ करोड ६७ लाख ४७ हजार एक सय ५० रुपैयाँमा कारोबार हुँदा पुँजीगत लाभकर ६१ लाख ८० हजार ९० रुपैयाँको संकलन भएको छ।

सर्वोत्तम स्टिलमा तीनपटक ठुलो कारोबार

सर्वोत्तम स्टिलको ४ साउनमा सात लाख ४४ हजार ६ सय ५८ कित्ता १४०.६३ रुपैयाँ दरले बिक्री भएको छ। कुल १० करोड ४७ लाख २२ हजार एक सय २० रुपैयाँको कारोबार हुँदा ३० लाख ३० हजार ६ सय ३२ रुपैयाँको पुँजीगत लाभकर उठेको छ।

१६ कात्तिकमा चार लाख ३२ हजार चार सय ३२ कित्ता एक सय ३० रुपैयाँका दरले किनबेच भएको छ। पाँच करोड ६२ लाख १६ हजार एक सय ६० रुपैयाँको कारोबार हुँदा पुँजीगत लाभकर १२ लाख ९७ हजार दुई सय ९६ को कारोबार भएको छ। १७ कात्तिकमा सात लाख ४६ हजार ६ सय ५८ कित्ता १४०.९४ रुपैयाँका दरले कारोबार भएको छ। १० करोड ५२ लाख ३२ हजार एक सय २० रुपैयाँ किनबेच हुँदा पुँजीगत लाभकर ३० लाख ३६ हजार ६ सय ३२ उठेको छ।

बुढानीलकण्ठ हेरिटेजमा तीन मितिमा फरक दरमा कारोबार

२७ असोजमा बुढानीलकण्ठ हेरिटेजको १८ लाख ७३ हजार चार सय ९७ कित्ता ६३.१७ रुपैयाँ दरले ११ करोड ८३ लाख ४५ हजार आठ सय ४७ रुपैयाँ ३० पैसामा किनबेच भएको छ। यसबाट पुँजीगत लाभकर १८ लाख ८२ हजार नौ सय ६६ रुपैयाँ पाँच पैसा संकलन भएको छ।

२९ असोजमा २३ लाख १९ हजार ६ सय ७६ कित्ता ७५ रुपैयाँका दरले १७ करोड ३९ लाख ७५ हजार सात सय रुपैयाँको सेयर कारोबार भएको छ। पुँजीगत लाभकरबापत ८६ लाख ९८ हजार सात सय ८५ रुपैयाँ उठेको छ। १६ कात्तिकमा ४९ हजार सात सय ५० कित्ता ८० रुपैयाँका दरले सेयर किनबेच भएको छ। ३९ लाख ८० हजार रुपैयाँको किनबेच हुँदा पुँजीगत लाभकर दुई लाख २३ हजार आठ सय ७५ रुपैयाँ उठेको छ।

ऊर्जा क्षेत्रमा पनि उच्च कारोबार

२० भदौमा सानिमा हाइड्रोपावर लिमिटेडको तीन लाख तीन हजार सात सय १९ कित्ता तीन सय रुपैयाँका दरले कारोबार भएको छ। नौ करोड ११ लाख १५ हजार सात सय रुपैयाँमा किनबेच हुँदा ६० लाख ७४ हजार तीन सय ८० रुपैयाँको पुँजीगत लाभकर संकलन भएको छ।

सोलार फर्म लिमिटेडको १६ भदौमा तीन लाख कित्ता एक सय ७० रुपैयाँका दरले कारोबार भएको छ। कुल पाँच करोड १० लाख रुपैयाँको कारोबार हुँदा ३१ लाख ५० हजार रुपैयाँ पुँजीगत लाभकर संकलन भएको छ।

२ मंसिरमा इलेक्ट्रो पावर कम्पनी लिमिटेडको १४ लाख कित्ता एक सय एक रुपैयाँका दरले बिक्री भएको छ। १४ करोड १४ लाख रुपैयाँको कारोबार हुँदा कर एक लाख ४३ हजार एक सय रुपैयाँको संकलन भएको छ। २२ असोजमा गर्ज्याङ उपत्यका हाइड्रोपावर लिमिटेडको ४३ हजार चार सय कित्ता ११२.५० रुपैयाँका दरले किनबेच भएको छ। कुल ४८ लाख ८२ हजार पाँच सय रुपैयाँको कारोबार हुँदा ५४ हजार दुई सय ५० रुपैयाँ कर संकलन भएको छ।

२० पुसमै यही कम्पनीको एक लाख ४१ हजार सात सय पाँच कित्ता एक सय ३० रुपैयाँका दरले एक करोड ८४ लाख २१ हजार ६ सय ५० रुपैयाँको कारोबार भएको छ। पुँजीगत लाभकर भने ६ लाख ३७ हजार ६ सय ७२ रुपैयाँ उठेको छ।

ब्रोकरेज र क्यापिटल कम्पनीहरूको पनि सेयर कारोबार


हिमालयन ब्रोकरेज कम्पनी लिमिटेड दुईपटक कारोबार भएको देखिन्छ। ५ असोजमा दुई लाख कित्ता सेयर दुई करोड नौ लाखको मूल्यमा किनबेच भएको छ। त्यस्तै, २५ माघमा ६० हजार कित्ता ६७ लाख ८० हजार रुपैयाँमा कारोबार भएको छ। प्रभु क्यापिटल लिमिटेडको २२ लाख १३ हजार चार सय ४४ रुपैयाँमा किनबेच भएको छ। सिटिजन्स क्यापिटल लिमिटेडको नौ लाख रुपैयाँ, मिल्किवे सेयर ब्रोकर कम्पनी लिमिटेड दुईपटक एक करोड ७१ लाख ७० हजार रुपैयाँमा किनबेच भएको छ। सिक्योर्ड सेक्युरिटिज लिमिटेडको ७८ लाख ६९ हजार आठ सय ९४ रुपैयाँ, अनलाइन सेक्युरिटिज लिमिटेडको नौ करोड २२ लाख ७५ हजार आठ सय रुपैयाँ, स्टोक्सआर्ट्स् सेक्युरिटिज लिमिटेड तीन करोड नौ लाख रुपैयाँ र भोले गणेश सेक्युरिटिज लिमिटेड पाँच करोड १४ लाख पाँच हजार ६ सय रुपैयाँमा किनबेच भएको छ।

त्यस्तै, छिमेकी बजार व्यवस्थापन कम्पनी ८६ लाख ७१ हजार तीन सय ६४ रुपैयाँ, स्नो रिभर लिमिटेड तीन करोड ३० लाख रुपैयाँ, इसेवा लिमिटेड चार करोड ९७ लाख ९४ हजार ६ सय ६८ रुपैयाँ, टाइम फर्मास्युटिकल्स लिमिटेड १९ लाख ७१ हजार रुपैयाँ, हिमसिला पावर कम्पनी लिमिटेड १९ लाख ७१ हजार रुपैयाँ, लक्ष्य होल्डिङ्स लिमिटेड ४० लाख ५० हजार पाँच सय ४८ रुपैयाँ १० पैसा, प्रोपर्टी विजार्ड लिमिटेड सात करोड ३१ लाख २५ हजार रुपैयाँ, फेडेरल रिइन्स्योरेन्स ब्रोकर लिमिटेड दुई करोड ५२ लाख ५० हजार रुपैयाँ, आदर मल्टी इन्भेस्टमेन्ट कम्पनी लिमिटेड दुईपटक एक करोडभन्दा बढी, अल्फा क्यापिटल लिमिटेड ३० लाख रुपैयाँमा, हाई लाइफ एग्रो एन्ड फुड्स इन्डस्ट्रिज लिमिटेड दुई करोड ७० लाख रुपैयाँ, ग्रान्डी इन्टरनेसनल हस्पिटल लिमिटेड एक करोड रुपैयाँ र हाथवे स्टक डिलर लिमिटेड ६ लाख ८२ हजार आठ सय रुपैयाँमा किनबेच भएको छ।

■ सात महिनामा ओटिसी बजारमा भएका कम्पनीका सेयर कारोबारको तथ्यांक

मिति	कम्पनी	कारोबार कित्ता	कारोबार रकम (रु.)	प्रतिकित्ता दर	पुँजीगत लाभकर
०४/०४/२०८२	सर्वोत्तम स्टिल लिमिटेड	७,४४,६५८	१०,४७,२२,१२०	१४०.६३	३०,३०,६३२
०४/०४/२०८२	छिमेकी बजार व्यवस्था कम्पनी	२१,०४७	८,६७,१३,६४४	४१२	६,५६,६६६.४
०४/२८/२०८२	स्नो रिभर लिमिटेड	३,००,०००	३,३०,००,०००	११०	३,००,०००
०५/०३/२०८२	इसेवा लिमिटेड	२,९२,६००	४९,७९,४,६६८	१७०.१८	७८,२९,९७,६०
०५/०३/२०८२	मिल्किवे सेयर ब्रोकर्स कम्पनी लिमिटेड	२०,०००	२०,२०,०००	१०१	२,०००
०५/१६/२०८२	सोलार फर्म लिमिटेड	३,००,०००	५,१०,००,०००	१७०	३१,५०,०००
०५/१६/२०८२	प्रभु क्यापिटल लिमिटेड	१८,७५८	२२,१३,४४४	११८	३,३७,६४४
०५/२०/२०८२	सानिमा हाइड्रोपावर लिमिटेड	३,०३,७१९	९,११,१५,७००	३००	६०,७४,३८०
०६/०२/२०८२	होटेल फरेस्ट इन लिमिटेड	१७,४०,०००	२,१६,२६,५,०००	१२४.२९	४२,२६,५००
०६/०२/२०८२	होटेल फरेस्ट इन लिमिटेड	२०,०००	२०,००,०००	१००	०
०६/०५/२०८२	हिमालयन ब्रोकरेज कम्पनी लिमिटेड	२,००,०००	२०,९७,६,२२०	१०४.८८	९७,६२२
०६/२२/२०८२	गर्ज्याङ उपत्यका हाइड्रोपावर लिमिटेड	४३,४००	४,८८,२५००	११२.५	५४,२५०
०६/२७/२०८२	बुढानीलकण्ठ हेरिटेज लिमिटेड	१८,७३,४९७	१,१८,३४,५८,४७	६३.१७	१८,८२,९६६.०५
०६/२९/२०८२	बुढानीलकण्ठ हेरिटेज लिमिटेड	२३,१९,६७६	१,७३,९७,५७,०००	७५	८,६९,८७,८५
०७/१३/२०८२	सेक्युरड सेक्युरिटिज लिमिटेड	४७,४०९	७८,६९,८९४	१६६	३,१२,८९९.४०
०७/१६/२०८२	सर्वोत्तम स्टिल लिमिटेड	४,३२,४३२	५,६२,१६,१६०	१३०	१२,९७,२९६
०७/१६/२०८२	बुढानीलकण्ठ हेरिटेज लिमिटेड	४९,७५०	३,९८,००,०००	८०	२,२३,८७५
०७/१७/२०८२	मिल्किवे सेयर ब्रोकर्स कम्पनी लिमिटेड	१,५०,०००	१५,१५०,०००	१०१	१५,०००
०७/१७/२०८२	सर्वोत्तम स्टिल लिमिटेड	७,४६,६५८	१०,५२,३२,१२०	१४०.९४	३०,३६,६३२
०८/०२/२०८२	इलेक्ट्रो पावर कम्पनी लिमिटेड	१४,००,०००	१,४१,४०,००,०००	१०१	१,४३,१००
०८/०४/२०८२	टाइम फर्मास्युटिकल्स लिमिटेड	५,४००	१९,७१,०००	३६५	१,४३,१००
०८/१५/२०८२	हिमशिला पावर कम्पनी लिमिटेड	३८,०००	१९,७१,०००	५१.८७	०
०८/१२/२०८२	लक्ष्या होल्डिङ्स लिमिटेड	३८,६५५	४,०५०,५४८	१०४.७९	१९,४०४.८१
०९/०८/२०८२	प्रोपर्टी विजार्ड लिमिटेड	५,८५,०००	७,३१,२५,०००	१२५	१४,६२,५००
०९/०९/२०८२	स्टोकएक्सआर्टस् सेक्युरिटिज लिमिटेड	३,००,०००	३,०९,००,०००	१०३	९०,०००
०९/१४/२०८२	सिटिजन्स क्यापिटल लिमिटेड	५,०००	९,००,०००	१८०	४०,०००
०९/१६/२०८२	हातवे स्टक डिलर लिमिटेड	६,८२४	६,८२,८००	१००.०६	०
०९/१७/२०८२	अनलाइन सेक्युरिटिज लिमिटेड	४,०८,३००	९,२७,७५,८००	२२६	५,१४,४५८०
०९/१७/२०८२	फेडेरल रिइन्स्योरेन्स ब्रोकरेज लिमिटेड	२५,०००	२५,२५,०००	१,०१०	१,७९,५००
०९/२०/२०८२	गार्ज्याङ उपत्यका हाइड्रोपावर लिमिटेड	१,४१,७०५	१८,४२,१६,५००	१३०	६,३७,६७२
०९/२८/२०८२	आदर मल्टि इन्भेस्टमेन्ट कम्पनी लिमिटेड	२५,०००	३,३,११,७५०	१३२.४७	८१,१७५
०९/२८/२०८०	आदर मल्टी इन्भेस्टमेन्ट कम्पनी लिमिटेड	८०,०००	७,२८,५८,५००	९१.०७	१,७८,५८५
०९/३०/२०८२	अल्फा क्यापिटल लिमिटेड	१५,०००	३०,००,०००	२००	१,५०,०००
१०/०४/२०८२	हाई लाइफ एग्रो एन्ड फुड्स इन्डस्ट्री	२,७०,०००	२७,००,००,०००	१००	०
१०/०७/२०८२	बिजनेस इन्ट्रेस्ट ग्रुप अफ इन्डस्ट्री लिमिटेड	१३,८०,८५०	१८,६७,४७,१५०	१३५	६,१८,००,९०
१२/१०/२०८२	भोले गणेश सेक्युरिटिज लिमिटेड	४,२८,३८०	५१,४०,५६०	१२०	८,५६,७६०
१०/२५/२०८२	हिमालयन ब्रोकरेज कम्पनी लिमिटेड	६०,०००	६,७८,००,०००	११३	७८,०००
१०/२५/२०८२	फोनपे पेमेन्ट सर्भिस	११,५२,०११	१५,१४,८९,४६५	१,३१५	१,८३,५१,१४३२.८
१०/२६/२०८२	ग्रान्डी इन्टरनेसनल अस्पताल लिमिटेड	१,००,०००	१,००,००,०००	१००	०

मध्यपूर्वका १६४ नेपाली लिएर फ्लाई दुबईको काठमाडौं उडान



नयाँ पत्रिका

मध्यपूर्वका एक सय ६४ नेपाली नागरिक लिएर फ्लाई दुबईले काठमाडौं उडान गरेको छ। नेपाली समयअनुसार बुधबार राति पाँच बजेर ५६ मिनेटमा उडेको एफजेड ५७३ कलसाइनको विमान काठमाडौंस्थित त्रिभुवन विमानस्थलमा राति ११.५८ मा अवतरण हुने कार्यतालिका रहेको फ्लाई दुबईको वेबसाइटमा उल्लेख छ।

उक्त विमानमा नौजना बिजनेस क्लासमा र एक सय ५५ जना इकोनोमी क्लासमा बसेर उडान गरेको त्रिभुवन विमानस्थल कार्यालयका प्रवक्ता सन्तुष्ट बस्नेतले जानकारी दिए। 'फ्लाई दुबईको एउटा विमानले काठमाडौं विमानस्थलका लागि उडान गरेको छ, त्यसमा एक सय ६४ जना यात्रु रहेको जानकारी प्राप्त भएको छ,' उनले भने।

फ्लाई दुबईको त्रिभुवन विमानस्थलस्थित एयरपोर्ट सर्भिस म्यानेजर नरनारायण पक्वानले पनि नेपाली नागरिक लिएर दुबई इन्टरनेसनल एयरपोर्टबाट काठमाडौंका लागि विमान उडेको पुष्टि गरे। 'एउटा विमान काठमाडौंका लागि उडान गरेको छ, यस विषयमा थप जानकारी नागरिक उड्डयन प्राधिकरणबाट लिन सक्नुहुन्छ,' उनले भने। दुबईबाट काठमाडौंका लागि बुधबार फ्लाई दुबईका तीनवटा उडान कार्यतालिका थियो। त्यसमध्ये दिउँसो १२.५५ र २.३५ को उडान भने रद्द भएको थियो।

इजरायल-अमेरिका र इरानबिचको युद्धका कारण मध्यपूर्वका उडान गत शनिबारदेखि रोकिएको थियो। त्यसयता पहिलोपटक फ्लाई दुबईले काठमाडौं अवतरणको कार्यतालिका बनाएको हो। मध्यपूर्वबाट नेपाल आउनका लागि करिब एक हजार नेपाली ट्रान्जिटमा फसेको पराष्ट्र मन्त्रालयले जनाएको छ। ट्रान्जिटमा रहेका नेपालीलाई सम्बन्धित विमान कम्पनीले बसोवासको व्यवस्थापन गरेको पराष्ट्रले जनाएको छ।

नेपाल वायुसेवा निगमको खाडी मुलुकतर्फको उडान रद्द



मध्यपूर्व क्षेत्रमा भएको असहज परिस्थिति तथा हवाई क्षेत्र बन्दका कारणले नेपाल वायुसेवा निगमको उडान रद्द भएको छ। बुधबार काठमाडौंबाट दोहा र दमामतर्फको उडान र बिहीबार फर्किने उडान रद्द भएको निगमले जानकारी दिएको छ।

नेपाल वायुसेवा निगमको मध्यपूर्व दुबई, दोहा र दमाममा हुने आगामी दिनको उडान सम्बन्धमा नेपाल वायुसेवा निगमको सूचनाअनुसार वा तोकिएको नम्बरमा सम्पर्क गरेर मात्र विमानस्थल प्रस्थान गर्न आग्रह गरेको छ। थप जानकारीका लागि नेपाल वायुसेवा निगमको आधिकारिक वेबसाइट तथा निगमको आधिकारिक सामाजिक सञ्जाल नियमित रूपमा अवलोकन गर्न निगमको अनुरोध छ।

निर्वाचनको दिनको उडान

बिहीबार निर्वाचनको दिन देशभर सबै प्रकारका आन्तरिक उडान आवश्यकताअनुसार सञ्चालन हुने तथा अन्तर्राष्ट्रिय उडान (मध्य-पूर्वी गन्तव्यहरूको उडानबाहेक) सामान्य रूपमा सञ्चालन हुने नेपाल नागरिक उड्डयन प्राधिकरणले जानकारी दिएको छ।

साथै, मध्य-पूर्वी गन्तव्यहरूको उडान सञ्चालन सम्बन्धित देशको निर्णय तथा उडान हुने विमानस्थलको अवस्थाका आधारमा वायुसेवा कम्पनीको संशोधित उडानतालिकाबमोजिम सञ्चालन हुनेसमेत जानकारी गराइने जनाएको छ।

१२० मेगावाट क्षमताका ९२ आयोजना

तनहुँ/ तनहुँ जलविद्युत् आयोजनामार्फत ९२ वटा आयोजना सम्पन्न भएका छन्। तनहुंको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताका ९२ योजना सम्पन्न भएका छन्। यसैगरी, आठवटा सञ्चालनमा आएका छन्।

ऋषिङ- ७ स्थित माछदाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, म्याग्दे गाउँपालिका- ३ स्थित किलचोक शाखा सडकको नाला निर्माण, भिमाद नगरपालिका- ५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण भएको छ। त्यस्तै, ऋषिङ गाउँपालिका- ७ स्थित डाँडीवन चुलेसी पहुँचमार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने चारवटा झोलुंगे पुलका लागि लट्ठा आपूर्ति तथा ढुवानी, वानटाङ खोलामा पक्की पुल निर्माण, व्यास नगरपालिका- ५, पाटनमा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक र ऋषिङ गाउँपालिका- १ स्थित खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम सञ्चालनमा रहेका छन्।

■ मुडेको आलु



दोलखा र सिन्धुपाल्चोकको सीमानजिकको मुडे बजारमा बिक्रीका लागि राखिएको आलु, छुर्पीलगायत सामग्री। मुडेको आलु राजधानी काठमाडौंमा समेत चर्चित छ। तस्बिर : **कृष्ण रिजाल**/नयाँ पत्रिका

एआई-नेटिभ कल सेन्टर 'टिडटिङ कनेक्ट' सार्वजनिक

काठमाडौं/ नेपालको प्रविधि क्षेत्रमा नयाँ मानक स्थापित गर्दै एआई कम्पनी 'टिडटिङ'ले संस्थागत सञ्चारलाई आधुनिक बनाउने उद्देश्यका साथ नेपालकै पहिलो एआई-नेटिभ कल सेन्टर सोलुसन 'टिडटिङ कनेक्ट' सार्वजनिक गरेको छ।

दशकौंदेखि महँगो लाइसेन्स शुल्क र सीमित सिट क्षमतामा बाँधिएको परम्परागत कल सेन्टर उद्योगलाई विस्थापित गर्ने लक्ष्य राख्दै कम्पनीले यो अत्याधुनिक सेवा शून्य लागतमा उपलब्ध गराउने घोषणा गरेको छ। यो पहललाई नेपालको कर्पोरेट क्षेत्रमा डिजिटल रूपान्तरणको एउटा ऐतिहासिक खुड्किलोका रूपमा हेरिएको छ। पुराना प्रणालीमा एआईका केही सुविधा मात्र थप गर्ने (प्लग इन) चलन भइरहेका वेला टिडटिङले एआईलाई नै आधारभूत संरचना बनाएर यो प्रणाली विकास गरेको हो। यस प्रणालीले हरेक संवादलाई स्वचालित रूपमा रेकर्ड गर्ने, वास्तविक समयमा ट्रान्सक्राइब गर्ने र तत्कालै ग्राहकको भावना विश्लेषण गर्ने कम्पनीले जनाएको छ। परम्परागत प्रणालीमा केवल दुई प्रतिशत कलको मात्र म्यानुअल गुणस्तर जाँच हुने गरेकोमा 'टिडटिङ कनेक्ट'ले शतप्रतिशत कुराकानीको विश्लेषण गरी कार्यसम्पादनमा पूर्ण स्पष्टता प्रदान गर्ने दाबी कम्पनीले गरेको छ।

यस प्रविधिको अर्को मुख्य आकर्षण 'द बक्स' नामक विशेष हार्डवेयर युनिट हो। यो हार्डवेयरको प्रयोगले कम्पनीका सम्पूर्ण संवाद र डेटा आफ्नै नेटवर्कभित्र सुरक्षित रहनेछन्, जसले बैंक तथा सरकारी निकायका लागि 'सभरेन एआई'को सुनिश्चितता प्रदान गर्छ। परम्परागत प्लाटफर्मले प्रतिकर्मचारी शुल्क लिने अभ्यासलाई तोड्दै टिडटिङ कनेक्टले अनलिमिटेड एक्सटेन्सनको सुविधा ल्याएको छ। साथै, कम्पनीको आफ्नै 'रिरी' इन्जिनमार्फत भ्वाइस, टेक्स्ट र एआई एजेन्टलाई एउटै प्रणालीमा एकीकृत गरिएको छ।

किन तीव्र उतारचढाव भइरहेको छ सुनको मूल्य ?

आर्थिक तथा भूराजनीतिक अनिश्चितताका कारण लगानीकर्ता सुरक्षित सम्पत्तिका रूपमा सुनतर्फ आकर्षित भएपछि ऐतिहासिक मूल्यमा कारोबार हुँदै

नयाँ पत्रिका

विश्वव्यापी रूपमा सुनचाँदीको मूल्यमा उतारचढाव आइरहेको छ। र, यसको प्रत्यक्ष प्रभाव नेपालमा परिरहेको छ। अन्तर्राष्ट्रिय बजारका कारण नेपाली बजारमा चालू आवको सात महिनामा मात्रै सुनको मूल्य तोलामा एक लाख २५ हजार तीन सय रुपैयाँ बढेको छ। १ साउनमा एक लाख ९२ हजार तीन सय रुपैयाँ रहेको सुनको भाउ २० फागुनमा तीन लाख १७ हजार ६ सय रुपैयाँ निर्धारण भएको छ। यो भनेको ६० प्रतिशतको वृद्धिदर हो। १ साउनमा दुई हजार दुई सय ६५ रुपैयाँ रहेको चाँदी बुधबार प्रतितोला पाँच हजार पाँच सय ४० रुपैयाँ निर्धारण भएको सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। चाँदीको भाउ पनि यो अवधिमा ५९.११ प्रतिशतले बढेको छ।



सुनचाँदीको मूल्य बढ्नुमा भूराजनीतिक तनाव, आर्थिक अनिश्चितता, अमेरिकामा मन्दीको भय, इटिएफमा बढ्दो लगानी र सुनको भण्डारण प्रमुख कारण रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। विश्लेषकका अनुसार आगामी दिनमा सुनको मूल्य अझै बढ्ने देखिन्छ। जेपी मोर्गनले गत वर्ष एक प्रतिवेदनमार्फत सन् २०२७ मा सुनको मूल्य प्रतिऔंस ५,२४५ डलर पुग्ने प्रक्षेपण गरेको थियो। तर, २०२६ को मार्च ४ मै यो प्रतिऔंस ५,१८० डलर पुगेको छ। सुनको मूल्य सन् २०२७ मा बढेर प्रतिऔंस ५,२४५ डलर पुग्ने प्रक्षेपण गरिएको छ।

भूराजनीतिक तनाव

अहिले अमेरिका-चीन व्यापार युद्ध तीव्र बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिन पिङले एक-अर्कालाई चुनौती दिँदै आयात-निर्यात गर्ने वस्तुमा चर्को भन्सार शुल्क लगाएका छन्। अमेरिकी वस्तुमा १२५ प्रतिशत र चिनियाँ निर्यातमा १४५ प्रतिशतसम्म भन्सार शुल्क लगाइएको छ। यसले गर्दा सुनचाँदीको मात्रै होइन, अन्य वस्तुको मूल्य पनि बढाएको देखिन्छ। त्यसमाथि मध्यपूर्वदेखि युरोपसम्म फैलिएका भूराजनीतिक तनावले पनि विश्व अर्थतन्त्रमा अनिश्चिताको बादल मडारिएको छ।

रुस-युक्रेन युद्धले अमेरिका-चीन तनाव, विश्वव्यापी मन्दी, आर्थिक अस्थिरतालगायतका कारण ठूला लगानीकर्ताले सुनमा लगानी बढाएका छन्। सुरक्षित सम्पत्तिका रूपमा सुनको भण्डारण बढिरहेको छ। रोयटर्समा प्रकाशित एक समाचारका अनुसार लगातार आर्थिक तथा भूराजनीतिक अनिश्चितताका कारण लगानीकर्ता सुरक्षित सम्पत्तिका रूपमा सुनतर्फ आकर्षित भएपछि ऐतिहासिक मूल्यमा कारोबार हुन थालेको छ।

विश्वव्यापी आर्थिक मन्दीको भय

अमेरिकामा सम्भावित आर्थिक मन्दीको डरले पनि सुनको मूल्य बढाउन सहयोग पुगिरहेको छ। गोल्डम्यान स्याक्सले लगातारको आर्थिक अस्थिरता र व्यापारिक दबाबलाई कारण देखाउँदै एक वर्षभित्र अमेरिकामा मन्दी हुने सम्भावना ४५ प्रतिशत पुग्ने अनुमान गरेको छ। एक समाचारअनुसार अमेरिकी ट्रेजरी बन्डको बिक्री बढ्नुले सरकारी ऋणपत्रसमेत सुरक्षित सम्पत्तिका रूपमा आकर्षण गुमाउँदै गएको छ। बन्डको वार्षिक प्रतिफल बढेसँगै लगानीकर्ता सुनतर्फ आकर्षित भएका छन्, जसले माग र मूल्य दुवै बढाएको छ।

एक्सचेन्ज ट्रेडेड फन्डमा बढ्दो लगानी

भूराजनीतिक तनाव र सुनको मूल्य वृद्धिसँग लगानीकर्ता इटिएफतर्फ आकर्षित हुन थालेका छन्। इक्रा एनालिटिक्सको प्रतिवेदनअनुसार सन् २०२५ को फेब्रुअरीमा इटिएफ लगानी वार्षिक ९८.५४ प्रतिशतले बढेको छ। इटिएफ सेयर बजारमा साधारण सेयरजस्तै सजिलै खरिद-बिक्री गर्न सकिने लगानी फन्ड हो।

शक्तिशाली देशबिच सुन भण्डारणको प्रतिस्पर्धा

डलरको अस्थिरताबिच विशेष गरी एसियाली देशका धेरै केन्द्रीय बैंकहरूले सुनको भण्डारण निरन्तर बढाइरहेका छन्। वर्ल्ड गोल्ड काउन्सिल (डब्ल्युजिसी)का अनुसार सन् २०२४ मा केन्द्रीय बैंकहरूले एक हजार टनभन्दा बढी सुन खरिद गरेका थिए। डब्ल्युजिसीको गोल्ड डिमान्ड ट्रेन्ड प्रतिवेदनअनुसार गत वर्ष केन्द्रीय बैंकहरूले एक हजार ३७ टन सुन खरिद गरेका थिए। यसरी एकपछि अर्को वर्षमा सुन भण्डारण गर्ने प्रवृत्तिले पनि सुनको मूल्य बढेको हो। अमेरिकी डलरमाथिको परनिर्भरता घटाउने, वित्तीय स्थिरता बलियो बनाउने र बढ्दो भूराजनीतिक तथा आर्थिक अनिश्चितताबाट सुरक्षा खोज्ने रणनीति परिवर्तन नै सुनचाँदीको मूल्य बढाउनु प्रमुख कारण मानिएको छ।

एजेन्सीको सहयोगमा

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार २१ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप- २०२६

दक्षिण अफ्रिकालाई हराउँदै न्युजिल्यान्ड फाइनलमा



एजेन्सी

न्युजिल्यान्ड १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। न्युजिल्यान्डले बुधबार राति पहिलो सेमिफाइनलमा अपराजित रहेको दक्षिण अफ्रिकामाथि नौ विकेटको सानदार जित निकाली उपाधिनजिक पुगेको हो। अब न्युजिल्यान्डले बिहीबार भारत र इंग्ल्यान्डबिचको विजेताविरुद्ध आगामी आइतबार उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ।

कोलकाताको इडन गार्डेनको मैदानमा पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले २० ओभरमा आठ विकेट गुमाएर एक सय ६८ रन बनाएको थियो। प्रत्युत्तरमा न्युजिल्यान्डले १२.५ ओभरमा एक विकेट मात्र गुमाएर जित निकाल्यो। न्युजिल्यान्डको जितमा फिन एलानले कीर्तिमानी नटआउट शतकीय योगदान दिए। उनले ३३ बलमा १० चौका र आठ छक्का प्रहार गरी सय रन बनाएका हुन्। उनी विश्वकपमा सबैभन्दा छिटो शतक लगाउने खेलाडी बने।

सन् २०१६ मा वेस्ट इन्डिजका क्रिस गेलले ४७ बलमा सय रन बनाएका थिए। फिनले टिम सेफर्टसँग पहिलो विकेटका लागि ५५ बलमा एक सय १७ रनको साझेदारी गरेका थिए। राचिन रविन्द्रासँग फिनले दोस्रो विकेटका लागि २२ बलमा ५६ रनको साझेदारी गरे।

न्युजिल्यान्डका बलर हाबी

पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाविरुद्ध न्युजिल्यान्डका बलर हाबी भएका थिए। न्युजिल्यान्डका फास्ट तथा स्पिनरले इनिङ्सको पहिलोदेखि अन्तिम ओभरसम्म विपक्षी ब्याट्समान्यलाई खुलेर प्रतिस्पर्धा गर्न दिएनन्। जसका कारण नै बलियो ब्याटिङ लाइनअप भएको दक्षिण अफ्रिकाले पहिलोपटक पावर प्ले तथा मध्यओभरमा कमजोर प्रदर्शन गऱ्यो।

न्युजिल्यान्डका म्याट हेनरीले चार ओभरमा ३४ रन खर्चेर दुई विकेट लिए। दक्षिण अफ्रिकाविरुद्ध काले म्याककोची सबैभन्दा घातक देखिएका थिए। उनले १ ओभरमा नौ रन दिएर दुई विकेट हात पारे। स्पिनर रचिन रविन्द्राले २८ रन खर्चिँदै दुई विकेट लिए। दक्षिण अफ्रिकाको ब्याटिङमा मार्कोस जान्सेनले अर्धशतकीय इनिङ्सको योगदान दिएका थिए। ब्याटिङ इनिङ्सको अन्तिमसम्म नटआउट रहेका उनले ३० बलमा पाँच छक्का र दुई चौका प्रहार गरी ५५ रन जोडे।

दक्षिण अफ्रिका एक समय ७७-५ को कमजोर अवस्थामा थियो। ट्रिस्टन र मार्कोसले छैटौँ विकेटका लागि ७२ रनको साझेदारी गर्दै टोलीलाई १५०-६ को सुदृढ अवस्थामा राखे। ट्रिस्टनले २४ बलमा २९ रन बनाए। डेवाल्ड वेभिसले २७ बलमा ३४ रन बनाए। उनले तीन चौका र दुई छक्का प्रहार गरे।

भारत र इंग्ल्यान्ड आज सेमिफाइनलमा भिड्दै



साबिक विजेता भारतले बिहीबार दोस्रो सेमिफाइनलमा बलियो प्रतिद्वन्द्वी इंग्ल्यान्डको सामना गर्दै छ। मुम्बईको वानखेडे रंगशालामा हुने यस खेलको विजेता फाइनलमा पुग्नेछ। इंग्ल्यान्ड र भारतबिच लगातार तेस्रोपटक आइसिसी टी-२० विश्वकपको सेमिफाइनलमा भिडन्त हुन लागेको हो। सन् २०२२ मा भएको सेमिफाइनलमा इंग्ल्यान्डले भारतलाई १० विकेटले हरायो। इंग्ल्यान्डले पाकिस्तानलाई पाँच विकेटले पछि पार्दै उपाधि उचालेको थियो।

सन् २०२४ मा भएको फाइनल खेलमा भारतले दक्षिण अफ्रिकालाई हराउँदै उपाधि जितेको थियो। यसअघि सेमिफाइनलमा भारतले इंग्ल्यान्डलाई ६८ रनले हराएको थियो। समग्रमा आइसिसीले आयोजना गर्ने क्रिकेट प्रतियोगितामा यी दुईबिच पाँचौँपटक सेमिफाइनल खेल हुन लागेको छ। अहिलेसम्म इंग्ल्यान्ड र भारतले समान दुई खेलमा जित निकालेका छन्। इंग्ल्यान्ड र भारतबिचको समीकरण गज्जबको छ। सेमिफाइनलमा जसले जित निकाल्छ, सोही टोलीले उपाधि जित्ने गरेको इतिहास देखिन्छ। चालू विश्वकपको सेमिफाइनलमा स्थान बनाउन आयोजक भारतले अन्तिम खेलसम्म नतिजा कुर्नुपरेको थियो। सुपर ८ को समूह '१' को अन्तिम खेलमा वेस्ट इन्डिजलाई हराउँदै भारतले सेमिफाइनल स्थान पक्का गरेको थियो। समूह '२' इंग्ल्यान्डले शतप्रतिशत नतिजा निकाली अन्तिम चार स्थान पक्का गऱ्यो। सूर्यकुमार यादवको कप्तानीमा रहेको भारतका जसप्रित बुमराह, सन्जु सामसन, हार्दिक पाड्या र तिलक वर्माले गतिलो प्रदर्शन गरिरहेका छन्।

इंग्ल्यान्डका लागि ह्यारी ब्रुकले सुपर ८ मा उत्कृष्ट खेल देखाए। उनले पाकिस्तानसँगको निर्णायक खेलमा शतकीय इनिङ्स खेल्दै जित दिलाएका थिए। इंग्ल्यान्डको मुख्य समस्या जोस बटलर उच्च फर्ममा छैनन्। यद्यपि, चिरपरिचित प्रतिद्वन्द्वी भारतविरुद्ध भने उनी चम्कन सक्छन्।

आजको खेल

भारत — राति ७:१५ बजे — इंग्ल्यान्ड

नेपालमा हुने लिग-२ सिरिज स्थगित

क्यानले मध्यपूर्वी एसियाको स्थिति मध्यनजर गरी विश्वकप लिग-२ का खेल अर्को सूचना जारी नभएसम्म स्थगित गरेको छ

ICC MEN'S CWC LEAGUE 2

नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, ओमन र युएईबिचको सिरिज स्थगित भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले मध्यपूर्वी एसियाको तनावपूर्ण स्थितिको मध्यनजर गरी विश्वकप लिग-२ का खेल अर्को सूचना जारी नभएसम्म स्थगित गरिएको जनाएको छ। आइसिसीको कार्यक्रमअनुसार लिग-२ आगामी सातादेखि काठमाडौंको त्रिवि क्रिकेट मैदानमा हुने तय थियो। अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण मध्यपूर्वी एसिया क्षेत्र अहिले निकै तनावग्रस्त अवस्थामा छ।

युएई र ओमान खाडी क्षेत्रकै अन्तर्राष्ट्रिय उडान रुटबाटै नेपाल आउनुपर्ने थियो। सुरक्षाका कारण अहिले त्यस क्षेत्रका लगभग सबै अन्तर्राष्ट्रिय हवाई सेवा बन्द छन्। 'युएई र नेपाल दुवै टोली मध्यपूर्वका देश भएकाले हालको परिस्थितिका कारण सो क्षेत्रमा उडान नभएकाले सिरिज स्थगित भएको हो,' क्यानका प्रवक्ता छुक्बी लामाले भने, 'सोही कारण युएई र ओमानको क्रिकेट टोली नेपाल आउनेबारे पछिल्लो समय अन्योलता देखिएको थियो।'

त्रिवि मैदानमा २६ फागुनदेखि ६ चैतसम्म सिरिज हुनुपर्ने थियो। अब क्यानले आइसिसीसँग समन्वयन र मध्यपूर्वी एसियाको अवस्थाअनुसार नयाँ तालिका निकाल्नेछ। 'अवस्था निकै गम्भीर छ। विशवकप लिग-२ का खेल थप सूचना नआएसम्मका लागि स्थगित भएको छ,' लामाले भने, 'सिरिजअन्तर्गत सम्बन्धित खेल प्रभावित छन्। आगामी दिनमा थप परामर्शपछि नयाँ मिति घोषणा गरिनेछ।'

सिरिजमा सहभागी हुन युएई र ओमानका टोली शुक्रबार (भोलि)सम्म नेपाल आइपुग्ने तालिका थियो। सिरिजका लागि नेपालको २० सदस्यीय प्रारम्भिक टोली घोषणा गरिएको थियो। घोषित खेलाडी सिरिजका लागि बन्द प्रशिक्षणमा छन्।

अंकतालिकामा नेपाल र युएई कमजोर

विश्वकप लिग-२ को अंकतालिकामा नेपाल र युएईको अवस्था कमजोर छ। आगामी खेलमा जित निकाल्न नसक्दा उनीहरूको एकदिवसीय मान्यता रक्षा गर्न मुस्किल छ। अंकतालिकामा युएई सबैभन्दा पुछारमा छ। युएईले अहिलेसम्म २० खेलमा पाँच जितका १० अंक जोडेको छ। नेपाल सातौँ स्थानमा छ। नेपालले २० खेलमा पाँच जित र १३ हार सामना गरी १२ अंक बटुलेको छ। भारत र श्रीलंकामा चलिरहेको टी-२० विश्वकपमा समूह चरणका सबै खेल गुमाएको ओमान २४ अंकका साथ लिग-२ को चौथो स्थानमा छ। ओमानले २० खेलमा ११ जित र सात हार निकाली २४ अंक जोडेको छ। लिग-२ मा अमेरिकाले सर्वाधिक ३६ अंक जोडेको छ। अमेरिका शीर्ष स्थानमा रहँदा स्कटल्यान्ड ३० अंकका साथ दोस्रो स्थानमा छ। अमेरिकाले सबैभन्दा बढी १८ जित निकालेको छ। स्कटल्यान्डले १३ जित हात पारेको छ। युरोपियन राष्ट्र नेदरल्यान्ड्सले १३ जितका साथ २८ अंक बटुलेको छ। नेदरल्यान्ड्स तेस्रो स्थानमा छ।

दीपेन्द्रको वरीयता यथावत्

नेपाली राष्ट्रिय क्रिकेट टोलीका दीपेन्द्रसिंह ऐरी आइसिसी टी-२० आई अलराउन्डर वरीयतामा लगातार दोस्रो साता चौथो स्थानमा यथावत् रहेका छन्। दीपेन्द्रले टी-२० विश्वकपमा नेपालका लागि सर्वाधिक एक सय ६९ रन र बलिङमा दुई विकेट लिएका थिए। विश्वकपको समूह चरण खेल समाप्त भएलगत्तै आइसिसीले नयाँ वरीयता सार्वजनिक गरेको थियो। त्यसवेला दीपेन्द्रले स्थान सुधार गरी चौथो स्थान रक्षा गरेका थिए।



टी-२० आई अलराउन्डर वरीयताको शीर्ष स्थानमा जिम्बाबेका सिकन्दर राजा छन्। दीपेन्द्रले टी-२० विश्वकपमा नेपालका लागि सर्वाधिक (१६९) रन बनाए। सोही प्रदर्शनबाट दीपेन्द्रको रेटिङ अंक बढेर २४४ पुगेको थियो। लगातार दुई साता उनले यसै अंकका साथ चौथो स्थान रक्षा गरेका हुन्। भारतका हार्दिक पान्ड्या दोस्रोमा उक्लँदा पाकिस्तानका सायम अयुब तेस्रोमा झरेका छन्। पाँचौंमा अफगानिस्तानका अजमतुल्लाह छन्।

राष्ट्रपति ट्रम्प भन्छन्-

इरानले विश्वकप खेलोस् वा नखेलोस् मतलब छैन



एजेन्सी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिफा विश्वकप फुटबल २०२६ मा इरानको सहभागितालाई लिएर व्यक्तिगत धारणा सार्वजनिक गरेका छन्। उनले आगामी जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गर्ने विश्वकपमा इरानको सहभागिताबारे आफूलाई कुनै चासो नभएको बताएका छन्। 'इरानले विश्वकप खेल्ने कुरामा मलाई साँच्चै कुनै चासो छैन। इरान एउटा नराम्ररी पराजित भइसकेको देश हो। अहिले इरान निकै कमजोर अवस्थामा छ,' पोलिटीको पत्रिकासँग ट्रम्पले भने, 'आई डन्ट केयर इरान।'

अहिले अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरिरहेका छन्। इरानले पनि त्यसको प्रतिशोध लिन खाडी देशमाथि मिसाइल आक्रामण गरेको छ। अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण अहिले मध्यपूर्वी एसिया निकै तनावग्रस्त अवस्थामा छ। विश्वकप आगामी ११ जुनदेखि १९ जुलाईसम्म हुँदै छ। इरान लगातार चौथोपटक विश्वकपका लागि छनोट भएको हो। गत डिसेम्बरमा फिफाले निकालेको 'ड्र'अनुसार इरान समूह 'जी'मा छ। इरानले खेलतालिकाअनुसार समूहका तीनै खेल अमेरिकामा खेल्दै छ। एन्जलसमा न्युजिल्यान्ड र बेल्जियमसँग इरानको खेल छ। त्यसपछि इरानले सियाटलमा इजिप्टको सामना गर्ने खेलतालिका छ। यसअघि इरानी फुटबल महासंघले अमेरिकामा हुने विश्वकपमा आफूहरूको सहभागिता अनिश्चित भएको बताएका थिए। यद्यपि, फिफाका महासचिवले भने इरानलाई विश्वकपमा सहभागी गराउने प्रयास हुने जनाए। तर, मध्यपूर्वी एसियामा दिन-प्रतिदिन उत्पन्न तनावपछि इरान र अमेरिकाबिचको सम्बन्ध बिग्रिएको छ।

राष्ट्रपति ट्रम्पको पछिल्लो भनाइले अवस्था थप जटिलतातर्फ धकेलिएको छ। 'मलाई वास्तवमै मतलब छैनु, यतिवेला इरान निकै कमजोर छ। उनीहरू साँच्चै थाकेको अवस्थामा छन्,' ट्रम्पले भने। यद्यपि, गत वर्ष अमेरिकाले इरानका तीनवटा आणविक केन्द्रमा बमबारी गर्दा पनि इरानले विश्वकपबाट नाम फिर्ता लिएको थिएन। गत साता अमेरिकाको आक्रमणमा इरानी सर्वोच्च नेता मारिएका थिए। त्यसको प्रतिशोध लिन इरान खाडी क्षेत्रमा थप आक्रामक बनेको हो।

खेलकुद मन्त्रालयको निर्णय अन्तिम

इरानले आगामी विश्वकपमा भाग लिने वा नलिने सम्बन्धमा उनीहरूको खेलकुद मन्त्रालयले अन्तिम निर्णय लिनेछ। अहिलेको गम्भीर परिस्थितिको बारेमा अन्तिम निर्णय खेलकुदमन्त्रीले लिने इरानी फुटबल संघका प्रमुख मेहदी ताजले बताए। 'अहिलेको अवस्थामा विश्वकप खेल्ने आफूहरूको अपेक्षाभन्दा टाढा छ, तर इरानको खेलकुद मन्त्रालयले यसबारे अन्तिम निर्णय लिनेछ,' ताजले भने, 'मन्त्रालयको निर्णयअनुसार हामी अगाडि बढ्छौं।'

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका महासचिव म्याथियास ग्राफस्ट्रोमले सबैको सहभागितामा सुरक्षित विश्वकप आयोजना गर्नु नै आफूहरूको मुख्य ध्यान रहेको बताए। खेलकुद मन्त्रालयले अहिलेसम्म कुनै आधिकारिक जानकारी दिएको छैन। फिफाका महासचिव माटिएस पनि इरानको अन्तिम निर्णयको प्रतीक्षा गरिरहेको बताए। इरानले विश्वकप बहिष्कार गर्दा छनोट चरणमा दोस्रो स्थानमा रहेको युएईले मौका पाउनेछ।


१२ राष्ट्रका नागरिक अमेरिका छिर्न नपाउने

राष्ट्रपति ट्रम्पले देशको सुरक्षा जनाउँदै विभिन्न १२ राष्ट्रका नागरिकलाई भिसा नदिने घोषणा गरेका छन्। जसमा इरान पनि रहेको छ। गत डिसेम्बरमा विश्वकपको 'ड्र' निकालिँदा इरानले भिसा प्रक्रिया अगाडि बढाएको थियो। तर, राष्ट्रपति ट्रम्पको घोषणाले इरानी खेलाडीको भिसा प्रक्रिया सुरुवातमै रद्द भयो। विश्व फुटबलको सर्वोच्च निकाय फिफाले इरानी खेलाडीको भिसा प्रक्रिया सहज बनाउन अमेरिकी पदाधिकारीसँग वार्ता गरिरहेको छ।

इरानले विश्वकप खेल्न भिसा पाउँदा पनि उनीहरूको खेलमा धेरै सुरक्षा घेरा राखिनेछ। सन् २०२२ को कतार विश्वकपमा इरान र अमेरिकाबिचको खेल हुँदा आयोजक र फिफाले सुरक्षा व्यवस्थामा कडाइ गरेको थियो। चार वर्षअघिको विश्वकपमा इरानको प्रत्येक खेलमा सुरक्षा व्यवस्था थप गर्दा आयोजक कतारले आर्थिक भार बहन गरेको थियो।

मानव अधिकारकर्मी निक म्याग्राहमले विश्वकपमा इरान र अमेरिकाबिचको सम्बन्धले फरक गर्ने बताए। 'हामी दुई राष्ट्रबिचको सम्बन्धभन्दा पनि खेलाडी स्वतन्त्र हुनुपर्ने माग राख्छौं,' निकले भने, 'खेलाडीको सहयोगमा राजनीति गर्नु राम्रो होइन।' अमेरिकाका लागि मध्यपूर्वी एसिया तथा उत्तर अफ्रिका हेर्ने निर्देशक डा. सनमम भाकीले तेहरानमा बढ्दो आक्रमणले दुई राष्ट्रबिचको दूरी धेरै बढेको दाबी गरे। 'पछिल्लो विश्लेषणअनुसार इरानले अमेरिकासँग प्रतिशोध लिने तयारीमा छ। यस्तोमा उनीहरू फुटबलमा सहभागिता नहुने लगभग निश्चित छ,' फिफाका महासचिव ग्राफ्ट्रोमले भने, 'विश्वकपमा सबै राष्ट्र सहभागी होऊन् भन्ने हो।'

१३ वर्षपछि एट्लेटिको म्याड्रिड फाइनलमा



एजेन्सी

एट्लेटिको म्याड्रिडले साबिक विजेता बार्सिलोनालाई समग्रमा ४-३ ले हराउँदै कोपा डेल फुटबल प्रतियोगिताको फाइनल स्थान सुरक्षित गरेको छ। डिएगो सिमोनीको प्रशिक्षणमा रहेको म्याड्रिड १३ वर्षपछि कोपा डेलको उपाधि भिडन्तमा पुगेको हो। म्याड्रिडले सेमिफाइनलको पहिलो लेगमा निकालेको ४-० को जित नै फाइनल स्थानको मुख्य आधार बन्यो। मंगलबार राति दोस्रो लेगमा म्याड्रिडलाई ३-० ले हराए पनि गोलअन्तरमा बार्सिलोना सेमिफाइनलबाट बाहिरियो। यसअघि म्याड्रिडले सन् २०१२-१३ को सिजनमा १०औँ कोपा डेल उपाधि जितेको थियो।

म्याड्रिडले त्यसपछि फाइनल स्थान बनाउन १३ वर्ष प्रतीक्षा गऱ्यो। अर्को सेमिफाइनलमा रियल सोसिडाड र एथ्लेटिक बिल्बाओबिच हुनेछ। पहिलो लेगमा सोसिडाडले एथ्लेटिकको घरेलु मैदानमा १-० को जित निकालेको थियो। कोपा डेलको फाइनल अप्रिलमा सेभिल्लाको मैदानमा हुनेछ। बार्सिलोनाले म्याड्रिडविरुद्ध दोस्रो सेमिफाइनल लेगमा उत्कृष्ट प्रदर्शन गरेको थियो। तर, जितको गोलअन्तर पर्याप्त रहेन।

खेलको २९औँ मिनेटमा मार्क बेर्नालले बार्सिलोनालाई १-० को अग्रता दिलाए। पहिलो हाफको इन्जुरीमा राफिन्हाले पेनाल्टीमा गोल गर्दै बार्सिलोनालाई २-० को स्थितिमा राखे। बेर्नालले ७२औँ मिनेटमा व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल बार्सिलोनालाई ३-० अवस्थामा राखी म्याड्रिडमाथि दबाब बनाए। तर, बार्सिलोनाले थप गोल गर्न नसक्दा प्रतियोगिताको सेमिफाइनलबाट बाहिरिन पुग्यो। फाइनल पुग्नका लागि बार्सिलोनालाई खेलमा कम्तीमा पाँच गोलको आवश्यकता थियो।

बार्सिलोनाको चुस्त आक्रमण

बार्सिलोनाले म्याड्रिडविरुद्ध लगातार आक्रमण गरी दबाब दिएको थियो। खेलको अन्तिम समयसम्म पनि बार्सिलोना खेलमा हाबी नै थियो। तर, खेलको ७२औँ मिनेटमा बेर्नालको गोलपछि म्याड्रिडले डिफेन्स लाइन अति नै बलियो बनाएको थियो। जसका कारण बार्सिलोनाले त्यसपछि गोल गर्न सकेन। बार्सिलोनाका खेलाडीलाई म्याड्रिडले मार्किङ गरी प्रतिस्पर्धा गरेको थियो। म्याड्रिडले मजबुत रक्षापंक्तिको सहयोगमा पहिलो लेगको अग्रता जोगायो।

'४-० को हार उल्ट्याउन सजिलो थिएन,' बार्सिलोनाका राफिन्हाले भने, 'हामीलाई दोस्रो खेल बराबरी हुने विश्वास थियो, तर अन्तिम समयमा गोल गर्न सकेनौं।' उनले सुरुदेखि नै सबै शक्ति लगाएको बताए। 'प्रतिस्पर्धाको पहिलो मिनेटदेखि नै गोल गर्ने योजना थियो र फाइनल पुग्न चाहन्थ्यौं,' राफिन्होले भने, 'म्याड्रिडविरुद्धको खेल हेर्दा हामी जितका लागि त्यसका हकदार थियौंजस्तो लाग्छ, अन्तिम नतिजासँगै हामी सबै निराश भयौं।'

एट्लेटिको म्याड्रिडका गोलरक्षक जुआन मुस्सोले बार्सिलोनालाई दोस्रो लेगमा रोक्न कठिन भएको बताए। 'हाम्रो उत्कृष्ट खेल थिएन, तर यो १८० मिनेटको खेल जस्तै भयो,' जुआनले भने, 'उनीहरूका पक्षमा धेरै कुरा गइरहेका थिए, तर हामीले सहनुपर्ने वेला सह्यौं।'

लिभरपुलमाथि उल्भ्सको सनसनीपूर्ण जित



लन्डन/ इंग्लिस प्रिमियर लिगको पुछारमा रहेको उल्भ्स ह्याम्प्टनले मंगलबार साबिक विजेता च्याम्पियन लिभरपुललाई २-१ ले हराउँदै सनसनीपूर्ण जित दर्ता गरेको छ। ब्राजिली मिडफिल्डर आन्द्रेले इन्जुरी समयको चौथो मिनेटमा गरेको डिफ्लेक्ट गोल नै उल्भ्सको जितमा निर्णायक बन्यो। लिभरपुलको अर्को सिजन च्याम्पियन्स लिगमा स्थान सुरक्षित गर्ने आशामा ठुलो धक्का लागेको छ। उल्भ्सका प्रशिक्षक रोब एड्वर्डस् आन्द्रेको गोलपछि साइडलाइनतर्फ दौडिँदै खुसियाली मनाएका थिए। रेलिगेसनतर्फ उन्मुख उल्भ्सको जितमा सबै खेलाडीले खुसी मनाए। 'यो लिभरपुल फुटबल क्लब हो। हामी अहिले जुनसुकै स्थानमा भए पनि उनीहरूलाई हराउँदा त्यो क्षणको आनन्द लिनैपर्छ,' एड्वर्डस्ले भने। खेलको ७८औँ मिनेटमा रोड्रिगो गोमेसले उल्भ्सलाई अग्रता दिलाए।

खेलको ८३औँ मिनेटमा मोहमद सलाहले लिभरपुलका लागि बराबरी गरेका थिए। यससँगै सलाहले लिगमा १० खेलको गोलखडेरी तोडे। 'अविश्वसनीय अनुभव भयो। यो अद्भुत खेल र अद्भुत रात थियो,' गोमेसले भने। चालू सिजन लिभरपुलको लिगमा नवौं हार हो। शीर्ष चार टोलीले च्याम्पियन्स लिगका लागि सिधै स्थान पाउँछन्। लिभरपुलका प्रशिक्षक आर्ने स्लोटले अतिरिक्त समयमा सम्हालिन नसक्दा पराजित भएको बताए। 'हामी धेरै खेल हारिरहेका छौं। निरन्तर रूपमा अंक गुमाइरहेका छौं। पछिल्ला २२ खेलमध्ये हामीले हारेका तीनै खेल अतिरिक्त समयमा भएका छन्,' उनले भने। रेलिगेसन जोनमाथि रहन उल्भ्सलाई थप ११ अंक चाहिन्छ।

मुख्य स्ट्राइकर लेवान्डोस्की घाइते

एट्लेटिको म्याड्रिडविरुद्ध बार्सिलोनाले आफ्नो मुख्य स्ट्राइकर रोबर्ट लेवान्डोस्कीलाई मैदानमा उतार्न सकेन। पहिलो लेगमा चोट बोकेका कारण लेवान्डोस्की घाइते छन्। जसका कारण उनले दोस्रो लेग गुमाएका हुन्। खेलको १३औँ मिनेटमै बार्सिलोनाका डिफेन्डर जुल्स कुन्डे चोटका कारण बाहिरिएका थिए। उनको स्थानमा आलेहान्द्रो बाल्दे मैदानमा प्रवेश गरे। उनले मैदानमा राम्रो प्रदर्शन गर्न नसक्दा दोस्रो हाफमा परिवर्तन भए। गत वर्षको उपाधि भिडन्तमा बार्सिलोनाले रियल म्याड्रिडलाई हराएको थियो। बार्सिलोनाले यसपटक उपाधि जोगाउने लक्ष्य पूरा गर्न पाएन। अर्कोतिर स्पेनिस ला लिगमा बार्सिलोना शीर्ष स्थानमा छ। दोस्रो स्थानको रियल म्याड्रिडभन्दा चार अंकले बार्सिलोना अगाडि छ। एट्लेटिको म्याड्रिड तेस्रो स्थानमा छ। एटलेटिको म्याड्रिडमाथि बार्सिलोनाले १३ अंकको अग्रता लिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com